# राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय

आ.व. २०७८/७९ सम्मको प्रगति विवरण



नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं, नेपाल

# राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय

आ.व. २०७८/७९ सम्मको प्रगति विवरण

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा आ.व. २०७८/७९ सम्मको प्रगति

प्रतिलिपि अधिकार © राष्ट्रिय योजना आयोग

**प्रकाशक**
नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल
टेलिफोन नं: +९९७- १-४२११००४, ४२१११३२
www.npc.gov.np

# मन्तव्य

आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय दृष्टिले प्रभावकारी, रणनीतिक तथा राष्ट्रिय महत्वका विकास आयोजनाहरूलाई नेपाल सरकारबाट राष्ट्रिय गौरवका आयोजनाहरूको रूपमा घोषणा गरी कार्यान्वयनमा ल्याइएको छ । राष्ट्रिय गौरवका आयोजनाहरुलाई सरकारले बजेट र जनशक्तिको अभाव हुन नदिने व्यवस्था गर्नुका साथै कार्यान्वयन प्रक्रियालाई सरल बनाउँदै लगिएको छ ।

राष्ट्रिय गौरवका आयोजनाहरूलाई तोकिएको लागतमा तोकिएकै अवधि भित्र सम्पन्न गरी भौतिक विकासमार्फत् समृद्ध नेपालको आधारशिला निर्माण गर्ने ध्येय राखिएको छ । राष्ट्रिय योजना आयोगले राष्ट्रिय गौरवका, रुपान्तरणकारी, रणनीतिक महत्वका र प्राथमिकता प्राप्त आयोजनाहरुको तर्जुमा र सञ्चालनमा समन्वय र सहजीकरण गर्दै आएको छ ।

आ. व. २०६८/६९ मा १७ वटा आयोजनाहरुलाई राष्ट्रिय गौरवको सूचीमा समावेश गरिएको थियो । आ. व. २०७०/७१ मा चार, २०७५/७६ मा एक, २०७६/७७ मा एक र २०७७/७८ मा थप एक आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाको रुपमा घोषणा गरी हाल २४ वटा आयोजनाहरु राष्ट्रिय गौरवका आयोजनाको रुपमा कार्यान्वयनमा आएका छन् ।

राष्ट्रिय योजना आयोगले राष्ट्रिय गौरवका आयोजनाहरूको स्थलगत अनुगमन गर्दै आएको छ । त्यसैगरी राष्ट्रिय विकास समस्या समाधान समिति तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकहरूमा यी आयोजनाहरूले प्रगति समीक्षा गर्ने र कार्यान्वयनमा देखापरेका व्यवधानहरु समाधान गर्ने गरिंदै आएकोछ । राष्ट्रिय गौरवका आयोजनाहरूको विविध पक्षहरू बारेमा आम नागरिक एवम् सरोकारवालाहरूलाई सुसूचित गराउने र आन्तरिक सिकाई तथा निर्णय प्रक्रियामा सुधार ल्याउने उद्देश्यले यिनीहरूको अवस्थिति, उद्देश्य, समायावधि, लागत अनुमान, हालसम्मको प्रगतिको स्थिति, आयोजनाले कार्यान्वयनका क्रममा भोल्नु परेका समस्याहरू आदि विषयहरू समेटेर यो पुस्तिका प्रकाशन गरिएकोछ ।

अन्त्यमा, यो पुस्तिका तयार गर्ने कार्यमा संलग्न आयोगको अनुगमन तथा मूल्याङ्कन महाशाखाका कर्मचारीहरू, विषयगत मन्त्रालय तथा आवश्यक सूचनाहरू उपलब्ध गराउने सम्बन्धित आयोजना प्रमुख तथा कर्मचारीहरूलाई धन्यवाद छ ।

**राष्ट्रिय योजना आयोग**
मंसिर, २०७९

# विषय सूची


**परिच्छेद - एक**

**राष्ट्रिय गौरवका आयोजनाको परिचय** **१**

१.१ पृष्ठभूमि १

१.२ राष्ट्रिय गौरवका आयोजनाको अवधारणा २

१.३ राष्ट्रिय गौरवका आयोजनाका किसिम २

१.४ राष्ट्रिय गौरवका आयोजनाहरूको उद्धेश्य ३

**परिच्छेद - दुई**

**राष्ट्रिय गौरवका आयोजनाहरूको बजेट र प्रगतिको सारांश** **५**

२.१ आयोजनाहरूको निर्माण शुरू र सम्पन्न हुने मिति ५

२.२ आयोजनाहरूको कुल लागत ७

२.३ आयोजनाहरूको वार्षिक बजेट ९

२.४ आयोजनाहरूको वार्षिक भौतिक एवं वित्तीय प्रगति १०

२.५ आयोजनाहरूको हालसम्मको समष्टिगत प्रगति ११

**परिच्छेद तीन**

**राष्ट्रिय गौरवको आयोजनाहरूको आयोजनागत प्रगति विवरण** **१३**

३.१ सिक्टा सिँचाइ आयोजना १३

३.२ बबई सिँचाइ आयोजना १५

३.३ रानी जमरा कूलरिया सिँचाइ आयोजना १९

३.४ भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना २१

३.५ बुढीगण्डकी जलविद्युत आयोजना २७

३.६ महाकाली सिँचाइ आयोजना २९

३.७ सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना ३३

३.८ मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (विद्युत प्रसारण आयोजना) ३६

३.९ पश्चिम सेती जलविद्युत परियोजना ३८

३.१० गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना ३९

३.११ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना ४०

३.१२ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना ४३

३.१३ रेल, मेट्रो रेल तथा मोनोरेल विकास आयोजना (पूर्व पश्चिम विद्युतीय रेलमार्ग आयोजना) ४४
३.१४ हुलाकी राजमार्ग ४७
३.१५ पुष्पलाल मध्यपहाडी) लोकमार्ग आयोजना) ४८
३.१६ उत्तर दक्षिण (कोशी कोरिडोर) आयोजना ५०
३.१७ उत्तर दक्षिण (कालिगण्डकी कोरिडोर) आयोजना ५३
३.१८ उत्तर दक्षिण (कर्णाली कोरिडोर) आयोजना ५५
३.१९ काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग आयोजना ५७
३.२० मेलम्ची खानेपानी आयोजना ६१
३.२१ पशुपति क्षेत्र विकास कोष ६६
३.२२ लुम्बिनी विकास कोष ६७
३.२३ राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम ७१

**परिच्छेद - चार**
**राष्ट्रिय गौरवका आयोजनाहरूका कार्यप्रगतिको समीक्षा र साझा समस्या ७७**
४.१ राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यप्रगतिको समीक्षा ७७
४.२ राष्ट्रिय गौरवका आयोजनाहरूमा देखिएका साझा समस्याहरू ७८
४.३ आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरू ८०

अनुसूची १

## तालिका सूची


तालिका नं १.१: विषय/क्षेत्रका आधारमा राष्ट्रिय गौरवका आयोजनाको वर्गीकरण
तालिका नं १.२: मन्त्रालयगत आधारमा सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजना
तालिका नं. २.१: राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माण शुरू भएको र सम्पन्न हुने आ.व.
तालिका नं. २.२: राष्ट्रिय गौरवका आयोजनाहरूको कुल लागत (रू. करोडमा)
तालिका नं. २.३: आ.व. २०७५/७६ देखि आ.व. २०७८/७९ सम्म राष्ट्रिय गौरवका आयोजनाहरूको वार्षिक बजेट (रू. करोडमा )
तालिका नं. २.४: आ.व. २०७८/७९ सम्मको कुल खर्च र समष्टिगत भौतिक तथा वित्तीय प्रगति
तालिका नं. ३.१: आयोजनाको आगामी कार्ययोजना (सिक्टा सिँचाइ आयोजना)
तालिका नं. ३.२: आयोजनाको आगामी कार्ययोजना (बबई सिचाइ आयोजना)
तालिका नं. ३.३: आयोजनाको आगामी कार्ययोजना (रानी जमरा कूलरिया सिँचाइ आयोजना)
तालिका नं. ३.४: आयोजनाको आगामी कार्ययोजना (भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना)
तालिका नं. ३.५: आयोजनाको आगामी कार्ययोजना (बुढीगण्डकी जलविद्युत आयोजना)
तालिका नं. ३.६: आयोजनाको आगामी कार्ययोजना (महाकाली सिँचाइ आयोजना)
तालिका नं. ३.७: आयोजनाको आगामी कार्ययोजना (सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना)
तालिका नं. ३.८: आयोजनाको आगामी कार्ययोजना (पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना)
तालिका नं. ३.९: आयोजनाको आगामी कार्ययोजना(पूर्व पश्चिम विद्युतीय रेलमार्ग आयोजना)
तालिका नं. ३.१०: आयोजनाको आगामी कार्ययोजना (हुलाकी राजमार्ग)
तालिका नं. ३.११: आयोजनाको आगामी कार्ययोजना (पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना)
तालिका नं. ३.१२: आयोजनाको आगामी कार्ययोजना (उत्तर दक्षिण (कोशी कोरिडोर) आयोजना)
तालिका नं. ३.१३: आयोजनाको आगामी कार्ययोजना (उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) आयोजना)
तालिका नं. ३.१४: आयोजनाको आगामी कार्ययोजना (उत्तर दक्षिण (कर्णाली कोरिडोर)आयोजना)
तालिका नं. ३.१५: आयोजनाको आगामी कार्ययोजना (मेलम्ची खानेपानी आयोजना)
तालिका नं. ३.१६: आयोजनाको आगामी कार्ययोजना (लुम्बिनी विकास कोष)


## अनुसूची


अनुसुची १: आ.व. २०७५/७६ देखि आ.व. २०७८/७९ सम्म राष्ट्रिय गौरवका आयोजनाहरूको वार्षिक भौतिक तथा वित्तीय प्रगति (प्रतिशतमा)

# ABBRIVIATIONS

| | |
|---|---|
| ADB | Asian Development Bank |
| BDA | Building Design Authority |
| BOOT | Build, Own, Operate and Transfer |
| DPR | Detailed Project Report |
| ECoCoDE | Engineering Consultancy for Constructive Development Efforts |
| ICAO | International Civil Aviation Organization |
| ICB | International Competitive Bidding |
| IDA | International Development Agency |
| IFB | Invitation for Bid |
| IRAD | Integrated Road Accident Database |
| JICA | Japan International Cooperation Agency |
| LMW | Land Mark Worldwide |
| LRP | Life Reconstruction Project |
| MGCE: | Mahatma Gandhi College of Engineering |
| NDF | National Development Fund |
| NEPECON | Nepal Engineering Consultancy |
| PQ | Pre-Qualification |
| RAP | Rehabilitation Action Plan |
| RCC | Reinforced Cement Concrete |
| SEIA | Supplementary Environmental Impact Assessment |
| TBM | Tunnel Boring Machine |
| UNESCO | United Nations Educational, Scientific and Cultural Organizations |

परिच्छेद - एक

# राष्ट्रिय गौरवका आयोजनाको परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकारले हालसम्म २४ वटा आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाका रुपमा वर्गीकरण गरी कार्यान्वयनमा ल्याएको छ । यी आयोजनाहरू कार्यान्वयनका विभिन्न चरणमा रहेका छन । राष्ट्रिय योजना आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि सम्बद्ध आयोजना तथा मन्त्रालयबाट प्राप्त विवररणका आधारमा राष्ट्रिय गौरवका आयोजनाहरूले हासिल गरेका भौतिक तथा वित्तीय प्रगति, मुख्य उपलब्धीहरू, विद्यमान समस्याहरू र समाधानका लागि भएका प्रयासहरू लगायतका विषयहरू समेटेर पुस्तिका प्रकाशन गर्दै आएको छ ।

राष्ट्रिय गौरवका आयोजनाको घोषणा नेपाल सरकार (मन्त्रिपरिषदको) निर्णयअनुसार गर्ने गरिएको छ । सर्वप्रथम, आ.व. २०६८/६९ मा १७ वटा आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजना घोषणा गरिएको थियो । त्यसपछि, २०७०/७१ मा चार, २०७५/७६ मा एक, २०७६/७७ मा एक र २०७७/७८ मा एक आयोजना थपिएसँगै राष्ट्रिय गौरवका आयोजनाको संख्या चौबिस पुगेको हो ।

राष्ट्रिय गौरवका आयोजनाहरूलाई स्रोत विनियोजनमा प्राथमिकता दिई स्रोतको अभाव हुन नदिन र कार्यान्वयनमा सघन अनुगमन गर्ने गरिएको छ । यी आयोजनाहरूको प्रगति र सामना गर्नुपरेका समस्याका सम्बन्धमा चौमासिक रुपमा प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने राष्ट्रिय विकास समस्या समाधान समिति, राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा बस्ने राष्ट्रिय विकास समस्या समाधान उपसमिति र मन्त्रीको अध्यक्षतामा बस्ने सम्बन्धित मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा छलफल गरी समस्या समाधान गर्ने गरिएको छ ।

यी आयोजनाहरूको कार्यान्वयनलाई नतिजामुखी बनाउन सम्बन्धित मन्त्रालय र सम्बद्ध आयोजना प्रमुखबीच कार्यसम्पादन करार गर्ने व्यवस्था समेत गरिएको छ । साथै, राष्ट्रिय योजना आयोगबाट यी आयोजनाहरूको कार्यान्वयनमा आवश्यक सहयोग, समन्वय एवं सहजीकरण गर्ने गरिएको छ ।

## १.२ राष्ट्रिय गौरवका आयोजनाको अवधारणा

राष्ट्रिय गौरवको आयोजना घोषणा गर्ने मापदण्ड हालसम्म तय नगरिएको भए पनि मूलतः देहायका आधारमा घोषणा गर्ने गरिएको छ ।

१. मुलुकको आर्थिक, सामाजिक रुपान्तरण गर्न सघाउ पुऱ्याउने रणनीतिक महत्वका आयोजनाहरू जस्तैः खानेपानी, रेलमार्ग, विमानस्थल, जलविद्युत, सिंचाई, वन तथा पर्यटन सम्बद्ध भौतिक पूर्वाधार ।

२. वित्तीय र प्राविधिक रुपमा चुनौतीपूर्ण ठूला आयोजनाहरू ।

३. सांस्कृतिक महत्वका आयोजना ।

## १.३ राष्ट्रिय गौरवका आयोजनाका किसिम

हाल कायम भएका चौबिसवटा राष्ट्रिय गौरवका आयोजनाहरूलाई विषय/क्षेत्रका आधारमा बर्गीकरण गरी तालिका न १.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं १.१: विषय/क्षेत्रका आधारमा राष्ट्रिय गौरवका आयोजनाको वर्गीकरण**

| विषय/ क्षेत्र | आयोजना संख्या |
|---|---|
| राजमार्ग | ६ |
| रेल वे | १ |
| सिँचाइ | ६ |
| जलविद्युत | ४ |
| विमानस्थल | ३ |
| धार्मिक तथा साँस्कृतिक सम्पदा | २ |
| खानेपानी | १ |
| वन क्षेत्र संरक्षण | १ |

त्यसैगरी मन्त्रालयगत आधारमा सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजनाहरू तालिका नं. १.२ मा समावेश गरिएको छ । सबैभन्दा बढी १० वटा राष्ट्रिय गौरवका आयोजनाहरू ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत सञ्चालित छन् ।

**तालिका नं १.२: मन्त्रालयगत आधारमा सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजना**

| मन्त्रालय | आयोजना संख्या |
|---|---|
| ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १० |
| भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ६ |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ५ |
| रक्षा मन्त्रालय | १ |
| खानेपानी मन्त्रालय | १ |
| वन तथा वातावरण मन्त्रालय | १ |

## १.४ राष्ट्रिय गौरवका आयोजनाहरूको उद्धेश्य

राष्ट्रिय गौरवका प्रत्येक आयोजनाहरूको आयोजनागत रुपमा विशिष्ट उद्धेश्यहरू रहेका छन् । राष्ट्रिय गौरवका आयोजनाहरूको उद्धेश्य समृद्ध नेपालको निर्माणमा योगदान दिने नै हो । यसबाहेक आयोजनाहरूको क्षेत्रगत रुपमा देहाय बमोजिम प्रमुख उद्धेश्य रहेको छः

- सिँचाइ सुविधामार्फत् कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने,
- यातायात पूर्वाधारको विकासमार्फत् सघन अन्तरआबद्धता बढाउने,
- उच्च क्षमताका, ठूला र जलायशयुक्त आयोजनाबाट जलविद्युत उत्पादन गरी ऊर्जाको स्वदेशी मागलाई पूर्ति गर्दै अन्तरदेशीय व्यापार गर्ने,
- साँस्कृतिक सम्पदालाई मुख्य पर्यटकीय गन्तव्यहरूको रुपमा विकास गर्ने,
- शुद्ध खानेपानीको आपूर्तिलाई सहज बनाउने,
- चुरे क्षेत्रको संरक्षणमार्फत् जलवायू परिवर्तनको असरलाई न्यूनीकरण गर्दै जैविक विविधताको व्यवस्थापन तथा पर्यावरणीय सन्तुलनमा टेवा पुऱ्याउने ।

परिच्छेद - दुई

# राष्ट्रिय गौरवका आयोजनाहरूको बजेट र प्रगतिको सारांश

यस परिच्छेदमा राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माण अवधि, उक्त आयोजनाहरूको सुरुको लागत तथा संशोधित लागत, विगत चार वर्षको वार्षिक विनियोजित बजेट र आ.व. २०७८/७९ सम्मको वित्तीय तथा भौतिक प्रगति र हाल सम्मको समष्टिगत वित्तीय तथा भौतिक प्रगति प्रस्तुत गरिएको छ ।

## २.१ आयोजनाहरूको निर्माण शुरू र सम्पन्न हुने मिति

राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माण शुरू भएको र सम्पन्न हुने वर्ष तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ । राष्ट्रिय गौरवका आयोजनाको नाममा बजेट विनियोजन हुन शुरू भएको आर्थिक वर्षलाई आयोजना शुरू भएको वर्ष मानिएको छ । पछिल्लो पटक स्वीकृत वा संशोधित खरीद गुरुयोजनामा निर्धारित मितिको आधारमा निर्माण कार्य सम्पन्न हुने आर्थिक वर्ष खुलाइएको छ ।

**तालिका नं. २.१: राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माण शुरू भएको र सम्पन्न हुने आ.व.**

| क्र.सं. | आयोजनाको नाम | निर्माण शुरू भएको आ.व. | निर्माण सम्पन्न हुने आ.व. |
|---|---|---|---|
| १ | सिक्टा सिँचाइ आयोजना | २०६१/६२ | २०८९/९० |
| २ | बबई सिँचाइ आयोजना | २०४५/४६ | २०८२/८३ |
| ३ | रानी जमरा कूलरिया सिँचाइ आयोजना | २०६७/६८ | २०८०/८१ |
| ४ | सुनकोशी मरिण डाइभर्सन बहुउद्धेश्यीय आयोजना | २०७३/७४ | २०८०/८१ |
| ५ | महाकाली सिँचाइ आयोजना | २०६३/६४ | २०८७/८८ |
| ६ | भेरी बबई डाइभर्सन बहुउद्धेश्यीय आयोजना | २०६८/६९ | २०७९/८० |
| ७ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | २०६७/६८ | सम्पन्न |
| ८ | बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना | २०६९/७० | २०८३/८४ |

| क्र.सं. | आयोजनाको नाम | निर्माण शुरू भएको आ.व. | निर्माण सम्पन्न हुने आ.व. |
|---|---|---|---|
| ९ | मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (विद्युत प्रसारण आयोजना) | २०६७/६८ | २०८४/८५ |
| १० | पश्चिम सेती जलविद्युत आयोजना | २०६७/६८ | यकिन नभएको |
| ११ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | २०७२/७३ | २०७८/७९* |
| १२ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | २०७४/७५ | २०७९/८० |
| १३ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | २०७१/७२ | २०८५/८६ |
| १४ | रेल, मेट्रो रेल तथा मोनोरेल विकास आयोजना (पूर्व-पश्चिम विद्युतीय रेलमार्ग) | २०६६/६७ | २०८६/८७** |
| १५ | हुलाकी लोकमार्ग आयोजना | २०६६/६७ | २०८०/८१ |
| १६ | पुष्पलाल मध्य पहाडी लोकमार्ग आयोजना | २०६४/६५ | २०७९/८० |
| १७ | उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग आयोजना | २०६५/६६ | २०८७/८८ |
| १८ | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग आयोजना | २०६६/६७ | २०७९/८० |
| १९ | उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्ग आयोजना | २०६५/६६ | २०८४/८५ |
| २० | काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग आयोजना | २०७३/७४ | २०८०/८१ |
| २१ | मेलम्ची खानेपानी आयोजना | २०५५/५६ | २०८०/८१*** |
| २२ | पशुपति क्षेत्र विकास कोष आयोजना | २०७०/७१ | २०७८/७९ |
| २३ | लुम्बिनी क्षेत्र विकास कोष आयोजना | २०६९/७० | २०८०/८१ |
| २४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | २०७१/७२ | २०९३/९४ |

* सम्पन्न।

** आयोजनाको अवधि एकिन नभएको, उल्लेखित अवधि काँकडभिट्टा-निजगढ खण्डको सम्पन्न हुने अवधि रहेको।

*** पहिलो चरणको निर्माण आ.व. २०७७/७८ सम्म र दोस्रो चरण आ.व. २०८०/८१ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको।

स्रोतः सम्बन्धित आयोजना कार्यालय

पश्चिम सेती जलविद्युत आयोजनाको विकास तथा विद्युत बजार, सामाजिक तथा आर्थिक लगायतका पक्षहरूको संक्षिप्त अद्यावधिक अध्ययन पश्चात् विकासकर्ता पहिचान/छनोट गरी निर्माणमा लैजाने तयारी भइरहेकोले आयोजनाको निर्माण अवधि यकिन हुन नसकेको हो। राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको बीस वर्षे गुरुयोजना वि.सं.२०७४ जेष्ठ महिनामा स्वीकृत भएको र आ.व.२०९३/९४ मा सम्पन्न हुने अनुमान छ। आ.व.२०७७/७८ मा तीनवटा

राष्ट्रिय गौरवका आयोजनाहरू निर्माण सम्पन्न हुनुपर्नेमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल २०७९ जेष्ठ २ गतेबाट व्यावसायिक रुपमा सञ्चालनमा आईसकेको छ। राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनामा २०७८ असार १ गते मेलम्ची नदीमा आएको बाढीको कारण आयोजनाको हेडवर्क्समा क्षति भएको तथा भविष्यमा हुन जाने थप क्षतिको अनुमान न्यूनीकरण र आयोजनालाई तत्काल पुनर्स्थापन गर्न सकिने/नसकिने सम्बन्धमा विस्तृत अध्ययन गर्न आवश्यक देखिएको भएपनि तत्काल विकास समितिको तर्फबाट कार्यहरू भइरहेको छ भने माथिल्लो तामाकोशी जलविद्युत आयोजना सम्पन्न भई सञ्चालनमा आएको छ।

पशुपति क्षेत्र विकास कोष आ.व. २०७८/७९ मा सम्पन्न हुने कार्यतालिका रहेको भएपनि सम्पन्न हुन सकेको छैन। ४ वटा आयोजनाहरूको निर्माण आ.व. २०७९/८० मा सम्पन्न हुने अनुमान गरिएको छ। त्यसैगरी, आ.व. २०८०/८१ मा थप ६ वटा आयोजनाहरू सम्पन्न हुने अनुमान गरिएको छ।

## २.२ आयोजनाहरूको कुल लागत

राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्ने मन्त्रालय तथा सम्बन्धित आयोजना कार्यालयबाट प्राप्त विवरणको आधारमा यस खण्डमा सबै आयोजनाहरूको कुल लागतको एकीकृत विवरण प्रस्तुत गरिएको छ। आयोजनाको कुल लागत उल्लेख गर्दा सम्बन्धित आयोजनाको स्वीकृत खरिद गुरुयोजनालाई प्रमुख आधार मानिएको छ। राष्ट्रिय गौरवका आयोजनाहरूको शुरू र संशोधित लागत अनुमान तालिका नं.२.२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.२: राष्ट्रिय गौरवका आयोजनाहरूको कुल लागत (रू. करोडमा)**

| क्र.सं. | आयोजनाको नाम | शुरूको कुल लागत (रू.करोडमा) | संशोधित कुल लागत (रू.करोडमा) |
|---|---|---|---|
| १ | सिक्टा सिँचाइ आयोजना | १२८० | २५०२ |
| २ | बबई सिँचाइ आयोजना | २८७.३९ | १८९६.३० |
| ३ | रानीजमरा कूलरिया सिँचाइ आयोजना | १२३७ | २७५२.२३ |
| ४ | सुनकोशी मरिण डाइभर्सन बहुउद्धेश्यीय आयोजना | ४६१९.३९ | ४६१९.३९ |
| ५ | महाकाली सिँचाइ आयोजना | ३५०० | ३५०० |
| ६ | भेरी बबई डाइभर्सन बहुउद्धेश्यीय आयोजना | १६४३ | ३६८०.७७ |
| ७ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ३५२९ | सम्पन्न |

| | | | |
|---|---|---|---|
| ८ | बुढीगण्डकी जलविद्युत आयोजना | २६००० | २६००० |
| ९ | विद्युत प्रसारण आयोजना | ७५०० | ६१२६ |
| १० | पश्चिम सेती जलविद्युत आयोजना | १३२०८ | २७३८५ |
| ११ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | ६२२ | ६८२ |
| १२ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | २२०० | २२०० |
| १३ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | १६५०० | १६५०० |
| १४ | रेल वे तथा मेट्रो तथा मोनोरेल विकास आयोजना (पूर्व-पश्चिम विद्युतीय रेलमार्ग) | ७०६२ | ९५५२२ |
| १५ | हुलाकी लोकमार्ग आयोजना | ४७२४ | ६५२० |
| १६ | पुष्पलाल मध्य पहाडी लोकमार्ग आयोजना | ३३३६ | ८४३३ |
| १७ | उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग आयोजना | १६२० | ११९३ |
| १८ | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग आयोजना | २४०० | २४०० |
| १९ | उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्ग आयोजना | ४१० | ६६६.१९ |
| २० | काठमाण्डौ-तराइ/मधेश द्रुतमार्ग आयोजना | ११६०० | १७५१९.३६ |
| २१ | मेलम्ची खानेपानी आयोजना | २४०० | ३१३६ |
| २२ | पशुपति क्षेत्र विकास कोष आयोजना | १२७ | २२७ |
| २३ | लुम्बिनी क्षेत्र विकास कोष आयोजना | ५५५ | १३२६ |
| २४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १२५ | २४९७०.०२ |
| | **जम्मा** | **१०,४५,९७** | **२५,९७,५६** |

* अमेरिकी डलर (मिलियनमा)

स्रोत: सम्बन्धित आयोजना कार्यालय

खरिद गुरुयोजना स्वीकृत भईनसकेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढको विस्तृत आयोजना प्रतिवेदन बनाउने कोरियन कम्पनीले पेश गरेको अनुमानको आधारमा र पश्चिम सेती जलविद्युत आयोजनाको हकमा सो आयोजनाको सम्भाव्यता अध्ययनको क्रममा अनुमानित लागतलाई नै कुल लागत मानिएको छ । रेल वे तथा मेट्रो विकास आयोजना अन्तर्गत उल्लेख भएको अनुमान पूर्व-पश्चिम रेल वेको विस्तृत आयोजना प्रतिवेदन तयार भैसकेको एउटा खण्डको लागत मात्र हो। त्यसैगरी, नेपाल सरकार र मिलेनियम च्यालेन्ज कर्पोरेसनबीच भएको सम्झौताको आधारमा विद्युत प्रसारण आयोजनाको कुल लागत उल्लेख गरिएको छ ।

## २.३ आयोजनाहरूको वार्षिक बजेट

राष्ट्रिय गौरवका आयोजनाहरूको विगत चार आर्थिक वर्ष (आ.व. २०७५/७६ देखि आ.व. २०७८/७९ सम्म) को विनियोजित बजेटको विवरण तालिका नं.२.३ मा उल्लेख गरिएको छ ।

**तालिका नं. २.३: आ.व. २०७५/७६ देखि आ.व. २०७८/७९ सम्म राष्ट्रिय गौरवका आयोजनाहरूको वार्षिक बजेट (रू. करोडमा)**

| क्र.सं. | आयोजनाको नाम | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. ०७७/७८ | आ.व. २०७८/७९ |
|---|---|---|---|---|---|
| १ | सिक्टा सिँचाइ आयोजना | १४९ | १५२ | १५६ | १५५.८४ |
| २ | बबई सिँचाइ आयोजना | ७८.७४ | १३९ | १५० | १४४.४० |
| ३ | रानीजमरा कूलरिया सिँचाइ आयोजना | २९३.९ | २७७ | २२७.१६ | २३५.३४ |
| ४ | सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना | - | २२७.६७ | १८३ | २४६.११ |
| ५ | महाकाली सिँचाइ आयोजना | - | ४३.९ | ८९.७३ | १२४.८६ |
| ६ | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ३५८.१ | ३३१ | १५८ | ३०७.८४ |
| ७ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ५७६ | ६०१ | ३४३ | सम्पन्न |
| ८ | बुढीगण्डकी जलविद्युत आयोजना | १०६९.७ | ५८७ | ७६८.४३ | ७९९.६७ |
| ९ | विद्युत प्रसारण आयोजना | - | - | ६९४ | ७२२ |
| १० | पश्चिम सेती जलविद्युत आयोजना | - | - | - | - |
| ११ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | ६८३ | ३३४ | २२१ | २८० |
| १२ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | ६८० | ८०० | १०२५ | ८५० |
| १३ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | १६६.८ | १३० | ५७.२३ | ५६.८७ |
| १४ | रेल वे तथा मेट्रो तथा मोनोरेल विकास आयोजना (पूर्व-पश्चिम विद्युतीय रेलमार्ग) | ४५० | ७२६ | ८२२.५३ | ५४३.४० |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | हुलाकी लोकमार्ग आयोजना | ५४५.२७ | ९०९ | १०३४ | ८२३.०३ |
| १६ | पुष्पलाल मध्य पहाडी लोकमार्ग आयोजना | ५५०.३ | ८६१ | ७६५.४५ | ६७१.३७ |
| १७ | उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग आयोजना | ४७ | ८४ | ६६.७४ | ८३ |
| १८ | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग आयोजना | १३३ | २१५ | ४२९.२७ | घटघ |
| १९ | उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्ग आयोजना | ३९.८ | ६५ | ४०.३५ | ३० |
| २० | काठमाण्डौ-तराइ/मधेश द्रुतमार्ग आयोजना | १५३९.७८ | ४४६ | ८९६.८८ | ८ढद्द.ठढ |
| २१ | मेलम्ची खानेपानी आयोजना | ७०७ | ४७२ | ५०६.९५ | २५३.८४ |
| २२ | पशुपति क्षेत्र विकास कोष आयोजना | ३४.८७ | ३५ | ६५ | ३५ |
| २३ | लुम्बिनी क्षेत्र विकास कोष आयोजना | ५७.७१ | ७५ | १०० | ज्ञ५ण |
| २४ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम | १६४.६ | १६७ | १८२.७८ | १५३.२३ |
| | **जम्मा** | **७९,६६** | **७६,७८** | **८९,८३** | **७८,९१.५९** |

स्रोतः सम्बन्धित आयोजना कार्यालय

उक्त तालिका अनुसार आ.व. २०७५/७६ मा २० वटा राष्ट्रिय गौरवका आयोजनाहरूको वार्षिक विनियोजन जम्मा रू. ८३ अर्ब २५ करोड गरिएको थियो । आ.व. २०७६/७७ मा २२ वटा आयोजनाहरूको लागि विनियोजन घटेर रू. ७६ अर्ब ७७ करोड भएकोमा आ.व. २०७७/७८ मा २३ वटा आयोजनाहरूको लागि बढेर रू. ८९ अर्ब ८३ करोड विनियोजन पुगेको देखिन्छ। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ मा उक्त रकम घटेर रू. ७५ अर्ब ८ करोड मात्र विनियोजन भएको छ।

## २.४ आयोजनाहरूको वार्षिक भौतिक एवं वित्तीय प्रगति

राष्ट्रिय गौरवका आयोजनाहरूको विगत चार आर्थिक वर्षको भौतिक तथा वित्तीय प्रगति अनुसूची १ मा उल्लेख गरिएको छ। आ.व. २०७८/७९ मा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलसहित १२ (बाह्र) वटा आयोजनाहरूको वार्षिक भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा बढी रहेको छ भने ५०-८० प्रतिशत भौतिक प्रगति हासिल गरेको आयोजनाहरू ६ (छ) वटा रहेका छन्। ५० प्रतिशत वा सोभन्दा कम भौतिक प्रगति हासिल गर्ने आयोजनाहरू ३(तीन) वटा रहेका छन् भने पश्चिम सेती जलविद्युत आयोजना र निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक प्रगति हुन सकेको छैन।

## २.५ आयोजनाहरूको हालसम्मको समष्टिगत प्रगति

राष्ट्रिय गौरवका आयोजनाहरूमा आ.व. २०७८/७९ सम्मको कुल खर्च र हालसम्मको समष्टिगत भौतिक एवं वित्तीय प्रगति तालिका नं. २.४ मा उल्लेख गरिएको छ।

### तालिका नं. २.४ : आ.व. २०७८/७९ सम्मको कुल खर्च र समष्टिगत भौतिक तथा वित्तीय प्रगति

| सि.नं. | आयोजनाको नाम | आ.व. २०७८/७९ सम्मको कुल खर्च (रू.करोडमा) | समष्टिगत भौतिक प्रगति (प्रतिशतमा) | समष्टिगत वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | सिक्टा सिँचाइ आयोजना | १९३५ | ७२.५० | ७५.९ |
| २ | बबई सिँचाइ आयोजना | १११५.७९ | ६२.२३ | ५८.८४ |
| ३ | रानीजमरा कूलरिया सिँचाइ आयोजना | १६२०.७० | ५८.७० | ५८.५० |
| ४ | सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना | ३४९.८२ | ७.६० | ७.५७ |
| ५ | महाकाली सिँचाइ आयोजना | ५३७.८८ | १५.७३ | १५.४३ |
| ६ | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १५४३.०७ | ५७ | ४१.९२ |
| ७ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | सम्पन्न | सम्पन्न | - |
| ८ | बुढीगण्डकी जलविद्युत आयोजना | ४१४८.१२ | २२ | १५.९५ |
| ९ | विद्युत प्रसारण आयोजना | ३०७ | ५.०१ | ५.०१ |
| १० | पश्चिम सेती जलविद्युत आयोजना | - | - | - |
| ११ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | ६८२ | सम्पन्न | सम्पन्न |
| १२ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | १७४१.५६ | ९८ | ७४.८१ |
| १३ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | - | - | १०.०४ |
| १४ | रेल वे तथा मेट्रो तथा मोनोरेल विकास आयोजना (पूर्व-पश्चिम विद्युतीय रेलमार्ग) | २७४८ | ३८.५ | ३८.९२ |
| १५ | हुलाकी लोकमार्ग आयोजना | ५२१८ | ८०.९० | ८०.०३ |

| सि.नं. | आयोजनाको नाम | आ.व. २०७८/७९ सम्मको कुल खर्च (रू.करोडमा) | समष्टिगत भौतिक प्रगति (प्रतिशतमा) | समष्टिगत वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|---|
| १६ | पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना | ५८८५ | ६४.१६ | ६९.७९ |
| १७ | उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग | ४३८ | ४१ | ३६.६९ |
| १८ | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) | | | |
| | गैडाकोट राम्दी मालढुङ्गा सडक | ७७३.११ | ३० | ३० |
| | बेनी जोमसोम कोरोला सडक | ५.३८ | ८२.१५ | ७९.३५ |
| १९ | उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्ग आयोजना | १२० | २० | १८ |
| २० | काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग आयोजना | ३४२९.८२ | २१.१८ | १९.५८ |
| २१ | मेलम्ची खानेपानी आयोजना (प्रथम) चरण) | ३१०२ | ८९.४७ | ९५.७७ |
| २२ | पशुपति क्षेत्र विकास कोष आयोजना | १४१.०४ | ८५ | ६२.१३ |
| २३ | लुम्बिनी विकास कोष आयोजना | ७०२ | ८७ | ५२.९४ |
| २४ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम | १२०८.६० | ४.९९ | ४.८४ |

स्रोतः सम्बन्धित आयोजना कार्यालय

माथिको तालिका अनुसार आ.व. २०७८/७९ सम्म राष्ट्रिय गौरवका आयोजनाहरूमा रू. ४ खर्व २९ अर्ब ६५ करोड लगानी भएको देखिन्छ। ८० प्रतिशत वा सोभन्दा माथि समष्टिगत भौतिक प्रगति हासिल गर्ने आयोजनाहरू ६ (छ) वटा रहेका छन् त्यस्तै ५०-८० प्रतिशत समष्टिगत भौतिक प्रगति हासिल गर्ने आयोजनाहरू ५(पाँच) वटा छन्। माथिल्लो तामाकोशी जलविद्युत आयोजना र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सम्पन्न भई सञ्चालनमा आईसकेका छन्। ८० प्रतिशत वा सोभन्दा माथि समष्टिगत भौतिक प्रगति हासिल गर्ने आयोजनाहरू ६ (छ) वटा मध्य मेलम्ची खानेपानी आयोजना (प्रथम चरण) को समष्टिगत भौतिक प्रगति ८९.४७ प्रतिशत रहेपनि २०७८ असार १ गते आएको बाढीबाट हेडवर्क्स लगायत मुख्य संरचनाहरू क्षतिग्रस्त भएकोले सोको मर्मत कार्य हुँदैछ। त्यसैगरी १२ (बाह्र) वटा आयोजनाहरूमा ५० प्रतिशत वा सोभन्दा कम समष्टिगत वित्तीय प्रगति हासिल भएको छ।

परिच्छेद तीन

# राष्ट्रिय गौरवको आयोजनाहरूको आयोजनागत प्रगति विवरण

## ३.१ सिक्टा सिंचाइ आयोजना

सन् १९७५ मा यु.एन.डी.पी. र एशियाली विकास बैंकको सहयोगमा यस आयोजनाको पूर्व संभाव्यता अध्ययन जर्मन परामर्शदातृ फर्म Lahmeyer International GmbH ले वि.सं. २०३६ (सन् १९८०) मा तयार गरेको थियो। यो सिँचाइ आयोजना लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित छ। बाँकेको अगैयामा राप्ती नदीमा बाँध निर्माण गरी उक्त जिल्लाका हालका राप्तीपश्चिम रहेका ६ वटा गाउँपालिका, कोहलपुर नगरपालिका र नेपालगञ्ज उपमहानगरपालिका र राप्ती पूर्वतर्फ रहेको राजकुलो सिँचाइ योजनासमेतबाट गरी यस आयोजनाबाट कुल ४२,७६६ हेक्टर कृषि योग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य रहेको छ।

**आयोजना अवधिः** शुरु अवधि आ.व. २०६२/६३ देखि २०७७/७८ सम्म रहेकोमा संशोधित कार्यतालिका अनुसार आ. व. २०८४/८५ सम्ममा सम्पन्न हुने।

**आयोजनाको लागतः** रू. १२ अर्ब ८० करोड, संशोधित अनुमान रु २५अर्ब २ करोड रहेको।

**बजेटको श्रोतः** नेपाल सरकार

### आयोजनका प्रमुख क्रियाकलापहरू

- मूल नहर तथा शाखा नहर निर्माण गर्ने,
- सिँचित क्षेत्र विकास तथा बिस्तार गर्ने,
- नदी नियन्त्रण तथा जलमापन केन्द्र स्थापना गर्ने,
- नहर सञ्चालन तथा सिँचाइ प्रणाली व्यवस्थापन गर्ने।

### आ.व. २०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू

- पुलसहितको ३१७ मी. लामो ब्यारेज सम्पन्न,
- ४५.२५ कि.मी. लामो पश्चिम मूल नहर सम्पन्न,

- पूर्वी मूल नहरको कार्य ८६.१६ प्रतिशत सम्पन्न,
- पश्चिमतर्फका शाखाहरूको ४० प्रतिशत निर्माण काम सम्पन्न,
- पश्चिमतर्फका सिधनिया शाखा १२.९ कि.मी.सम्म नहर निर्माण, अकलगरहवा शाखा ४.६ कि.मी. सम्म, गोहवा उप शाखा २.०५ कि.मी.सम्म प्रसेनीपुर शाखा ४.६ कि.मी.सम्म तथा पिडारी शाखा नहर ४.२६ कि.मी. सम्म निर्माण कार्य सम्पन्न भएको,
- पश्चिम मूल नहरमा सुचारु रुपले पानी सञ्चालन भएको,
- पश्चिम मूल नहरमा डुन्डुवा नहर प्रणालीमार्फत् र खोल्सामा खसेको पानी किसानले लिफ्ट गरी सिँचाइ सुविधा उपलब्ध भएको,
- पश्चिम मूल नहरबाट गोहवा शाखाबाट किरण नाला र जेठी नालामा खसाली उक्त पानीबाट किसानले लिफ्ट गरी हिउदे सिँचाइ सुविधा उपलब्ध भएको,
- मूल नहरअन्तर्गत नहर प्रणालीको राजकुलोमार्फत् १००० हेक्टरमा तथा फत्तेपुर सिंचाई प्रणाली मार्फत् २००० हे.मा सिँचाइ सुविधा उपलब्ध भएको ।

## आ.व. २०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

- पुर्वी मूल नहरको चैनेज २४+६५० मा रहेको लिंक नहरबाट फत्तेपुर सिँचाइ प्रणालीमार्फत् थप २००० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध भएको,
- पूर्वी नहरको डिप कटिंग क्षेत्रमा स्लोप stabilization को कार्य अन्तर्गत wire net matting को कार्य, bio-engineering, gabion को कार्यहरू,
- कमाण्ड क्षेत्र १५०२ हेक्टर रहेको पश्चिमी मूल नहर अन्तर्गत पिडारी शाखाको ठेक्का नं. SIP/RMC/PDR/NCB-01 को कार्य अन्तर्गत ४.२६ कि.मी.को नहर निर्माण कार्य सम्पन्न,
- सामाजिक सरोकारको कार्य अन्तर्गत पश्चिमी मूल नहरको Idle length मा पर्ने कमाण्ड क्षेत्रमा सिँचाइ पुऱ्याउने उद्धेश्यले लिफ्ट सिँचाइको सम्भाव्यता अध्ययन कार्य भएको,
- जग्गा अधिग्रहणको निम्ति उपलब्ध बजेट १० करोड ५० लाख बाट १० करोड २१ लाख रुपैयाँ खर्च भइ ९७.२४% प्रगति हासिल गरेको,
- गुरुवागाउँ शाखा तथा अकलगरहवा, गोहावा, पिडारी र पर्सेनीपुर प्रशाखा नहर निर्माणको लागि आवश्यक पर्ने जग्गाहरूको मुआब्जा निर्धारण भई सूचना प्रकाशन भएको ।

## हाल आयोजना कार्यान्वयनमा देखा परेका मुख्य समस्याहरू:

- जग्गा अधिग्रहण,
- नहर अतिक्रमण (डुण्डुवा नहर ढलको रुपमा प्रयोग),
- डुण्डुवा शाखा नहर प्रणालीको ठे.नं. SIP/DIS/MC/ICB-01 को ठेक्का Termination भई Arbitration मा रहेकोले सो सँग सम्बन्धित कार्यहरू शुरु हुन नसकेको,
- राष्ट्रिय निकुञ्जभित्र कार्य गर्नुपर्दा निर्माण सामाग्री र वन्यजन्तुको समस्या ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरु:

- सम्बन्धित निकायमा आवश्यक समन्वय भएको,
- घुलनसिल माटोको कारण फुटेका स्थानहरू मर्मत गर्न राष्ट्रिय निकुञ्ज द्वारा नदीजन्य निर्माण सामाग्री निकालिएको,
- स्वीकृत वार्षिक दरबन्दी अनुसार प्राविधिक कर्मचारीहरूको पदपूर्ति भएको ।

### आगामी कार्ययोजना:

- यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.१ मा समेटिएको छ ।

**तालिका नं. ३.१: आयोजनाको आगामी कार्ययोजना**

| क्र.सं. | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समयसीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय/ |
|---|---|---|---|---|---|
| १ | नदी नियन्त्रण कार्य | १४.५० | ०७९/८० को अन्त सम्म | ७ कि.मी. | आयोजना |
| २ | बाया मूल नहर निर्माण गर्ने | २२.३० | ,, | ४.८ कि.मी. | आयोजना |
| ३ | डुण्डुवा शाखा नहर निर्माण गर्ने | ७८.६४ | ,, | ११ कि.मी. | आयोजना |
| ४ | दाया मूल नहर तथा अन्य शाखा प्रशाखा नहर निर्माण गर्ने | २९.३१ | ,, | ६.२ कि.मी. | आयोजना |
| ५ | जग्गा अधिग्रहण कार्य | १२.१० | ,, | ११ हेक्टर | आयोजना |

## ३.२ बबई सिँचाइ आयोजना

बर्दिया जिल्लाको करीब ३६,००० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यकासाथ बबई सिँचाइ आयोजना अन्तर्गत विभिन्न क्रियाकलापहरू सञ्चालनमा छन् । नेपाल सरकारले अन्तर्राष्ट्रिय विकास संस्था (IDA) को संलग्नतामा वि.सं.२०२४ देखि अध्ययन थालनी गरेको र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको आर्थिक सहयोगमा सम्पन्न भएको यस आयोजनाको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदनमा बबई नदीभन्दा पूर्वमा करीब १९,००० हेक्टर तथा पश्चिममा २१,००० हेक्टर जमिनलाई सिँचाइ योग्य भनी निर्धारण गरिएको थियो ।

यस आयोजनाको प्रथम चरणअन्तर्गत राजमार्गमा पुलसहितको बाँध (Weir Cum Bridge) निर्माण कार्य वि.सं. २०४९ सालमा सम्पन्न गरिएको साथै ५.५ कि.मी. लामो मूल नहरको सुरुको खण्ड

वि.सं.२०५० सालमा सम्पन्न गरी परम्परागत रुपमा किसानद्वारा सञ्चालित बुढी कुलो, मझरा कुलो, राजकुलो र धधवार कुलोमार्फत करीब ४,००० हेक्टर क्षेत्रमा सिँचाइ पुऱ्याउँदै आएको छ ।

बबई नदीमा साइफन, ढोढरी नहर तथा नहर संरचनाहरूको निर्माण कार्य आ.व.२०६७/६८ मा शुरू भई आ.व.२०६९/७० मा सम्पन्न गर्ने लक्ष्य लिएकोमा साइफन तथा लिंक नहर र अन्य नहर साईफनहरूको निर्माण सम्पन्न भई परम्परागत रुपमा कुलोहरूको संरचनाबाट ढोढरी तथा जम्ती बर्गदातर्फ पानी सञ्चालन भई सकेको अवस्थामा २०७१ श्रावण २८ देखि ३० सम्मको बाढीले क्षतिग्रस्त सिँचाई संरचना २०७३ असार सम्ममा पुनःनिर्माण सम्पन्न भइसकेको छ ।

### आयोजनाको लक्ष्य

बर्दिया जिल्लाको ३६००० हेक्टर (पूर्वमा करीब २१,००० हेक्टर तथा पश्चिममा १५,००० हेक्टर) कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने ।

**आयोजना अवधिः** शुरु अवधि आ.व. २०४५/४६ देखि २०६९/७० सम्म, संशोधित कार्यतालिका अनुसार आ.व. ०८२/८३ सम्ममा सम्पन्न गर्ने ।

**आयोजनाको लागतः** आयोजनाको लागत अनुमान रू. २८७.घढ करोड, संशोधित अनुमान रू.१८९६.३० करोड रहेको छ ।

### आयोजनका प्रमुख क्रियाकलापहरू

मूल नहर निर्माण (कि.मि.) -पुर्व तर्फ ३३.९७ तथा पश्चिम तर्फ ४१.०८ र जम्ती वर्गदा तर्फ १५.९५ गरी (जम्मा ९१ कि.मि.)

शाखा/उपशाखा/प्रशाखा नहर निर्माण (कि.मि.) - ३१३ कि.मि.
नहर संरचना निर्माण
पुर्वी मूल नहर - VRB 41, DUP 32, PUP 27, CUP 14, Aqueduct 2, Escape 3, Spillway 5
पश्चिम मूल नहर - VRB 24, DUP 3, PUP 1, CUP 3, Aqueduct 1, Escape 3, Escape 2
सिंचित क्षेत्रको विकास र विस्तारः सिंचित क्षेत्र वचावट कार्य ३२ कि.मि.
ड्रेनेज, सर्भिस रोड निर्माण लगायतका कार्यहरू

### आ.व. २०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू

- हेडवर्क्स १ गोटा,
- मूलनहर ८०.२८ कि.मी. निर्माण,
- शाखा/उपशाखा नहर २३५.६३ कि.मी.,

- बाढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचना संरक्षण कार्य २५.२५ कि.मी.,
- साइफन निर्माण तथा बाढीबाट क्षतिग्रस्त साइफन पुनः निर्माण १०० प्रतिशत ।

### आ.व. २०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

- मूल नहरमा थप ६८० मिटर निर्माण सम्पन्न,
- सिँचित क्षेत्र/बाढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचना संरक्षण ३.३५ कि.मी. सम्पन्न,
- शाखा, उपशाखा तथा प्रशाखा नहर निर्माण २६.८३ कि.मी. सम्पन्न,
- नहर/संरचना मर्मत सम्भार कार्य २छ प्रतिशत सम्पन्न,
- नहर सञ्चालन, जलमापन तथा गेज निर्माण २० प्रतिशत सम्पन्न,
- नदी तथा सिँचाइ प्रणालीको विस्तृत सर्वेक्षण/सम्भाव्यता अध्ययन कार्य ८ गोटा सम्पन्न ।

### हाल आयोजना कार्यान्वयनमा देखा परेका मुख्य समस्याहरू:

- हरेक वर्ष ७ महिना नहरमा पानी सञ्चालन गर्नुपर्ने भएकोले बाँकी ५ महिनामा नहर निर्माण कार्यको प्रगति वार्षिक लक्ष्य अनुसार हासिल गर्न गाह्रो हुनु,
- जग्गा प्राप्तिमा सामाजिक तथा प्रकृयागत जटिलता रहनु,
- राष्ट्रिय निकुन्ज क्षेत्रभित्र आयोजना परेकोले मानव, यान्त्रिक उपकरण, सामाग्री ढुवानी र आवागमनमा अवरोध हुनु,
- नदीजन्य निर्माण सामाग्री ढुङ्गा, गिट्टी र बालुवाको अभाव रहनु,
- बिजुली, इन्टरनेट, टेलिफोन, सवारी साधन तथा अन्य आवश्यक स्रोत साधनको समस्या रहनु,
- मुआब्जा दर निर्धारणमा कठिनाइ,
- वर्दिया जिल्लाको विभिन्न भागमा बाढी, भूक्षय, डुवान र कटानको समस्या तथा बाढी, डुबान र झरनाको पानी निकासको समस्या,
- खरिद गुरुयोजनाले प्रक्षेपण गरे अनुसारको वार्षिक बजेट विनियोजन नहुनु ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरू:

- जलपर्याप्तताको दृष्टिकोणले वर्षैभरी भरपर्दो सिँचाइ सेवा पुऱ्याउन भेरी बबई डाइभर्सन कार्यको कार्यान्वयनसँग समानान्तर हुने गरी सिँचित क्षेत्र विकास र विस्तार लगायतका कार्यहरूको प्रयास भइरहेको,
- जग्गा अधिग्रहण कार्यलाई प्रभावकारी बनाउन सापेक्षरुपमा जग्गा अधिग्रहण कार्यमा आवश्यक सहयोग र समन्वय भइरहेको,
- राष्ट्रको प्राथमिकता क्रममा रहेको योजनाहरूको बारेमा नीतिगत रुपले वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालय एवं ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबीच समन्वयको प्रयास भइरहेको,

- नदीजन्य निर्माण सामाग्रीको लागि स्थानीय तह, जिल्ला समन्वय समिति बर्दिया र बर्दिया राष्ट्रिय निकुञ्जसँग समन्वय भइरहेको,
- बबई नदी स्थित हेडवर्क्समा विद्युत उपलब्ध नहुँदा गेटहरू सञ्चालनमा समस्या भएकोले नेपाल विद्युत प्राधिकरण गुलरियासँग समन्वयको प्रयास भइरहेको,
- बबई सिँचाइ आयोजनाको पूर्वी तथा पश्चिमी मूलनहरहरू रिमोडिलङ्ग र निर्माण कार्य सम्पन्न भइरहेको सन्दर्भमा उपलब्ध हुने पानीको समुचित सदुपयोग गरी उत्पादन वृद्धि गर्दै जीविकोस्तर वृद्धि गर्ने तर्फ एकीकृत कार्यक्रमहरू लागू गर्ने प्रयास भइरहेको ।

### आगामी कार्ययोजना

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.२ मा समेटिएको छ ।

**तालिका नं. ३.२: आयोजनाको आगामी कार्ययोजना**

| क्र.सं. | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समयसीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय /महाशाखा |
|---|---|---|---|---|---|
| १ | जग्गा अधिग्रहण | १५ | आ.व. २०७९/८० सम्म | बबई सिँचाइ आयोजनाको कुलकमाण्ड क्षेत्र ३६,००० हेक्टर मध्य २३,६०० हेक्टर कमाण्ड क्षेत्रमा सिँचाइ सुविधा पुगिसकेको, बाँकी मध्य ३,००० हेक्टर थप कमाण्ड क्षेत्रमा सिँचाइ सेवा विस्तार भई कमाण्ड क्षेत्र २६,६०० हेक्टर पुग्ने। | बबई सिँचाइ आयोजना |
| २ | सिँचित क्षेत्र/ बाढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचना संरक्षण | २४.२२ | ,, | | ,, |
| ३ | सिँचित क्षेत्र विकास तथा विस्तार कार्य | १६.११ | ,, | | ,, |
| ४ | मूलनहर निर्माण कार्य तथा रिमोडलिंङ | १५ | ,, | | ,, |
| ५ | शाखा/ उपशाखा नहर निर्माण कार्य | ६१.९५ | ,, | | ,, |
| ६ | नहर सञ्चालन, जलमापन तथा गेज निर्माण | ३.५ | ,, | | ,, |
| ७ | नहर/संरचना मर्मत सम्भार कार्य | ४ | ,, | | ,, |

## ३.३ रानी जमरा कूलरिया सिँचाइ आयोजना

रानी जमरा कूलरिया आयोजनाबाट कृषकहरूद्वारा व्यवस्थित र सञ्चालन रानी, जमरा र कूलरिया सिँचाइ प्रणालीको १४,३०० हेक्टर, नयाँ सिँचित क्षेत्र विकास अन्तर्गत लम्की विस्तारको ६००० हेक्टर तथा पथरैया नदीदेखि कान्द्रा नदीसम्मको १८,००० हेक्टर गरी कुलजम्मा ३८,३०० हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सेवा उपलब्ध गराउने उद्देश्य रहेको छ। रानी जमरा कूलरिया सिँचाइ प्रणाली नेपालको सुदूर पश्चिम प्रदेश, कैलाली जिल्लामा अवस्थित कृषकहरुबाट निर्माण गरी व्यवस्थापन समेत गरिएको सवै भन्दा ठूलो सिँचाइ प्रणाली हो । यस प्रणालीको पानीको श्रोत कर्णाली नदीको पश्चिमी भङ्गालो झरही नाला रहेको छ। यस प्रणालीको निर्माण करीब १ सय वर्षअगाडि थारु समुदायको अथक प्रयासबाट भएको हो ।

यस प्रणालीको दक्षिणी भागमा सिँचाइ गर्न रानी सिँचाइ प्रणाली, मध्य भागमा जमरा सिँचई प्रणाली र उत्तरी भागमा कूलरीया सिँचाइ प्रणाली व्यवस्था भएको देखिन्छ। यी प्रणालीहरूको व्यवस्थापन आ-आफ्नो प्रणालीको जलउपभोक्ता संस्था (कुलो संस्था) रहेको र यी तीनै प्रणालीको संयुक्त व्यस्थापन तथा समन्वयको लागि रानी जमरा कूलरीया जल उपभोक्ता संस्था रहेको छ।

### आयोजनाको लक्ष्य:

- मूल नहर: ५२ किलोमिटर,
- शाखा नहर: १२५ किलोमिटर,
- प्रशाखा नहर: ७०० किलोमिटर,
- ३८,३०० हेक्टर जमिनमा वर्षैभरी सिचाई सेवा उपलब्ध गराउने
- ४.७१ मेगावाट बिद्युत उत्पादन भई निर्मित सिँचाइ पूर्वाधारको नियमित मर्मत सम्भारसमेत हुने ।

**आयोजनाको अवधि:** आ.व २०६७/६८ देखि २०७४/७५ सम्म रहेकोमा संशोधित कार्यतालिका अनुसार आ.व २०८०/८१ सम्म रहेको ।

**आयोजनाको लागत अनुमान रु:** १२३७ करोड संशोधित अनुमान रू. २७७०.२४ करोड रहेको ।

### बजेटको स्रोत:

नेपाल सरकार: १७ अर्ब ५६ करोड ७२ लाख
वैदेशिक श्रोत (विश्व बैंक): ९ अर्ब ९५ करोड ५१ लाख

### आयोजनाको प्रमुख क्रियाकलापहरू

- साईड इन्टेक निर्माण,
- मूल नहर तथा संरचना निर्माण,
- फिडर नहर तथा हाइड्रोपावर निर्माण,
- थप सिँचित क्षेत्र विस्तार (लम्की विस्तार),
- शाखा नहर पुनर्स्थापना, पुल तथा कल्भर्ट निर्माण,
- कर्णाली नदी नियन्त्रण कार्य ।

### आ.व. २०७७/७८ सम्म सम्पन्न भएका क्रियाकलापहरू

- इन्टेकको गेट जडान तथा अटोमेशन कार्य सम्पन्न,
- जलविद्युत निर्माणतर्फ इलेक्ट्रोमेकानिकल तथा हाइड्रोमेकानिकल कार्य बाहेक अन्य सम्पूर्ण कार्य सम्पन्न,
- लम्की बिस्तार नहरका सम्पूर्ण चेनेजमा नहर निर्माण कार्य शुरू एवं संरचना निर्माण अन्तिम चरणमा पुगेको,
- कर्णाली नदीका अति आवश्यक एवं जोखिमयुक्त ठाउँमा नदी नियन्त्रण कार्य सम्पन्न (३.८२ कि.मी.),
- अन्य नदीहरूमा नदी नियन्त्रण कार्य सम्पन्न (डल्फिन एरिया: १.४३ कि.मी., चोरी र रोरा नदी: ७.७८ कि.मी.),
- विश्व बैंकको ऋण सहयोगमा सञ्चालन सिँचित क्षेत्र बचावट कार्य, कमाण्ड क्षेत्र विकास कार्य र सुपरिवेक्षक कन्सल्टेन्ट कार्यका लागि अन्तर्राष्ट्रिय स्तरको खरिद कार्य सम्पन्न ।

### आ.व. २०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

- इन्टेकको गेट अटोमाइजेसन कार्य सम्पन्न गरी नियन्त्रित पानी नहरमा छोड्न सक्ने भएको,
- ६५.१४ कि.मी लम्की विस्तार नहर निर्माण कार्य अन्तिम चरणमा रहेको,
- रानी जमरा कूलरीया सिँचाइ प्रणालीमा प्रणाली आधुनिकरण कार्य अन्तर्गत ३५ वटा संरचनाहरू सम्पन्न । साथै ३० किमि ग्राभेलिङ्ग कार्य सम्पन्न भएको,
- पथरैया नदीमा सिँचित क्षेत्र बचावट कार्य अन्तर्गत २७०० मिटर सम्पन्न,
- पहिलो चरणमा छुट भएका संरचनाहरू मध्य एउटा पुलको निर्माण सम्पन्न,
- २०७८ कार्तिक महिनामा आएको बाढीको कारण शाहीपुर क्षेत्रमा तटबन्ध फुटाई कर्णाली नदीले धार परिवर्तन गर्दा टिकापुर नगरपालिकामा जनधनको क्षति भएको हुनाले सो ठाउँमा ठूला ठूला ढुङ्गाहरू प्रयोग गरी तटबन्ध निर्माण गरी बाढीबाट सुरक्षित बनाएको ।

### हाल आयोजना कार्यान्वयनमा देखापरेका मुख्य समस्याहरु:

- जल विद्युत उत्पादनबाट प्राप्त हुने राजश्व बाँडफाँड र विद्युत गृह सञ्चालन तथा मर्मत संभार कार्यविधि तय हुन नसकेको,
- सिँचित क्षेत्र बचाउ तथा कर्णाली नदी नियन्त्रण अन्तर्गत निर्माण भएका संरचनाहरू कर्णाली नदीले बगाएको ।

### समस्या समाधान गर्न गरिएका प्रयासहरू

तटबन्ध बचावटका लागि आकस्मिक कार्यहरू अन्तर्गत ठूला ढुङ्गा पाइलिङ तथा बोरा र तारजाली प्रयोग गरेको। साथै सो समस्या बारे स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र बर्दिया राष्ट्रिय निकुञ्जसँग विभिन्न चरणमा छलफल गरी समस्या समाधानको लागि प्रयास भएको ।

### आगामी कार्ययोजना:

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.३ मा समेटिएको छ ।

**तालिका नं. ३.३: आयोजनाको आगामी कार्ययोजना**

| क्र.स. | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समयसीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय /महाशाखा |
|---|---|---|---|---|---|
| १ | धोबेनी खोला जलाधार व्यवस्थापन कार्यक्रम | २० | २०८०/८१ | जलाधार व्यवस्थापन | आयोजना |
| २ | उपभोक्ता संस्थाको संस्थागत विकास गर्ने | ३ | ,, | उपभोक्ताहरू विकास कार्य | ,, |

## ३.४ भेरी बबई डाईभर्सन बहुउद्धेश्यीय आयोजना

सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकाको चिप्लेस्थित भेरी नदीको पानीलाई बबई नदीमा पथान्तरण गरी बबइ नदीको सिँचित क्षेत्रलाई वर्षैभरी सिचाइ सुविधा उपलब्ध गराउनुको साथै जलविद्युत उत्पादन गर्ने मुख्य लक्ष्य राखी पहिलो बहुउद्देश्यीय आयोजना "भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना" को रुपमा आयोजना कार्यालय वीरेन्द्रनगर, सुर्खेतमा मिति २०६८/०५/०७ मा स्थापना भएको थियो । आयोजना निर्माण कार्य आ.व. २०७१/०७२ बाट शुरु गरिएको थियो र संशोधित समयतालिका अनुसार आ.व. २०७९/०८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजना नेपाल सरकारको श्रोतमा बहुउद्देश्यीय जल स्थानान्तरण आयोजनाको रुपमा कार्यान्वयन प्रक्रिया अगाडि बढाइएको छ ।

यस आयोजनाअन्तर्गत सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकाको चिप्लेस्थित भेरी नदीमा करीब १२० मिटर लामो ब्यारेजसहित डिसिल्टिङ्ग बेसिन र ४=२० मिटर ब्यास भएको १२.२ कि. मि. लामो सुरुङ्गमार्फत् ४० घनमिटर प्रति सेकेण्ड पानी बबई नदीमा खसालिने छ। तीन वटा २३.४ मेगावाट क्षमताका टर्बाईन मध्य एक वटा टर्बाईन मर्मत संभारको बेलामा मात्र प्रयोग गर्नेगरी र बाँकी दुई वटा टर्बाईनको नियमित सञ्चालनबाट भेरीगंगा नगरपालिकाकै हात्तीखालस्थित बबई नदीको किनारमा ४६.८ मेगावाट विद्युत उत्पादन गरिने लक्ष्य छ।

### आयोजनाको लक्ष्य:

आयोजना सम्पन्न भएपछि बबई नदीमा उपलब्ध हुने थप पानीबाट बबई हेडबर्क्स उपयोग गर्दै बर्दिया र बाँके जिल्लाका करीब ५१,००० हेक्टर भूमिमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध हुनेछ।

### आयोजना अवधि:

शुरु अवधि आ.व. २०७१/७२ देखि २०७५/७६ सम्म रहेकोमा संशोधित कार्यतालिका अनुसार आ.व.२०७९/८० सम्ममा सम्पन्न गर्ने।

**आयोजनाको लागत अनुमान:** रू. १६ अर्ब ४३ करोड, संशोधित अनुमान बाँध तथा पावरहाउस, हाईड्रोमेकानिकल तथा ईलेक्ट्रोमेकानिकल सम्बन्धी कार्यलगायतका थप कार्यहरूको खर्च समाबेश समेत रू. ३६ अर्ब ८० करोड ७७ लाख रहेको।

**बजेटको श्रोत:** नेपाल सरकार

### आयोजनाका प्रमुख क्रियाकलापहरू

क) भेरी बबई डाईभर्सन आयोजना तर्फ

- १२.२ कि. मि. सुरुङ्ग निर्माण कार्य,
- हेडवर्क्स (बाँध), सर्ज साफ्ट, पेनस्टक, पावरहाउसको सिभिल निर्माण कार्य,
- हाईड्रोमेकानिकल निर्माण तथा जडान कार्य,
- इलेक्ट्रोमेकानिकल निर्माण तथा जडान कार्य,
- प्रसारण लाइन निर्माण कार्य,
- वाताबरण संरक्षण, सामाजिक सुधार तथा सामुदायिक सहयोग कार्य,
- जग्गा प्राप्ति कार्य।

ख) भेरी कोरिडोर सिंचाई विकास आयोजना तर्फ

- भूमिगत/ लिफ्ट सिंचाई निर्माण कार्य,
- सिंचाई कुलो निर्माण तथा पुनस्थापना गर्ने कार्य,
- सिँचित क्षेत्र तथा इन्टेक बचावट कार्य (तटबन्धन कार्य),

### आ.व.२०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू

- बाँध निर्माण स्थल चिप्लेमा Site camp निर्माण सम्पन्न, D/S Stilling Basin संरचना (Cutoff) सहितको जग खन्ने कार्य तथा RCC ढलान कार्य सुचारु, Coffer dam निर्माण कार्यमा आवश्यकता अनुसार उचाई थप गरी Drilling तथा Grouting को समेत थप कार्यहरू भएको, Settling basin को लागि Foundation खन्ने Rock Cutting तथा Plum Concreting कार्यका साथै चिप्लेमा Diversion road सम्पन्न भएको, पावरहाउस निर्माण स्थानमा Excavation कार्य भइरहेको, Surge Shaft को लागि acess road with drain निर्माण तथा Excavation भएको,
- सर्भे तथा डिजाइनसँगै लागत अनुमान तयार गरी भेरी कोरिडोर सिँचाइ विकास आयोजनातर्फ ७ तथा सामाजिक विकास कार्यक्रमतर्फ थप ८ वटा एवं पहिलाको ७६ गरी स-साना समेत कुलजम्मा ९१ वटा योजनाहरूको खरीद प्रक्रिया सम्पन्न एवं सम्झौता भई परिचालन भईसकेको,
- रैकर जग्गाको मुआब्जा रकम निर्धारण भई करीब ८.११४ हेक्टर (गत आ.व. ०७६/०७७ मा ७.७८ हेक्टर र चालु आ.व. ०७७/०७८ मा ०.३३४ हेक्टर) जग्गाको मुआब्जा वितरण गरिएको तथा ऐलानी जग्गाको हकमा २२.८१ हेक्टर ऐलानी जग्गाको मुआब्जाको बारेमा आवश्यक निर्णय तथा कार्यान्वयनका लागि समन्वय तथा पहल भईरहेको तथा छुट जग्गा यकिन गर्ने कार्य भएको ।

### आ.व. २०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

- नेपालमा नै पहिलो पटक TBM मेशिनको सफल प्रयोग गरी १२.२० कि. मि. टनेल निर्माण कार्य सम्पन्न भएको र मिति २०७८/१२/२४ (07th April, 2022) मा यस आयोजनाबाट Performance Certificate समेत जारी भैसकेको,
- बाँध तथा पावरहाउस संरचनाको सिभिल निर्माण कार्य अन्तर्गत
  - बाँध निर्माण स्थल चिप्लेमा बाँधको जम्मा ६ वटा Bay मध्ये Bay 1 र २ को लागि D/S Spillway, Stilling Basin, U/S Floor को जग खन्ने कार्य तथा Divide Wall सहितको RCC ढलान कार्य सुचारु रहेको,
  - Coffer dam निर्माण कार्यमा आवश्यकता अनुसार उचाई थप गरिएको,
- Settling basin, Intake एवं Forebay संरचना निर्माणका लागि Foundation खन्ने (Rock cutting), Plum Concreting तथा RCC ढलान गर्ने कार्य भैरहेको,

    - हेडवर्क्स साईट चिप्लेस्थित छिन्चु जाजरकोट सडक खण्डको Diversion road निर्माण सम्पन्न भएको,
    - चिप्ले खोल्सी Diversion निर्माण कार्यको पहिलो चरणको कार्य सम्पन्न,
- ईलेक्ट्रोमेकानिकलसम्बन्धी कार्यको ICB बोलपत्र प्रक्रियाद्वारा बोलपत्र आव्हान भए बमोजिम प्राप्त बोलपत्रहरूको प्राविधिक एवं आर्थिक मूल्याङ्कन सम्पन्न,
- बबई मान खोला डाईभर्सनसम्बन्धी कार्यको विस्तृत अध्ययनका लागि खरिद प्रकृया प्रारम्भ भई हाल अन्तिम चरणमा रहेको,
- सामाजिक विकास तथा वातावरणीय सुधार कार्यक्रम अन्तर्गत विभिन्न प्रभावित क्षेत्रमा भएका मागहरू तथा आवश्यकता अनुसार सिँचाइ, खानेपानी, तटबन्ध, स्वास्थ्य, सुरक्षा एवं शिक्षा लगायतका क्षेत्रहरूमा कार्य गर्दै आएको,
- आयोजनाको जग्गा प्राप्ति सम्बन्धमा मुआब्जा निर्धारण समितिबाट दररेट निर्धारण भई रैकर जग्गाको हकमा १०.१९ हेक्टर मध्ये ८.११४ हे. जग्गाको मुआब्जा वितरण कार्य सम्पन्न भएको ।
- भेरी कोरिडोर सिंचाई विकास आयोजना अन्तर्गत हालसम्म सतह सिँचाइमार्फत् सिँचित क्षेत्र पुनर्स्थापना भएको ४९५० हे. र नयाँ प्रविधि (लिफ्ट सिँचाइ) मार्फत् सिँचित क्षेत्र बढेको १४५० हे. गरी करीब जम्मा ६४०० हे. जमिनमा सिँचाइ सुविधा पुगेको तथा हालसम्म १७ कि. मि. नदी व्यवस्थापन कार्य भई करीब ७० हे. जमिन उकास भएको ।

**आयोजना कार्यान्वयनमा देखा परेका प्रमुख समस्याहरू:**

- समयमै श्रोत व्यवस्थापन नहुँदा निर्माण व्यवसायीको योजना र कार्यक्रम तालिकाबीच सामञ्जस्यता नभएको,
- यस किसिमका आयोजनामा ठुला यन्त्र, उपकरणको प्रयोग गर्नुपर्ने हुँदा सोको व्यवस्थापन तथा पैठारीमा समय लागेको,
- सार्वजनिक निर्माणमा खरिद ऐन, नियमावली तथा अन्य प्रशासनिक जटिलता रहेको,
- दक्ष प्राविधिक जनशक्तिको अभाव रहेको,
- जग्गा प्राप्तिमा स्थानीय समस्या तथा प्रकृयागत जटिलता रहेको साथै ऐलानी जग्गाको सन्दर्भमा स्पष्ट नीति तथा कार्यविधिको अभाव रहेको,
- बन तथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा निर्माणसम्बन्धी कार्यहरू गर्दा प्रकृयागत जटिलता रहेको,
- यस किसिमको राष्ट्रिय गौरवको आयोजनामा स्थानीयहरूको धेरै महत्वाकांक्षी अपेक्षा रहेको, त्यसै अनुरुपका विभिन्न किसिमका (स्वीकृत गुरूयोजनामा नभएका) योजनाहरूको माग एवं अवरोध हुने गरेको,
- यस प्रकृतिको आयोजनामा निर्माणस्थल एवं आयोजना कार्यालयमा सुरक्षाको समेत चुनौती रहेको र केही घटनाहरू समेत भएको,

- परामर्शदाता MGCE (International) र ECoCoDE (National) को आन्तरिक विवादका कारण २०७७ माघ १९ देखि आयोजनामा राष्ट्रिय परामर्शदाता छुट्टिएको र हाल विदेशी परामर्शदाताद्वारा मात्रै परामर्शको कार्य भैरहेकोमा बैंकिङ्ग ब्लक समस्याको कारण पटक पटक अवरोध भैरहेको ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरूः

- नेपाल सरकारद्वारा जारी गरिएको स्वास्थ्यसम्बन्धी मापदण्ड अपनाई आवश्यकताअनुसार सम्बन्धित पक्षहरूसँग समन्वय गरी निर्माणका कार्यहरू अगाडि बढाईएको,
- निर्माण व्यावसायीलाई आवश्यक दक्ष जनशक्ति, यन्त्र उपकरण तथा निर्माण सामाग्रीहरू लगायतको उचित व्यवस्थापनमा जोड एवं निर्देशनका साथै आवश्यक समन्वय गरिएको,
- सम्बन्धित निकायमा स्वीकृत दरबन्दीअनुसारको प्रयाप्त प्राविधिक जनशक्तिको पदपूर्तिका लागि अनुरोध गरिएको,
- जग्गा प्राप्ति प्रकृयामा विभिन्न समस्याहरू आउने गरेको भएता पनि सहजीकरण गर्नका लागि स्थानीय प्रशासन लगायत सम्बन्धित निकायहरूसँग समन्वय गर्दै आयोजनालाई अगाडि बढाईएको तथा ऐलानी जग्गाको सन्दर्भमा स्पष्ट नीति र कार्यविधिका लागि केन्द्रीय स्तरमा पहल भईरहेको,
- वन तथा वातावरण, राष्ट्रिय निकुञ्ज जस्ता क्षेत्रमा आईपर्ने समस्या तथा कार्यान्वयन प्रकृया स्वीकृतिमा हुने ढिलाई तथा झन्झटलाई सकेसम्म न्युनीकरण एवं सहजीकरण गर्नका लागि स्थानीय प्रशासन लगायत सम्बन्धित निकायहरूसँग समन्वय गर्दै आयोजनालाई अगाडि बढाईएको,
- स्थानीय व्यक्तिहरूको अवरोध, सुरक्षा चुनौती लगायत अनावश्यक झन्झट जस्ता समस्याहरूलाई सकेसम्म न्युनीकरण एवं सहजीकरण गर्नका लागि स्थानीय प्रशासनको सहयोगमा, स्थानीय निकाय लगायत सम्बन्धित पक्षहरूसँग समन्वय गरी समस्या समाधान गर्दै अगाडि बढेको साथै दीर्घकालीन सुरक्षा व्यवस्थाका लागि केन्द्रीय निकायमा पहल भएअनुरुप आयोजनाले नै आवश्यक भवनको व्यवस्था गरी सशस्त्र प्रहरी बल नेपालको क्याम्प बसेको ।

### आगामी कार्ययोजनाः

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.४ मा समेटिएको छ ।

### तालिका नं. ३.४: आयोजनाको आगामी कार्ययोजना

| क्र.सं. | क्रियापलाप | स्वीकृत बजेट (करोडमा) | समय सीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय /महाशाखा |
|---|---|---|---|---|---|
| १ | हेडवर्क्सको सिभिल निर्माण कार्य | १२०.०० | २०८० आषाढ मसान्त | ४१% बाट ६५% पुऱ्याउने | आयोजना |
| २ | पावरहाउसको सिभिल निर्माण कार्य | | | ८% बाट ४०% पुऱ्याउने | आयोजना |
| ३ | हाइड्रोमेकानिकल सम्बन्धी कार्य | १०.०० | ,, | १६% बाट ४०% पुऱ्याउने | आयोजना |
| ४ | इलेक्ट्रोमेकानिकल सम्बन्धी कार्य | २०.०० | ,, | २०% | आयोजना |
| ५ | विद्युत प्रसारण लाईनसम्बन्धी अध्ययन कार्य | ०.०५ | ,, | १००% | आयोजना |
| ६ | ऐलानी जग्गा प्राप्तीसम्बन्धी कार्य | ८.०० | २०८० आषाढ मसान्त | १३ हेक्टर | आयोजना |
| ७ | भेरी कोरिडोर सिँचाइ विकास आयोजना अन्तर्गतका सिँचाइ तथा नदी व्यवस्थापन योजनाहरूको खरिद कार्य | ०.२० | २०८० फाल्गुन मसान्त | ४३ वटा | आयोजना |
| ८ | भेरी कोरिडोर सिँचाइ विकास आयोजना अन्तर्गतका लिफ्ट सिँचाइ योजनाहरू निर्माण कार्य | १०.२३ | २०८० आषाढ मसान्त | ३१ वठा | आयोजना |
| ९ | भेरी कोरिडोर सिँचाइ विकास आयोजना अन्तर्गतका सिँचाइ योजनाहरूको पुनर्स्थापना कार्य | १५.०० | २०८० आषाढ मसान्त | ९४ वटा | आयोजना |
| १० | भेरी कोरिडोर सिँचाइ विकास आयोजना अन्तर्गतका नदी व्यवस्थापन एवं जग्गा उकास कार्य | ४.५० | २०८० आषाढ मसान्त | १ कि. मि. एवं ५ हेक्टर | आयोजना |
| ११ | बबई मान खोला डाइभर्सन आयोजनाको विस्तृत अध्ययन कार्य | १.०० | २०८० आषाढ मसान्त | १००% | आयोजना |

## ३.५ बुढीगण्डकी जलविद्युत आयोजना

प्रस्तावित बुढीगण्डकी जलविद्युत आयोजना बाग्मती प्रदेश र गण्डकी प्रदेशको सीमा भएर बग्ने बुढीगण्डकी उपत्यकामा अवस्थित छ। यस आयोजनाले धादिङ जिल्लातर्फ साबिकका १३ गाविसहरू र गोरखा जिल्लातर्फ साबिकका १४ गाविसहरूसमेत गरी २७ गाविसहरू प्रभावित हुनेछन् । यस आयोजनामा लगानी अभिबृद्धी गरी मुलुकको उच्च दिगो बिकास हासिल गर्ने रणनीति ग्रहण गर्दै धादिङ र गोरखा जिल्लामा निर्माण हुने १२०० मे.वा. क्षमताको जलाशययुक्त राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको छ। यस आयोजनाको बाध स्थल त्रिशुली र बुढीगण्डकी नदीको दोभान बेनीघाटबाट करीब २ किलोमिटर उत्तरतर्फ र बांधको ऊचाई २६३ मि. हुनेछ। यस आयोजनाको निर्माण पश्चात मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका लागि आवश्यक विद्युतीय ऊर्जा उपलब्ध गराई नेपालको समृद्धिका लागि योगदान पुग्नेछ। आयोजना निर्माणको सर्वत्र मुख्य चुनौतीको रुपमा देखापरेको जग्गा अधिग्रहण, मुआब्जा तथा क्षतिपुर्ति वितरण, पुनर्वास तथा पुनर्स्थापनाका कार्य गरी आयोजना निर्माणको सहज वातवरण तयार गर्न यस एकाईका कार्यहरू केन्द्रित रहेका छन् ।

**आयोजनाको लक्ष्यः**

१,२०० मेगावाट क्षमताको जलाशययुक्त जलविद्युत आयोजना निर्माण भई वार्षिक ३,३८३ गिगावाट घण्टा विद्युत उत्पादन हुने ।

**आयोजना अवधिः** शुरु अवधि आ.व. २०६९/७० र सम्पन्न हुने आ.व. २०८३/८४ रहेको छ ।

**आयोजनाको कुल लागतः** शुरु लागत अनुमान रु २ खर्व ६० अर्ब रहेको २५९३ मिलियन अमेरिकी डलर (आधार वर्ष २०१५) मध्य वातावरण तथा सामाजिक लागत करीब रु ६१ अर्ब रहेको (६१२ मिलियन अमेरिकी डलर) ।

**बजेटको श्रोतः** नेपाल सरकार

**आयोजनका प्रमुख क्रियाकलापहरू**

- मुआब्जा वितरणको कार्य भइरहेको,
- जग्गा अधिग्रहण मुआब्जा (क्षतिपुर्ति) वितरण, पुनर्वास तथा पुनर्स्थापना कार्यहरू ।

**आ.व.२०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू**

- गोरखा र धादिङ जिल्लातर्फ १३४४ रोपनी जग्गाको रू.१ अर्ब ६१ करोड मुआब्जा रकम वितरण गरिएको,
- गोरखा र धादिङ जिल्लातर्फ घर गोठ लगायत अन्य संरचना, फलफूल तथा बोटविरुवाहरूको तथ्याङ्क संकलनको कार्य सम्पन्न भई तथ्याङ्क विश्लेषणको कार्य भएको,
- बाँकी रहेको चक्रपथको सर्भेसम्बन्धी कार्य सम्पन्न भएको ।

## आ.व.२०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

आ.व.२०७८/७९मा २०७.२७ रोपनी जग्गाको मुआब्जा वापत २० करोड ९६ लाख वितरण भएको र हाल सम्म धादिङ जिल्ला र गोरखा जिल्ला तर्फगरी जम्मा ४८,९९१ रोपनी जग्गाको मुआब्जा वापत ३४ अर्ब ९ करोड ८० लाख वितरण भएकोछ ।

- घरगोठ लगायत अन्य संरचनाहरूको मुआब्जा (क्षतिपूर्ति) निर्धारण भई, निवेदन संकलनको कार्य सम्पन्न गरी, दुवै जिल्लातर्फ ४५१५ जना जग्गाधनीको जग्गामा वनेका करीव २२,१६४ विभिन्न प्रकारका भैतिक संरचनाहरूको क्षतिपूर्ति वापत रू.४ अर्ब ८८ करोड ६३ लाख मुआब्जा वितरण भएको,
- फलफूल तथा वोटविरुवाहरूको मुआब्जा (क्षतिपूर्ति) निवेदन संकलनको कार्य सम्पन्न गरी दुवै जिल्ला तर्फ करीव ६,४१,५२८.०० वटा विभिन्न प्रजातिको फलफूल तथा वोटविरुवाको क्षतिपूर्ति वापत रु ९२ करोड ३४ लाख मुआब्जा वितरण भएको ।

## हाल आयोजना कार्यन्वयनमा देखापरेका प्रमुख समस्याहरू

- पुनर्वास/पुनर्स्थापना नीति नहुदाँ पुनर्वास/पुनर्स्थापनासम्बन्धी कार्यअगाडि बढाउन नसकिएको,
- फिल्डबुक कायम भएका लालपुर्जा नभएका जग्गाको मुआब्जा वितरणमा कठिनाई भएको,
- आयोजना निर्माणको कार्य शुरु नहुनु ।

## समस्या समाधानका लागि गरिएका प्रयासहरू:

- फिल्डबुक कायम भएका तर लालपुर्जा नभएका जग्गा अधिग्रहणसम्वन्धी आवश्यक निर्णयको पहल भएको,
- पुनर्वास/पुनर्स्थापनाको लागि नीति तयार भई पेश भएको ।

## आगामी कार्ययोजना:

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.५ मा समेटिएको छ ।

**तालिका नं. ३.५: आयोजनाको आगामी कार्ययोजना**

| क्र.स. | क्रियाकलाप | स्वीकृत वजेट (करोडमा) | समयसीमा | अपेक्षित उपलब्धि | जिम्मेवारी निकाय |
|---|---|---|---|---|---|
| १ | पुनर्वास तथा पुनस्थापना लगायत आयोजनाको लागि जग्गा खरिद | २५० | चालु आ.व. २०७९।८० सम्म | जग्गा खरिद | बुढीगण्डकी जलविद्युत आयोजनाको वातावरण मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना ईकाइ । |
| २ | घरगोठ लगायत अन्य भौतिक संरचनाहरूको मुआब्जा (क्षतिपूर्ति) वितरण | ४०० | ,, | जग्गा खरिद | |
| ३ | वोटविरुवा तथा फलफूलको मुआब्जा (क्षतिपूर्ति) वितरण | १३२ | ,, | जग्गा खरिद | |

## ३.६ महाकाली सिंचाइ आयोजना

महाकाली सिंचाई आयोजनालाई नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७८।०८।३० मा निर्णय गरी राष्ट्रिय गौरवको आयोजनामा स्तरोन्नति गरेको हो। यस सिंचाई आयोजना कञ्जनपुर जिल्लाको महेन्द्रनगरमा अवस्थित छ भने यस आयोजनाको पानीको मूल स्रोत महाकाली (टनकपुर ब्यारेज) नदी रहेको छ । सन् १९९६ मा नेपाल र भारतबीच भएको सम्झौता (Mahakali Integrated Development Treaty) अनुरुप नेपालले टनकपुर ब्यारेजबाट हिँउदमा ३०० क्यूसेक र गर्मी याममा १००० क्यूसेक पानी पाउने व्यवस्था रहेको छ ।

**आयोजनाको लक्ष्य:** यस आयोजनाको मुख्य लक्ष्य सतह सिँचाइबाट २८,२२५ हेक्टर र भूमिगत सिँचाइ बाट ५,२६५ हेक्टर गरी जम्मा ३३,४९० हेक्टर (ब्रहम देव, मालाखेती, दोधारा चाँदनी, त्रिभुवन वस्ती) जमिनमा सिँचाइ सुविधा पुऱ्याउने रहेको छ ।

**आयोजनाको अवधि:** शुरु अवधि आ.व.२०६३/६४ रहेको र संशोधित कार्यतालिका अनुसार आ.व.२०८७/८८ सम्म सम्पन्न गर्ने ।

**आयोजनाको लागत अनुमान:** रू ३५ अर्ब रहेको छ ।

**बजेटको श्रोत:** नेपाल सरकार

**आयोजनाका प्रमुख कार्यहरू:**

- १२०० हेक्टर जग्गा अधिग्रहण कार्य,
- १५२ कि.मी. लामो मूल नहर निर्माण तथा कमाण्ड क्षेत्र बचावट कार्य,
- १७२ कि.मी. लामो शाखा नहर विस्तार कार्य, १०२४ कि.मी. लामो प्रशाखा विस्तार कार्य,
- मूल नहर तथा शाखा नहरहरूमा आवश्यक संरचना निर्माण कार्य ।

**आ.व.२०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू**

- टनकपुर मूल नहरको चेनेज १२+६९० सम्मको मूल नहर निर्माण कार्य सम्पन्न भएको, उक्त चेनेज भित्रका साथै चेनेज २८+८०० सम्मका आवश्यक बिभिन्न मुख्य संरचनाहरू Canal syphon–14, Drain syphon–20, VRB–31, Road bridge–2, Superpassage–4, Animal Crossing–5, DUP–5 , Escape–1 को निर्माण कार्य पनि सप्पन्न भएको,
- चेनेज २२+१०० देखि चेनेज २४+७०० भित्र निकुञ्ज क्षेत्रमा पर्ने २७ हेक्टर जग्गा प्राप्ति पश्चात उक्त क्षेत्रभित्र मूल नहर निर्माण कार्य भइरहेको छ ।
- आयोजनाको चेनेज १२+६९० देखि २३+३०० सम्म मूल नहर रेखांकनभित्र पर्ने सामुदायिक वन क्षेत्रको २९.६० हेक्टर जग्गा प्राप्त भएको, उक्त क्षेत्रभित्रको रुख कटान भई नहर निर्माण प्रक्रिया सुरु भएको,
- आयोजनालाई आवश्यक पर्ने १२०० हेक्टर जग्गामध्य हालसम्म जम्मा १६७ हेक्टर जग्गा मात्र उपलब्ध भएको छ भने बर्षौ देखि बसोवास गर्दै आएको १८.६० हेक्टर मूल नहर रेखांकनभित्र पर्ने ऐलानी जग्गाको क्षतिपुर्ति वितरण गर्ने कार्य भई रहेको छ ।

**आ.व.२०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू**

- १८५ हेक्टर जग्गा अधिग्रहण कार्य,
- २६.२ कि.मी. लामो मूल नहर निर्माण कार्य (संरचना सहित) सम्पन्न,
- टनकपुर मूल नहर निर्माणको कार्य चे. १२+६९० देखि २८+८०० सम्मको तिनवटा ठेक्का प्याकेजको हालसम्मको समष्टिगत प्रगति करीब ८७% (जम्मा १६.११ कि.मी. मध्ये करीब १३.५१ कि.मी.) सम्पन्न,
- टनकपुर मूल नहर चे.१२+६९० देखि चे.२८+८०० मा निर्माणधीन अवस्थामा रहेका ठेक्काहरू तथा म्भकर्षतिष्लन द्यबकष्ल र शाखा नहरहरूको गुणस्तर कायम तथा प्राविधिक सुपरिवेक्षणको लागि परामर्शदाता नियुक्ति कार्यको खरिद प्रक्रिया अन्तर्गत सम्झौताको लागि आह्वान गरिएको,
- ब्रह्मदेव, मुसेपानी/हात्तीथला तथा फुलेली क्षेत्रको ५३०० हे. क्षेत्रफलमा सिचाइ सुविधा पुऱ्याउन चेनेज ०+००० देखी चेनेज २८+८०० सम्ममा पर्ने २२ वटा शाखाहरू निर्माण कार्यको खरिद कार्यको लागि बोलपत्र आह्वान गरिएको,

- २०० हेक्टर क्षेत्रफलमा सिचाइ सुविधा पुऱ्याउन दोधारा चाँदनीको कन्जभोजमा लिफ्ट सिँचाइको लागि बोलपत्र आह्वान गरिएको,
- चे.०+००० देखि २८+८०० कि.मी. सम्मका २२ वटा शाखा नहरहरू Desilting Basin को Flushing Channel र दोधारा चाँदनी मूल नहरको चे. ०+००० देखि १+२०० कि.मी.सम्म को नहर निर्माण रेखाङ्कनभित्र पर्ने करीब १४ हे. Registered भएका जग्गा प्राप्तिको लागि मिति २०७९/०२/२९ गते गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरिएको । उक्त जग्गाहरूको मुआब्जा दर रेट निर्धारणको लागि उप-समिति गठन भई दर रेट सङ्कलन क्रममा रहेको,
- सिँचित क्षेत्र बचावट (CAP) कार्य अन्तर्गत जोगबुडा नदीमा करीब ७५० मि. तटबन्ध निर्माण कार्य गरिएको,
- टनकपुर मूल नहरको चेनेज २८+८०० देखि अगाडि चेनेज ४८+३०० कि.मी.सम्म टनकपुर मूल नहर, गुलरीया मूल नहर तथा कैलालीको मालाखेती क्षेत्र र दोधारा चाँदनी मूल नहर निर्माण कार्यको लागि नेपाल- भारत बोर्डरदेखि करीब १६ कि.मी.सम्मको Design Review गराई Report प्राप्त भएको,
- टनकपुर मूल नहरको चेनेज २८+८०० देखि अगाडि चेनेज ४८+३०० कि.मी.भित्र पर्ने १० ओटा सामुदायिक बन जंगल क्षेत्र ३७.३३५ हेक्टर भोगधिकार तथा रुख विरुवा कटान छपानसम्बन्धी फाईल वन विभागमा पुगेको ।

## आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरू

- जग्गा अधिग्रहण र मुआब्जा नबुझ्ने समस्या,
- मूल नहर सामुदायिक वन निकुञ्ज क्षेत्रमा पर्ने र वन क्षेत्रका नियम कानूनहरू पूरा गर्ने झन्झटिलो प्रक्रिया,
- नदीजन्य पदार्थको अनियन्त्रित किसिमबाट उत्खनन गर्दा नहर संरचनाहरूमा असर पुगी रहेको ।

## समस्या समाधानका लागि गरिएका प्रयासहरू

वन कार्यालय र स्थानीय निकायहरूसँग समन्वयन भई कार्य अघि बढिरहेको ।

## आगामी कार्ययोजना

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.६ मा समेटिएको छ ।

## तालिका नं. ३.६ आयोजनाको आगामी कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समयसीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय/ महाशाखा |
|---|---|---|---|---|---|
| १ | टनकपुर मूल नहर निर्माण कार्य | १५ | २०८० असार मसान्त | ३ कि.मि मूल नहर निर्माण | जलस्रोत तथा सिँचाइ विभाग / मन्त्रालय |
| २ | मूल नहर संरचना निर्माण कार्य(नहर निर्माण कार्य) | ५ | २०८० असार मसान्त | १० वटा मूल नहर संरचना निर्माण | जलस्रोत तथा सिँचाइ विभाग / मन्त्रालय |
| ३ | शाखा नहर निर्माण कार्य र नहर निर्माण कार्य, ब्रम्हदेव क्षेत्रका २२ शाखा नहर ) | १५ | २०८० असार मसान्त | १० कि.मि शाखा नहर निर्माण | जलस्रोत तथा सिँचाइ विभाग / मन्त्रालय |
| ४ | शाखा नहरमा संरचना निर्माण कार्य | ९ | २०८० असार मसान्त | १० वटा शाखा नहर संरचना निर्माण | जलस्रोत तथा सिँचाइ विभाग / मन्त्रालय |
| ५ | डिसिल्टिङ्ग बेसिन तथा लिङ्क नहर निर्माण कार्य | ४० | २०८० असार मसान्त | डिसिल्टिङ्ग वेसिन तथा HR/CR निर्माणको ४५% कार्य सम्पन्न गर्ने | जलस्रोत तथा सिँचाइ विभाग / मन्त्रालय |
| ६ | जग्गा अधिग्रहण | १६. ७५ | २०८० असार मसान्त | १४ हेक्टर जग्गा अधिग्रहण | जलस्रोत तथा सिँचाइ विभाग / मन्त्रालय |
| ७ | सतह सिँचाइ पुग्न नसक्ने स्थानहरूमा लिफ्ट सिँचाइ प्रणाली निर्माण कार्य | ५ | २०८० असार मसान्त | लिफ्ट सिँचाइ प्रणाली निर्माण कार्य सम्पन्न गर्ने | जलस्रोत तथा सिँचाइ विभाग / मन्त्रालय |
| ८ | सिँचित क्षेत्र तथा संरचना बचावट कार्य (जोगबुढा नदीबाट सिँचित क्षेत्र बचावट कार्य) | ७ | २०८० असार मसान्त | २ कि.मी. मा जोगबुढा क्षेत्र बचावट कार्य गर्ने । | जलस्रोत तथा सिँचाइ विभाग / मन्त्रालय |

## ३.७ सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना

बागमती सिंचाई आयोजनाबाट सिंचाई भइरहेको रौतहट र सर्लाही जिल्लाको ४५,६०० हेक्टर जमिन समेत बागमती सिँचाइ योजनाको सिँचित क्षेत्र बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा जिल्लाहरूको जम्मा १,२२,००० हेक्टर जमिनमा वर्षैभरी भरपर्दो सिँचाइ सेवा उपलब्ध गराउनु यस आयोजनाको मुख्य उद्धेश्य भएको साथै ३१.०७ मेगावाट विद्युत उत्पादन गर्ने सहायक उद्धेश्य रहेको छ। जस अन्तर्गत सिन्धुली जिल्लाको खुर्कोट बजारबाट २ कि.मी. माथि र सुनकोशी-तामाकोशी दोभानबाट करीब ९५० मि. तल सुनकोशी नदीमा ब्यारेज निमार्णका साथै इन्टेक, डिसेन्डर तथा १३.३ कि.मी. टनेलबाट ६७ क्युमेक्स (६७ घन मिटर प्रति सेकेन्ड) पानी मरिन खोलाको बायाँ किनारमा निर्माण हुने पावरहाउसमा खसालिनेछ ।

### आयोजनाको लक्ष्य:

बागमती सिँचाइ योजनाको सिँचित क्षेत्र सहित बारा, रौतहट,  सर्लाही, महोत्तरी, धनुषा जिल्लाहरूकोसमेत गरी जम्मा १,२२,००० हेक्टर जमिनमा भरपर्दो सिँचाइ सुविधा पुऱ्याउनुका साथै ३१.०७ मेगावाट विद्युत उत्पादन गर्ने ।

**आयोजनाको अवधि:** आ.व. २०७३/७४ देखि आ.व. २०८२/८३ सम्म ।

**आयोजनाको लागत अनुमान:** रू. ४६ अर्ब १९ करोड ३९ लाख ।

**बजेटको श्रोत:** नेपाल सरकार/वैदेशिक सहयोग

### आयोजनका प्रमुख कार्यहरू:

- हेडवर्क्स, इन्टेक, डिसेन्डर बेसिन, पावर हाउस, हाइड्रोमेकानिकल लगायतका निर्माण कार्य, Relocation, अफिस निर्माण लगायत अन्य सिभिल कार्य,
- टनेल, सर्ज ट्यांक  निर्माण कार्य,
- इलेक्ट्रिकल, इलेक्ट्रोमेकानिकल र ट्रान्समिसन लाईन निर्माण कार्य,
- मरिण नदी नियन्त्रण कार्य,
- अध्ययन/अनुसन्धान तथा परामर्स सेवा ।

### आ.व.२०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू

- आयोजनाको Detail Feasibility Study Report स्वीकृत भएको,
- आयोजनाको खरिद गुरुयोजना स्वीकृत भएको,
- वातावरणीय प्रभाव विश्लेषण (Environmental Impact Analysis) प्रतिवेदन स्वीकृत भएको,

## आ.व.२०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

- रामेछाप जिल्ला अन्तर्गतको डुवानमा पर्ने जग्गा अधिग्रहणको सम्बन्धमा जग्गाको मूल्याङ्कन सम्पन्न भई मुआब्जा वितरणको कार्य भइरहेको,
- सुरुङ्ग निर्माण कार्यको ठेक्का सम्झौता सम्पन्न भई ठेकेदार आयोजना स्थलमा परिचालन भएको। TBM Inlet Portal, Segment plant, Crushing plant, TBM Platform, Batching Plant, Starter Tunnel को निर्माण कार्य सम्पन्न भएको, TBM Re-engineering कार्य सम्पन्न भई TBM को सामानहरू कलकत्ता बन्दरगाह हुँदै नेपाल आउने क्रममा रहेको केही सामान आयोजना स्थलमा आइपुगेको तथा TBM Backup System को जडान कार्यसम्पन्न भई TBM Assembly at site (जडान कार्य) शुरू भएको,
- हेडवर्कस्, पावरहाउस, सर्जसाफ्ट, वी.पी. राजमार्ग Realignment का साथै हात्तीटार जमिन उकास कार्यको समेत लागत अनुमान विभागबाट स्वीकृत भएको र सोही Headworks Package अन्तर्गतको PQ notice मिति २०७९ असार २४ गते प्रकाशन भएको,
- सामाजिक विकास अन्तर्गतका कार्यहरू गर्नको निम्ति स्थलगत माग संकलन कार्य भएको तथा प्रभावित क्षेत्रका बासिन्दालाई सिप विकास तालिम तथा अवलोकन भ्रमण कार्य सम्पन्न भएको,
- सुनकोशी तथा तामाकोशी नदी नियन्त्रण कार्यका लागि विभाग तथा अयोजनाको प्रतिक्रिया परामर्शदातालाई पठाइएकोमा सोही अनुरुप परामर्शदाताबाट पुन: पेश भएको । मरिण नदी नियन्त्रण कार्यको लागत अनुमान तयार भई स्वीकृतिको लागि विभागमा पेश भएकोमा विभागबाट स्थलगत निरीक्षणको तयारी भइरहेको। डुबान प्रभावित क्षेत्रमा लिफ्ट सिँचाइहरूको Project Appraisal विभागबाट भएको र यसको लागत अनुमान स्वीकृती तथा बोलपत्र आव्हानको तयारी भएको,
- वी.पी. राजमार्ग Realignment डिजाइन सडक विभागबाट स्वीकृत प्राप्त भएको ।

## आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरू:

- रामेछाप जिल्लातर्फको डुबान क्षेत्रको जग्गा अधिग्रहण कार्यमा केही समस्या भएको,
- परामर्शदाताको नियुक्तिमा ढिलाई हुन गएको,
- दातृ निकाय र विभिन्न सरोकारवाला निकायहरू सँगको समन्वय र सहयोग अपर्याप्त रहनु,
- आयोजनाबाट वी.पी. राजमार्ग, मदन भण्डारी राजमार्गको केही भाग Divert गर्नु पर्ने तथा रामेछापको हात्तीटारमा रहेको माझी बस्तीको Land Reclamation गर्नु पर्ने,
- निर्माण सामग्री उत्खनन क्षेत्र अझै निर्क्योल हुन नसकेको ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरु:

- विभिन्न तहमा पटक पटक छलफल भई मूल्य निर्धारण कार्य सम्पन्न भई मुआब्जा वितरण कार्य भइरहेको,
- यस आयोजनाबाट सबै सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय गरी कार्यअगाडि बढाइएको,
- वी.पी. राजमार्गको Realignment Plan को सम्बन्धमा सडक विभागबाट स्विकृती लिने कार्य भएको,
- मदन भण्डारी राजमार्गको Realignment Plan भैतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट स्वीकृत लिने कार्य भएको,
- रामेछापको हात्तीटारमा रहेको माझी बस्तीको Land Reclamation कार्यको लागि प्रभावित क्षेत्रका बासिन्दासँग समन्वयात्मक बैठक भएको र सो कार्यको लागत अनुमान Headworks Package अन्तर्गत जलस्रोत तथा सिँचाइ विभागबाट स्वीकृत भएको,
- सोको समाधानका लागि राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको सहमतिमा नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य भएको ।

### आगामी कार्ययोजना

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.७ मा समेटिएको छ ।

### तालिका नं. ३.७: आयोजनाको आगामी कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समयसीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय/महाशाखा |
|---|---|---|---|---|---|
| १ | जग्गा अधिग्रहण कार्य | २५ | श्रावण, भाद्र, असोज, पुष, माघ | जग्गा अधिग्रहण कार्य सम्पन्न हुने | आयोजना |
| २ | सुरुङ निर्माण कार्य | १८५ | श्रावण - असार | ४ कि.मी. सुरुङ निर्माण हुने | आयोजना |
| ३ | हेडवर्क्स र विद्युतगृह निर्माण कार्य | १६.४३ | श्रावण - असार | २% हेडवर्क्स र विद्युतगृह निर्माण हुने | आयोजना |
| ४ | वातावरणीय व्यवस्थापन योजना सम्बन्धि कार्य | १० | श्रावण - असार | रामेछाप तर्फको ५ वटा लिफ्ट सिँचाइ योजना निर्माण हुने | आयोजना |
| ५ | नदी नियन्त्रण कार्य | २० | श्रावण - असार | ५ कि.मी. मरिन नदी नियन्त्रण कार्य हुने | आयोजना |

## ३.८ मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (विद्युत प्रसारण आयोजना)

नेपाल सरकार र अमेरिकी सरकारी निकाय मिलेनियम च्यालेन्ज कर्पोरेसन (Millennium Challenge Corporation) बीच नेपालमा ऊर्जा र यातायात क्षेत्रका पूर्वाधार विकासका लागि MCC ले ५०० मिलियन अमेरिकी डलर अनुदान सहायता उपलब्ध गराउनेसम्बन्धी सम्झौता (Compact Agreement) सेप्टेम्बर १४, २०१७ मा भए अनुरुप सोको कार्यान्वयनका लागि विकास समिति ऐन अन्तर्गत मिलेनियम च्यालेन्ज एकाउण्ट नेपालको गठन भएको छ। सम्झौता अनुसार विशेष गरी अन्तर्देशीय विद्युतप्रसारण लाइन निर्माण र विकासमा अमेरिकाले करीब रू. ६० अर्ब नेपाली रुपैयाँ अनुदान दिने जसमध्य केही रकम सडक मर्मत र अन्य विषयमा खर्च हुनेछ । सम्झौताअनुसार नेपाल सरकारले पनि पूर्वाधार विकासमा करीब रू. १५ अर्ब रुपैयाँ लगानी गर्ने प्रावधान रहेको छ ।

नेपाल सरकार मन्त्रिपरिषदको आश्विन ५, २०७५ शुक्रबार बसेको बैठकले सरकारले अमेरिकाको मिलेनियन च्यालेन्ज कर्पोरेसनको सहयोगका दुई आयोजनालाई राष्ट्रिय गौरवका आयोजना घोषणा गर्‍यो । अमेरिकी सहयोगमा निर्माण गर्न लागिएका काठमाण्डौको लप्सीफेदीदेखि धादिङको गल्छी-रातमाटे प्रसारण लाइन र दमौली-भरतपुर-बुटवल प्रसारण लाइन निर्माण आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा सूचीकृत गर्ने निर्णय गरिएको हो ।

**आयोजनाको लक्ष्य:** २८९ किलोमिटर आन्तरिक (४०० के.भी.) तथा २३ किलोमिटर अन्तरदेशीय (न्यू-बुटवल-सुनौली) प्रशारण लाईन र ३ वटा सब-स्टेशन निर्माण गर्ने ।

**आयोजनाको अवधि:** आयोजना कार्यान्वयनको चरण (EIF) मा गएपश्चात ५ बर्षको हुने ।

**आयोजनाको लागत अनुमान:** अमेरिकी डलरमा ५१.९१करोड (नेपाली रुपैया ६१२५.७७ करोड)

**बजेट स्रोत:** नेपाल सरकार र वैदेशिक

**नेपाल सरकार:** अमेरिकी डलर १२.०९ (नेपाली रुपैयाँ १४ अर्ब २६ करोड ६२ लाख)

**बैदेशिक एमसिसि:** अमेरिकी डलर ३९.८२ करोड (नेपाली रुपैयाँ ४६ अर्ब ९९ करोड १५लाख)

**आयोजनाका प्रमुख कार्यहरू:**

क) ४०० KVA को ३१५ कि.मी. डबल सर्किट ट्रान्समिशन लाइन निर्माण,

ख) ३ वटा सब-स्टेशन निर्माण ।

### आ.व.२०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू

- रातामाटे सब-स्टेशनका लागि जग्गा अधिग्रहण र मुआब्जा वितरण कार्य सम्पन्न,
- साझेदारी कार्यक्रम अन्तर्गत आयोजना लागूहुने स्थानीय तहका जनप्रतिनिधि एवं सरोकारवालासँगको छलफलको आधारमा यस आयोजनाबाट सञ्चालन हुने क्रियाकलापहरूको योजना तयार,
- वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन स्वीकृत,
- रुख कटानका लागि सम्बन्धित मन्त्रालयमा अनुरोध गरी पठाइएको,
- पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनर्स्थापन योजना तयार भएको,
- विद्युत नियमन आयोगसँगको आयोजना कार्यान्वयन सम्झौता हस्ताक्षर,
- सामाजिक तथा लैंगिक समावेशी कार्ययोजना स्वीकृत,
- Trafficking–In–Person (TIP) Risk Management Plan तयार,
- सडक मुल्याङ्कन सर्वेक्षण सम्पन्न,
- प्रारम्भिक इञ्जिनियरिङ्ग डिजाइन सम्पन्न ।

### आ.व. २०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

- ट्रान्समिशन लाइनको ३० कि.मी. अतिरिक्त खण्डको सर्भेको सम्झौता सम्पन्न भै काम अघि बढिरहेको,
- रातामाटे सब-स्टेशनका लागि जिविकोपार्जन पुनर्स्थापना कार्यक्रम (LRP) को सम्झौता सम्पन्न भै अघि बढिरहेको,
- सामुदायिक वन उपभोक्ता समुहको कार्ययोजना तयार,
- रातमाटे सब-स्टेशनका लागि जग्गा अधिग्रहण र मुआब्जा वितरण कार्य अन्तिम चरणमा,
- ट्रान्समिशन लाईन तथा सब-स्टेसनका लागि बोलपत्रसम्बन्धी कागजात (IFB) तयार भैसकेको,
- प्रसारण लाईन पुनर्वास कार्ययोजना (RAP) तथा जिविकोपार्जन पुनर्स्थापना कार्यक्रम (LRP) का लागि प्रस्ताव मुल्यांकन भइरहेको ।

### आयोजना कार्यान्वयनमा देखापरेका मुख्य समस्याहरु:

- रातामाटे सब-स्टेशनका लागि जग्गा अधिग्रहण गर्ने क्रममा फिल्डबुकमा रहेको ४ वटा कित्ताको जग्गा अधिग्रहणको विषय अदालतमा विचाराधिन रहेको । जग्गाको निर्णय हुन बाँकी रहेको,
- निर्माण सामाग्रीमा भएको मुल्य वृद्धिले आयोजनाको लागतमा वृद्धि हुन सक्ने,
- ट्रान्समिसन लाईन रुटमा जग्गा अधिग्रहण लगायतका काममा स्थानीयको अवरोध ।

**समस्या समाधानका लागि गरिएका प्रयासहरु:**

- खर्च मितव्ययितातर्फ आयोजनाले ध्यान केन्द्रित गरेको,
- सरोकारवालासँगको छलफललाई निरन्तरता दिईएको ।

**आगामी कार्ययोजना:**

- ट्रान्समिसन लाइन पुनर्वास कार्य योजना (RAP) र जिविकोपार्जन पुनर्स्थापना कार्यक्रम (LRP) गरिने,
- नयाँ वितरण लाईन निर्माण तथा क्षमता अभिवृद्धिका लागि डिजाईन र निर्माण ठेक्का लगाईने,
- नयाँ विद्युतीय खानेपानी वितरण प्रणाली लागि डिजाईन ठेक्का लगाईने,
- आयोजना प्रभावितक्षेत्रका व्यक्तिहरूको क्षमता अभिवृद्धिका लागि परामर्श सेवा प्राप्त गरिने ।

## ३.९ पश्चिम सेती जलविद्युत परियोजना

नियमित र भरपर्दो रुपमा बिद्युत उत्पादन र बितरण गरी आन्तरिक मागको पूर्ती तथा बिद्युत ब्यापार बिस्तार गर्नुपर्ने आवश्यकता रहेको छ । यसका लागि आयोजनाको तल्लो तटिय क्षेत्रमा रहेको एस. आर. ६ समेतलाई समाबेश गरी जलाशययुक्त पशचिम सेती तथा एस. आर. ६ जलबिद्युत आयोजनाबाट १,२०० मेगावाट बिद्युत उत्पादन क्षमता रहेको यो आयोजना राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको छ ।

**अवस्थिति:** सुदूरपश्चिम प्रदेश स्थित डोटी, बैतडी, डडेल्धुरा र बझाङ्ग जिल्ला ।

**आयोजनाको लक्ष्य:** सेती नदीमा १,२०० मेगावाट क्षमताको जलविद्युत आयोजना निर्माण गर्ने ।

**आयोजना अवधि:** आयोजना शुरू वर्ष: आ.व.२०६७/६८ आयोजना सम्पन्न हुने वर्ष तय हुन बाँकी ।

**आयोजनाको लागत अनुमान:** रू. १४८० मिलियन अमिरिकी डलर (दोश्रो लगानी सम्मेलनमा प्रस्तुत गरिएको) ।

**संशोधित अनुमान:** रू. १३२० मिलियन अमिरिकी डलर (लगानी बोर्डको ४७ औं बैठकले राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा गठन गरेको अध्ययन समितिको प्रतिवेदन बमोजिम ।)

**बजेटको श्रोत:** सार्वजनिक-निजी-साझेदारी

### आयोजना विकासका लागि हालसम्म भएका प्रमुख कार्यहरू

मिति २०७५/१२/०१ मा बसेको लगानी बोर्डको पैंतीसौ बैठकको निर्णयानुसार मार्च २०१९ मा सम्पन्न दोस्रो लगानी सम्मेलनमा पश्चिम सेती जलविद्युत परियोजना (७५० मेगावाट) र SR–6 जलविद्युत परियोजना (४५० मेगावाट) छुट्टाछुट्टै तथा संयुक्त रूपमा Show Case गरी परियोजना विकास र कार्यान्वयन प्रक्रिया अगाडि बढाउनको लागि आशयपत्र माग गरिएको ।

### आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु:

- पश्चिम सेती जलाशययुक्त जलविद्युत परियोजना विकासको लागि पटक पटक भएका प्रयासहरू सफल हुन नसकिरहेको,
- प्रगतिको नियमित अनुगमन तथा सहजीकरणका कार्यहरू हुनुपर्ने देखिएको ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरू:

- लगानी बोर्डको ५१ औं तथा ५२ औं वैठकहरूबाट महत्वपूर्ण निर्णयहरू भएपश्चात परियोजना विकास कार्य अगाडि बढ्ने अपेक्षा गरिएको,
- २०७९।४।२३ मा बसेको बोर्डको बाउन्नौ बैठकले स्वीकृत गरेको समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएकोमा यथासमयमा सर्वेक्षण अनुमतिपत्र जारी गरी अध्ययनको कार्य अगाडि बढाउनुपर्ने देखिएको ।

### आगामी कार्ययोजना:

नेपाल सरकार मन्त्रिपरिषद् (म.प.बै.सं. ९/०७९) को मिति २०७९/२/३१ को बैठकको निर्णय बमोजिम NHPC Limited, A Government of India Enterprise Sector 33, Faridabad सँग ७५० मेगावाट क्षमताको पश्चिम सेती जलाशययुक्त परियोजना तथा ४५० मेगावाट क्षमताको सेती नदी-६ जलविद्युत परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न समझदारीपत्रको व्यवस्था तथा विद्यमान कानूनी प्रावधानबमोजिम सर्वेक्षण अनुमतिपत्र प्रदान गर्ने तथा सोको नियमित अनुगमन गर्ने ।

## ३.१० गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना

करीब ६० वर्षको आन्तरिक विमानस्थल सञ्चालनको इतिहास बोकेको गौतमबुद्ध विमानस्थल १५०० मि. लम्बाई र ३० मि. चौडाईको धावनमार्गलाई स्तरोन्नति गरी ICAO Code B र C का जहाजहरू जस्तै ATR 72 –500, CRJ–700 उडान अवतरण गर्ने ३००० मी. लम्बाई ३० मी. चौडाई धावनमार्ग सहित अन्तर्राष्ट्रिय टर्मिनल भवन बनाउने लक्ष्य लिई २०७१/७२ मा शुरू भएको आयोजना हो । यस विमानस्थल UNESCO को विश्व सम्पदा सूचीमा समावेश भगवान गौतम बुद्धको जन्मभूमि लुम्बिनीबाट करिब २४ कि.मी.को दुरीमा भएकोले पनि यस विमानस्थलको महत्व छ । यसै अनुरुप नेपाल सरकारले एशियाली विकास बैंकको सहयोग तथा आफ्नो श्रोतबाट

यस विमानस्थलको स्तरोन्नती कार्य गरी भगवान गौतम बुद्धको जन्मभूमि विश्वभर चिनाउने प्रयास गरेकोछ। विश्वका बौद्ध धर्मावलम्बीहरू एवम् अन्य पर्यटकहरूलाई लुम्बिनी भ्रमणमा प्रत्यक्ष सहयोग पुग्ने, धार्मिक पर्यटनको माध्यमबाट समृद्ध राष्ट्र निर्माण गर्न सहयोग पुग्ने, हवाई पर्यटक एवम् यात्रुहरूलाई सहयोग पुऱ्याउने, रोजगारी सिर्जना गर्ने, देशको एकमात्र चालु अन्तर्राष्ट्रिय विमानस्थलको वैकल्पिक विमानस्थलको रुपमासमेत भौगोलिक सहजताका कारण यस विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नति गर्ने कार्य अगाडि बढाइएको हो ।

**आयोजनाको लक्ष्य:** देशमा एउटा रहेको कमात्र अन्तर्राष्ट्रिय विमानस्थलको हवाई चाप कम गर्ने गरी अन्तर्राष्ट्रिय पर्यटनको संख्या बढाई पर्यटन प्रवर्द्धनमा सहयोग गरी देशको आर्थिक विकास गर्ने ।

**आयोजनाको अवधि:** शुरु अवधि आ.व. २०७१/०७२ देखि गत  आ.व. २०७८/०७९ को पुस मसान्तसम्ममा सम्पन्न गर्ने ।

**आयोजनाको लागत अनुमान:** लागत अनुमान संशोधितसहित रू.६ अर्ब ८२ करोड रहेको ।

### आयोजनाका प्रमुख कार्यहरू

- लम्बाई ३००० मिटर चौडाई ६० मिटर को धावनमार्ग निर्माण गर्ने,
- चारवटा Link Taxiway ट्याक्सी वे तथा प्रशासकीय भवन, कन्ट्रोल टावर निर्माण गर्ने ,
- अन्तर्राष्ट्रिय जहाजका लागि पार्किङ्ग क्षेत्र (एप्रोन) निर्माण गर्ने,
- अन्तर्राष्ट्रिय टर्मिनल भवन तथा आवश्यक उपकरणहरू जडान गर्ने,
- पेरिमिटर रोड, आवश्यक ड्रेनेज, फेन्सिङ्ग, फायर बिल्डिङ्ग, पानी ट्याङ्की, कार पार्किङ्ग क्षेत्र निर्माण कार्य,
- Communication, Navigation सम्बन्धी उपकरणहरूको जडान गर्ने ।

### आयोजना विकासका लागि हालसम्म भएका प्रमुख कार्यहरू

उल्लेखित कार्यहरू सम्पन्न भई मिति: २०७९ जेठ २ गतेबाट विमानस्थल व्यावसायिक रुपमा सञ्चालनमा आईसकेको ।

## ३.११ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय  विमानस्थल आयोजना

कास्की जिल्लास्थित पोखरा महानगरपालिकामा विगत ४० वर्षदेखि अधिग्रहण गरिएको जग्गामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी पर्यटन उद्योगको प्रवर्द्धन गर्ने यस आयोजनाको लक्ष्य रहेको छ । सन् २०११ मा आयोजना शुरू भए तापनि नेपाल सरकार र चीन सरकार बीच ऋण सम्झौता भएको मितिबाट ४ वर्षभित्र सम्पन्न हुने अनुमान गरिएको थियो । सन् २०११ मा आयोजना शुरू भएता पनि नेपाल सरकार र चीन सरकारबीच २०१७ मार्चमा ऋण सम्झौता

भएकोले सो मितिबाट ४ वर्षभित्र अर्थात् सन् २०२१ सम्ममा सम्पन्न हुने अनुमान गरिएको भए पनि संशोधित कार्यतालिका अनुसार आ.व. ०७९/०८० सम्ममा सम्पन्न गर्ने रहेको छ ।

**आयोजनाको लक्ष्य:** पोखरामा 4D स्तरको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने ।

**आयोजना अवधि:** शुरु अवधि आ.व २०७४/७५ देखि २०७७/७८ सम्म रहेकोमा संशोधित कार्यतालिका अनुसार आ.व. २०७९/८० सम्ममा सम्पन्न गर्ने ।

**आयोजनाको लागत:** शुरु लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर (करिब २२ सय करोड),

**बजेटको श्रोत:** नेपाल नागरिक उड्डयन प्राधिकरण (जग्गा अधिग्रहण)

**वैदेशिक ऋण:** पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न चीन सरकार China Exim Bank

### आयोजनाका प्रमुख कार्यहरू:

क) 4D स्तरको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने

(Runway, Taxiway, Apron, Hangar, Isolated Parking, Terminal Building & other ancillary's buildings)

### आ.व. २०७७/७८ मा सम्पादन गरिएका क्रियाकलापहरू

- Major Infrastructure Construction and Installation work Completion.

### आ.व. २०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

क) Communication, Navigation, Surveillance उपकरण जडान ।

ख) Security Equipment Installation.

### हाल आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरू

- इन्धन भण्डार गृह निर्माण कार्य नेपाल आयल निगमबाट ठोस रुपमा कार्यअगाडि नबढेको,
- बिमानस्थल क्षेत्रभन्दा बाहिर उत्तरतर्फ करीब ४ कि.मी. पर (मणिपाल ,सेती नदी, काहुँखोला) देखि करीब ५०० हेक्टर जग्गाको वर्षातको समयमा बग्ने पानी, भित्री सडक र पृथ्वी राजमार्गको नालाबाट र सिचाँइको नहरबाट बगेर आउने पानी एकत्रित भई विमानस्थल क्षेत्रमा प्रवेश गरी पूर्वतर्फको विजयपुर खोला नजिकको जग्गामा पहिरो गई जमिनको क्षति तथा आयोजना क्षेत्रभित्रको पानीको निकासका लागि बनाइएका नहर तथा

संरचना समेत भत्किएकोले पानीको निकास गर्न समस्या परेको कारणले पहिरो जाने क्रम बढ्दै गएको,

- पोखराको हाल रहेको स्यानिटरी ल्याण्डफिल्ड साइटको स्थानान्तरण हुन नसक्नु ।

## समस्या समाधानका लागि गरिएका प्रयासहरू

- नेपाल आयल निगमसँग निरन्तर वैठक बसी छलफल, पत्राचार तथा फोनसम्पर्क निरन्तर गर्दै आएको, सोको जानकारी नेपाल सरकारलाई गराउँदै आएको,
- प्रमुख जिल्ला अधिकारी तथा महानगरपालिका प्रमुखको उपस्थितीमा बसेको बैठकबाट निर्णय भएबमोजिम वर्षायाममा आउने बाढी पहिरो नियन्त्रणका लागि समस्या पहिचान एवं समाधानको विकल्प पेश गर्न यस आयोजना र सम्बन्धित सिँचाइ, सडक, महानगरपालिका प्रतिनिधि सहितको कार्यदल गठन गरी प्राप्त प्रतिवेदन अनुसार आवश्यक कार्यार्थ जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयलाई निर्देशन भएको,
- बाढीको व्यवस्थापन गर्न आयोजना कार्यालयबाट विमानस्थलको उत्तरतर्फ (पश्चिमदेखि पुर्वतर्फ बग्ने) आवश्यक क्षमताको Drainage तथा पूर्वतर्फ विजयपुर खोला नजिकै Outlet Structure निर्माण कार्य सम्पन्न गरेको साथै अत्यधिक वर्षाको समयमा आउने भलबाढीलाई व्यवस्थित गर्न छुट्टै एउटा Escape Canal को निर्माण गरिएको,
- पोखरा महानगरपालिकालाई पटक पटक पत्राचार गरी स्यानिटरी ल्याण्डफिल्ड साइटको स्थानान्तरण गर्न अनुरोध गरिएको र प्रस्तावित ठाउँमा संयुक्त रुपमा फिल्ड भ्रमणबाट यकिन गरी कार्य अगाडि बढाउन मिल्ने भनी पत्राचार गरिएको ।

## आगामी कार्ययोजना

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.८ मा समेटिएको छ ।

### तालिका नं. ३.८: आयोजनाको आगामी कार्ययोजना

| क्र.सं | क्रियाकलाप | स्वीकृत बजेट | समयसीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय /महाशाखा |
|---|---|---|---|---|---|
| १. | आ.व. २०७९/८० मंसिर सम्ममा समस्टिगत १००% भौतिक प्रगति हासिल गर्ने। | ४ अर्ब ३० करोड | अक्टुवर,२०२२ | १००% | ने.ना.उ.प्रा. रा.गौ.आ. |
| २. | थप जग्गा अधिग्रहण कार्य सम्पन्न गर्ने । | ३० करोड | २०७९ मंसिर मसान्त सम्म | १००% | ने.ना.उ.प्रा. रा.गौ.आ. |

## ३.१२ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना

सन १९९५मा नेपाल सरकारले NEPECON in association with IRAD/BDA नामक कम्पनीलाई अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि प्रारम्भिक सम्भाव्यता अध्ययन/सर्भेक्षण गर्ने जिम्मा दिएकोमा उक्त कम्पनीले विमानस्थल निर्माण हुने जग्गाको उपयुक्तता, धावनमार्गको लागि आवश्यक क्षेत्रफल, भौगोलिक अवस्थिति भूबनोट, एयर रुट, एयर स्पेश, वन्यजन्तु संरक्षित क्षेत्रसँगको दुरी, देशका प्रमूख शहरहरूसँगको दुरी, जग्गा मुआब्जा बापत भुक्तान गर्नुपर्ने मूल्य, जनघनत्व, लगायतका विविध पक्षको मूल्याङ्कनसहितको अध्ययनका आधारमा ८ ठाँउको सर्वेक्षण गरी सम्पूर्ण दृष्टिले उपयुक्त स्थानको रुपमा बारास्थित टाँगिया बस्तीसहितको ८०.४५ वर्ग कि.मी..को वन तथा बस्ती क्षेत्रलाई उपयुक्त स्थानको रुपमा ठहऱ्याएको थियो ।

राष्ट्रिय योजना आयोगले मिति २०६४/०९/१८ मा दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण निजीक्षेत्रको लगानी (BOOT Model) मा निर्माण गर्नेगरी सूचीकृत गऱ्यो । मिति २०६५/०९/०२ मा नेपाल सरकार (मन्त्रिपरिषद) बाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र Land Mark Worldwide (LMW) बीच परियोजनाको सम्भाव्यता अध्ययन सम्झौता गर्ने निर्णय भयो। सोअनुरुप मिति २०६६/११/२३ (मार्च ०७, २०१०) म.प.को निर्णयानुसार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र Land Mark Worldwide (LMW) बीच दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको विस्तृत सम्भाव्यता अध्ययन गर्ने सम्झौता भई LMW ले २ अगस्ट, २०११ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समक्ष विस्तृत सम्भाव्यता अध्ययनको अन्तिम प्रतिवेदन पनि पेश गऱ्यो । उक्त प्रतिवेदन बमोजिम २ वटा धावनमार्गसहितको एयरपोर्ट सिटिको समेत सम्भाव्यता अध्ययन गरी ६५४ करोड अमेरिकी डलर (नेपाली रुपैंया करीब ७०० अर्ब) खर्च लाग्ने अनुमान गरिएको थियो ।

### आयोजनाको लक्ष्य:

बारा जिल्लाको निजगढमा सुविधासम्पन्न 4F स्तरको वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने ।

**आयोजनाको अवधि:** आ.व.२०७१/७२ देखि आ.व.२०८५/८६सम्म ।

**आयोजनाको लागत:** रू. १६५०० करोड रहेको ।

**बजेटको श्रोत:** नेपाल सरकार र वैदेशिक सहयोग

### आयोजनाको प्रमुख कार्यहरू :

आयोजनाको मूख्य कामहरू शुरु नभएको, प्रारम्भिक चरणको काम मात्र भइरहेको ।

### आ.व. २०७७७८ सम्ममा सम्पादन गरिएका कृयाकलापहरू

- River Training work at Pasaha River सम्पन्न भएको,
- ११०-०३-०४ जग्गा मध्य ७०-१-९-४ क्षेत्रफल जग्गा नेपाल नागरिक उड्डयन प्राधिकरण कार्यालयको नाममा ल्याउने कार्य सम्पन्न,
- Airport Master Plan तयार भएको ।

### आ.व. २०७८।७९ सम्ममा सम्पन्न भएका क्रियाकलापहरू

- ८०% River Training work at Bakaiya River तयार भएको,
- Airport Master Plan तयार भएको,
- ०-१७-१३ क्षेत्रफल जग्गा नेपाल ना.उ.प्रा.का.को नाममा ल्याउने कार्य सम्पन्न भएको ।

### हाल भइरहेका कार्यहरू

- नदी नियन्त्रण कार्य,
- मुआब्जा वितरण कार्य,
- Preparation Of Updated Airport Master Plan ।

### हाल आयोजना कार्यान्वयनमा देखा परेका प्रमुख समस्याहरू

- टाँगिया बस्ती व्यवस्थापन,
- रूख कटान,
- आयोजनाको मोडालिटीबारे निर्णय हुन नसक्नु ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरू

- स्थानान्तरको लागि ठाउँ पहिचान गरिएको,
- स्थानीय तह (न.पा.हरू) सँग छलफल परामर्श गरिएको ।

### आगामी कार्य योजना

- टाँगिया बस्ती व्यवस्थापन गर्ने,
- Site Clearance कार्य सुरू गर्ने ।

## ३.१३ रेल, मेट्रो रेल तथा मोनोरेल विकास आयोजना (पूर्व पश्चिम विद्युतीय रेलमार्ग आयोजना)

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको तराई क्षेत्रमा वातावरण मैत्री यातायातको रुपमा रेलमार्गको विकास गरी स्वदेशमै उत्पादित जलविद्युतद्वारा रेलसेवा सञ्चालन गर्ने तथा किफायती

यातायातको माध्यमको रुपमा रेलसेवा सञ्चालन गरी सामान ढुवानी तथा यात्रु ओसारपसारमा लाग्ने खर्चमा उल्लेख्य बचत गर्ने लगायतका उदेश्यले यो आयोजनाको स्थापना गरिएको हो ।

**आयोजनाको लक्ष्य:** पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तराइको क्षेत्रमा रेलमार्ग निर्माण एवम सञ्चालनमार्फत् दिगो, सुरक्षित, किफायती र वातावरणमैत्री यातायातको पहुँच प्रदान गर्ने ।

**आयोजना अवधि:** शुरु अवधि २०६५/६६ देखि २०८६।८७ सम्म (काकरभिट्टा निजगढ खण्ड),

**आयोजनाको लागत अनुगमन:** रू. ९ खर्ब ५५ अर्ब २२ करोड

**बजेटको श्रोत:** नेपाल सरकार र वैदेशिक सहयोग

**आयोजनाका प्रमुख कार्यहरू :**

- रेलमार्गको ट्र्याकवेड निर्माण,
- रेलमार्गको लागि पुलहरू तथा अन्य सँरचना निर्माण,
- रेल वे स्टेशन, स्लिपर, रेलमार्गको ट्र्याकवेड तथा अन्य सिग्नलिंगसम्बन्धी कार्य,
- संस्थागत क्षमता अभिवृद्धि ।

**आ.व. २०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू**

- ट्र्याकबेड निर्माण ५२.५ कि मि,
- रेल वे पुल ५ वटा ।

**आ.व. २०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू**

- ट्र्याकबेड निर्माण २.५० कि.मी.
- रेल वे पुल ३ वटा,
- थप १० वटा रेल वे पुलहरूको फाउण्डेशन निर्माण भएको ।

**आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरू**

- जग्गा अधिग्रहण, घर, टहरा क्षतिपूर्तिका विवादहरू समाधान नहुनु,
- वन क्षेत्रभित्र रेखाङ्कन भएको स्थानहरूमा निर्माण कार्य अगाडि बढाउन झन्झटिलो प्रक्रिया,
- आयोजना सम्पन्न गर्न ठूलो रकम आवश्यक भएको,
- नदीजन्य निर्माण सामग्री प्राप्त गर्नको लागि स्थानीय अवरोध,
- ऐलानी जग्गा, जग्गाको भोगचलनमा समस्या ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरु:

- मुआब्जा विवाद भएको स्थानमा स्थानीय तह तथा जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरिएको,
- युटिलिटी रिलोकेशनको लागि विद्युत प्राधिकरणका सम्बन्धित कार्यालयहरू तथा अन्य निकायहरूमा समन्वय गरिएको,
- खोलाजन्य निर्माण सामाग्री प्राप्त गर्नको लागि स्थानीय निकायहरूसँग समन्वय गर्ने कार्य भइरहेको,
- ऐलानी जग्गाको बारेमा गर्नुपर्ने नीतिगत निर्णयको लागि विवरण तयार गरिरहेको,
- पटक पटक वार्ता गरी मुआब्जा निर्धारण गरिएको तथा विवादित स्थानहरूमा समन्वय भैरहेको ।

### आगामी कार्ययोजना:

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.९ मा समेटिएको छ ।

### तालिका नं. ३.९: आयोजनाको आगामी कार्ययोजना

| क्र.सं | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समयसीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय /महाशाखा |
|---|---|---|---|---|---|
| १ | जयनगर-जनकपुर-कुर्था-विजलपुरा रेल सेवा विस्तार गर्ने | | २०७९ माघ | थप १ लाख जनसंख्यालाइ रेल यातायातको पहुँच हुने | नेपाल रेल वे कम्पनि, रेल विभाग तथा परराष्ट्र मन्त्रालय |
| २ | वथनाहा-विराटनगर नेपाल कस्टम यार्ड सम्म मालवाहक रेलसेवा सन्चालन गर्ने | | २०७९ माघ | मोरंग सुनसरीमा रहेका उध्योगहरूलाइ रेल यातायातको पहुँच हुने | नेपाल रेल वे कम्पनि, रेल विभाग तथा परराष्ट्र मन्त्रालय |
| ३ | बर्दिवास-निजगढ खण्डको ट्रयाकवेड तथा पुलहरू निर्माण कार्य सम्पन्न गर्ने | १७५ | २०८० असार | थप ५ वटा रेलपुल तथा १२ कि मि ट्र्याकवेड सम्पन्न हुने | रेल योजना कार्यालय, लालबन्दी तथा रेल मेट्रोरेल तथा मोनोरेल विकास आयोजना |
| ४ | निर्माण सम्पन्न भएको बर्दिवास-निजगढ(चोचा) खण्डमा स्टेशन भवन लगायत बांकि कामहरूको ठेक्का व्यवस्थापन गर्ने | ५० | २०७९ फाल्गुण | मेची महाकाली रेलमार्ग अन्तरगत निजगढ पूर्व तर्फ बर्दिवास स्टेशन लगायतका ठेक्का व्यवस्थापन हुन बाँकि संरचनाहरूको ठेक्का व्यवस्थापन हुने। | रेल मेट्रोरेल तथा मोनोरेल विकास आयोजना, वहुबर्षिय सहमतिको लागि अर्थ मन्त्रालय तथा योजना आयोग समेत |

## ३.१४ हुलाकी राजमार्ग

हुलाकी राजमार्ग निर्देशनालय अन्तर्गतको सम्पूर्ण सडक सञ्जालको कुललम्बाई १७९२.४२ कि.मी. रहेको छ जसमध्य पूर्वदेखि पश्चिमतर्फको लम्बाई ९७५ कि.मी. रहेको छ भने उत्तरदेखि दक्षिण जोडिने सहायक सडकहरूको लम्बाई ८१७.४२ कि.मी. रहेको छ जसमा थप तीनवटा सडकहरू (लम्बाई करीब ६५ कि.मि) समावेश भएको हुँदा उत्तर देखि दक्षिण जोडिने सहायक सडकहरूको कुललम्बाई ८८२.४२ कि.मी. रहेको छ।

**आयोजनाको लक्ष्य:** १५३ कि.मी. सडक कालो पत्रे गर्ने तथा ६० वटा पूल निर्माण सम्पन्न गर्ने।

**आयोजनाको अवधि:** शुरु अवधि आ.व. २०६६/६७ देखि २०८०/०८१

**आयोजनाको लागत अनुमान:** ६५ अर्ब २० करोड

**बजेटको श्रोत:** नेपाल सरकार र वैदेशिक सहयोग

**नेपाल सरकार:** नेपाल सरकारको ५७.२ अर्ब र भारत सरकारको (भा.रू. ५अर्ब) ८ अर्ब गरी जम्मा ६५ अर्ब २० करोड विनियोजित

**आयोजनाका प्रमुख कार्यहरू:**

- हुलाकी सडक अन्तर्गतका विभिन्न सडकको निर्माण तथा स्तरोन्नति जसमा १७९२.४२ कि.मी. सडक निर्माण तथा स्तरोन्नती हुने,
- हुलाकी सडकअन्तर्गतका २१९ वटा पूल नीर्माण कार्य सम्पन्न हुने।

**आ.व.२०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू**

- १४६ कि.मी. सडक कालोपत्रे सम्पन्न (लक्ष्य १४० कि.मी.)
- १६ वटा पूलको निर्माणकार्य सम्पन्न (लक्ष्य १८)

**आ.व. २०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू**

- हाल सम्म ८९०.७१ कि.मी. सडक कालोपत्रे गर्ने कार्य सम्पन्न,
- हाल सम्म ११५ वटा पूल निर्माणकार्य सम्पन्न।

### आयोजना कार्यान्वयनमा देखपरेका प्रमुख समस्याहरू

- चितवन राष्ट्रिय निकुञ्जभित्र पर्ने र चितवन र नवलपरासीको त्रिवेणी जोड्ने १०० कि.मी. सडकको रेखांकनको अन्योलताले ठेक्का व्यवस्थापन गर्न बाँकी,
- Utility relocation /Electric pole shifting मा नेपाल विद्युत प्राधिकरण तथा नेपाल टेलिकमबाट अपेक्षित सहयोग नभएको ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरू

- सडक विभाग तथा मन्त्रालय स्तरबाट वन मन्त्रालय, राष्ट्रिय निकुन्ज तथा नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकमसँग समस्या समाधानको लागि आवश्यक पहल तथा समन्वय हुनु पर्ने ।

### आगामी कार्ययोजना

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.१० मा समेटिएको छ ।

**तालिका नं. ३.१०: आयोजनाको आगामी कार्ययोजना**

| क्र.सं. | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समयसीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय/ महाशाखा |
|---|---|---|---|---|---|
| १. | सडक निर्माण | ५९९.०१ (पुँजीगत) | १ वर्ष | २५० कि.मी. सडक कालोपत्रे तथा १६ वटा पूल निर्माण सम्पन्न हुने | सडक बिभाग |
| २. | पूल निर्माण कार्य | | | | विकास साहयता कार्यान्वयन महाशाखा |

## ३.१५ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना

राष्ट्रिय यातायात नीति २०५८ मा पूर्व-पश्चिम राजमार्गको विकल्पको रुपमा नेपालको मध्य-पहाड हुँदै पुर्वदेखि पश्चिमसम्म सडक निर्माण गर्ने उल्लेख भएको, सोही बमोजिम नेपाल सरकारबाट पुष्पलाल (मध्यपहाडी) राजमार्ग नामकरण गरी ०६४/६५ बाट आयोजना कार्यान्वयन शुरुभएको हो।नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६५/११/२६ को निर्णयबाट पुष्पलाल राजमार्गको रेखांकन स्वीकृत भएको हो । मध्य पहाडका २६ जिल्लाहरूका २१५ वस्तीहरू जोड्दै निर्माण हुने यस सडकबाट मध्य-पहाडमा बसोबास गर्ने करीब १ करोड जनता यस आयोजना बाट प्रत्यक्ष लाभान्वित हुनेछन्। आयोजनालाई आ.व. ०६७/६८ देखि २ खण्डमा विभाजन गरी मध्यपहाडी पूर्व खण्ड (करीब ७२१ कि.मि) र मध्यपहाडी पश्चिम खण्ड (करीब ११५८ कि.मि) गरी २ वटा आयोजनाबाट निर्माण कार्य भइरहेकोमा आ.व. २०७५/७६ देखि पुष्पलाल (मध्यपहाडी) राजमार्ग

आयोजना निर्देशनालय र निर्देशनालय अन्तर्गत पाँच वटा योजना कार्यालयहरू (पाँचथर, काभ्रे, गोरखा, पर्वत, दैलेख) बाट निर्माण कार्य भइरहेको छ, आ.व.२०६९/७० मा नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरी प्राथमिकता साथ कार्यान्वयन भैरहेको छ ।

**आयोजनाको लक्ष्य:** पूर्वको पाँचथर जिल्लाको चियो भन्ज्याङ्गदेखि पश्चिमको बैतडी जिल्लाको झुलाघाट सम्म डबल लेन स्तरमा कालोपत्रे सहितको सडक निर्माण गर्ने ।

**आयोजनाको अवधि:** शुरु अवधि आ.व. २०६४/६५ देखि २०७३/७४ सम्म, संशोधित कार्यतालिका अनुसार आ.व. २०७९/८० सम्ममा सम्पन्न गर्ने ।

**आयोजनाको लागत अनुमान:** शुरु लागत अनुमान रु. ३३ अर्ब ३६ करोड, संशोधित अनुमान रु. ८४ करोड ३३ करोड रहेको ।

**बजेटको श्रोत:** नेपाल सरकार

**आयोजनाका प्रमुख कार्यहरू:**

- १४१७ कि.मी. (मध्य पहाडी राजमार्गको कुललम्बाई १८७९ कि.मी. मध्य ४६२ कि.मी. सडक अन्य आयोजनाबाट निर्माण भएको) कालोपत्रे सडक निर्माण ।
- १३७ वटा पुल निर्माण ।

**आ.व. २०७७/७८ सम्म सम्पन्न भएका क्रियाकलापहरू**

- ६५१ कि.मी. कालोपत्रे सडक निर्माण भएको,
- ९० वटा पुल निर्माण भएको ।

**आ.व.२०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू**

- १४६ कि.मी थप सडक कालोपत्रे सम्पन्न भएको,
- ३ वटा पुल निर्माण सम्पन्न भएको,
- ३१ कि.मि सडकको ठेक्का व्यवस्थापन भएको,
- विभिन्न १० वटा पुलहरूको ठेक्का व्यवस्थापन भएको ।

यस आ.व. मा ५ अर्ब ५१ करोड ४९ लाख बजेट खर्च भएको ।

### आयोजना कार्यान्वयनमा देखपरेका प्रमुख समस्याहरू:

- सडक सीमा यकिन नभएको,
- जलाशययुक्त आयोजनाहरूको प्रभाव,
- क्षतिपुर्ति सम्बन्धमा,
- रुख कटान, Utility Relocation कार्य झन्झटिलो हुनु ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरु:

- रेखांकन विवादमा स्थानीयतहहरूसँग समन्वय गरेको, माग अनुसार रेखांकन परिवर्तनका लागि सिफारिस गरेको,
- जलाशययुक्त आयोजनाहरूबाट प्रभाव पर्ने स्थानहरूमा पुनःरेखांकन भएको,
- क्षतिपुर्ति सम्बन्धमा घरको क्षतिपुर्तिका लागि सिफारिस गरेको,
- रुख कटानका लागि वन कार्यालयसँग समन्वय गरेको ।

### आगामी कार्ययोजना

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.११ मा समेटिएको छ ।

### तालिका नं. ३.११: आयोजनाको आगामी कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समयसीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय/ महाशाखा |
|---|---|---|---|---|---|
| १ | आ.व. ०७९।८० : ३५७ कि.मी. थप सडक कालोपत्रे गर्ने, १८ वटा पुल निर्माण गर्ने, १३४.५ कि. मि. सडक ठेक्का व्यवस्थापन गर्ने | ९२२.९४ | आ.व. ०७९/८० | ३५७ कि.मी. सडक कालोपत्रेस्तरमा स्तरोन्नति र १८ वटा पुल निर्माण गरिने। | योजना कार्यालय, आयोजना निर्देशनालय |

## ३.१६ उत्तर दक्षिण (कोशी कोरिडोर) आयोजना

उत्तर दक्षिण (कोशी) सडक योजना नामबाट परिचित यस योजना खाँदवारीदेखि किमाथांका खण्ड सम्म पर्दछ । संखुवासभा जिल्लाको सदरमुकाम खाँदवारीबाट उत्तरतर्फको चिनियाँ नाकाले किमाथांकालाई जोड्दछ । जम्मा १६२ कि.मी. लम्बाई रहेको यस योजनामा १४८ कि.मी. सडकको ट्र्याक खोलिसकिएको, १४ कि.मी. ट्र्याक खोल्न बाँकी रहेको र सो काम नेपाली सेनाले गरिरहेको । यातायात सञ्चालन ७७ कि.मी. गोला बजारसम्म रहेको र Gravel Standard 55 कि.मी. रहेको ।

यस योजना आ.व. २०६५/६६ बाट शुरु भई २०७९/८० सम्म सक्ने लक्ष्य राखिएकोमा समयमानै सम्पन्न नहुने देखिन्छ । किमाथाङ्का नाकासँग पूर्वी नेपाललाई जोड्ने यस योजना (सडक) बाट आयात, निर्यात व्यापारमा वृद्धि भई अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अनुमान गर्न सकिन्छ । यस सडक योजना मार्ग हुँदै बहुचर्चित अरुण तेस्रो, माथिल्लो अरुण, तल्लो अरुण विद्युत गृहसम्म जान आउन सकिन्छ । पावर हाउससम्मका पहुँच मार्ग यसै योजनासँग जोडिएका छन् ।

**आयोजनाको लक्ष्य:** १ नं. प्रदेश अन्तर्गत भारतसँगको सिमाना जोगवनीदेखि चिनसम्मको सिमाना किमाथाङ्का सडक त्रिदेशीय (चीन, नेपाल र भारत) व्यापारिक मार्गको रुपमा सञ्चालन भई आर्थिक क्रियाकलाप बढाई राष्ट्रकै आर्थिक समृद्धिको लक्ष्य हासिल गर्ने, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने, यस क्षेत्रमा उत्पादित कृषिजन्य पदार्थलाई सजिलै बजारसम्म पहुँच गराई अन्य आर्थिक क्रियाकलाप बढाई राष्ट्रको उन्नतिको लक्ष्य हासिल गर्ने ।

**आयोजनाको अवधि:** शुरु अवधि आ.व. २०६५/६६ देखि आ.व. २०७९/८० सम्म, संशोधित कार्यतालिका अनुसार आ.व. २०८७/८८ सम्म ।

**आयोजनाको लागत अनुमान:** १६ अर्ब २० करोड, संशोधित अनुमान रू. ११ अर्ब ९३ करोड रहेको ।

**बजेटको श्रोत:** नेपाल सरकार र वैदेशिक सहयोग: वैदेशिक (नगद ऋण)

**आयोजनका प्रमुख कार्यहरू:**

- ब्याक कटिङ्ग, ग्याबियन, प्लम, मेसिनरी टेवा पर्खाल निर्माण,
- पुल निर्माण,
- ह्युम पाइप कल्भर्ट/ स्ल्याब कल्भर्ट निर्माण,
- स्टोन सोलिङ्ग ।

**आ.ब. २०७७/७८ सम्म सम्पन्न भएका क्रियाकलापहरू**

- ५ वटा पुल निर्माण भएको ।

**आ.व. २०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू**

- ४ वटा पुल निर्माण सम्पन्न भई यातायात सञ्चालनमा रहेको १ वटा पुलको ८०% निर्माण कार्य सम्पन्न भइसकेको,
- १८ कि.मी. ब्याक कटीङ्ग,
- ५ कि.मी. पक्की नाली निर्माण,
- २.५ कि.मी. ग्याबियन/प्लम/मेसिनरी टेवा पर्खाल निर्माण,

- २ वटा स्ल्याब कल्भर्ट र १० ह्युम पाइप कल्भर्ट निर्माण,
- २ कि.मी. स्टोन सोलिङ्ग ।

### हाल आयोजना कार्यान्वयनमा देखपरेका प्रमुख समस्याहरू:

- अत्याधिक बर्षा र हिमपातले गर्दा निर्माण कार्य अवधि कम हुनाले ठेक्काहरू समयमै सम्पन्न गर्न नसक्नु,
- प्रतिकुलमौसमका कारणले निर्माण सामाग्री ढुवानीमा समस्या ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरु:

- विभाग, मन्त्रालय लगायतको निकायहरूसँग समस्या राखिएको र नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६।०५।२२ को निर्णयानुसार कडा चट्टानी भाग १४ कि.मी. नेपाली सेनामार्फत् गराउने निर्णय भएको र सो खण्डमा यस आ.व. मा २ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको,
- निर्माण स्थलमा उत्पन्न भएका समस्यालाई तत्काल समाधान गरिएको,
- स्थानीय निकायसँग छलफल गरी निर्माण व्यवसायीलाई कार्य सुचारु गर्न अभिप्रेरित गरिएको ।

### आगामी कार्ययोजना

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.१२ मा समेटिएको छ ।

### तालिका नं. ३.१२ आयोजनाको आगामी कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समय सीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय/महाशाखा |
|---|---|---|---|---|---|
| १. | खाँदबारीदेखि दोभानसडक (०+०००-५०+०००) को विभिन्न सडक खण्डमा (१० कि.मी.) कालोपत्रे गर्ने कार्य | ११० | आ.व २०७९/८० | ८० कि.मी. सडक निर्माण एवं स्तरोन्नति भईयातायात सञ्चालन सहज हुने | उ.द.(कोशी) सडक योजना/उ.द.व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालाय |
| २. | दोभान(नयाँ बस्ती)-बरुण सडक खण्डको करीव १२ कि.मी. सडक ग्राभेल गर्ने | | | | उ.द.(कोशी) सडक योजना/उ.द.व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालाय |

| क्र.सं. | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समय सीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय/महाशाखा |
|---|---|---|---|---|---|
| ३. | खाँदबारीदेखि बरुण सडक (०+०००-८०+०००) खण्डको विभिन्न स्थानमा पक्की नाली (करीब १५ कि. मी.) निर्माणको कार्य गराउने | | | | उ.द.(कोशी) सडक योजना/उ.द.व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालाय |
| ४. | खाँदबारीदेखि बरुण सडक (०+०००-८०+०००) खण्डको विभिन्न स्थानमा Back Cutting गर्ने कार्य | | | | उ.द.(कोशी) सडक योजना/उ.द.व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालाय |

## ३.१७ उत्तर दक्षिण (कालिगण्डकी कोरिडोर) आयोजना

यस आयोजनाले नवलपरासी जिल्लाको गैंडाकोटदेखि गुल्मीको रिडी, बाग्लुङको मालढुङ्गा, म्याग्दीको बेनी र मुस्ताङको जोमसोम हुँदै उत्तरी सिमाना कोरला नाकासम्म सडक निर्माण एवं स्तरोन्नति गर्ने लक्ष्य लिएको छ। यो आयोजना सम्पन्न भएपछि गैडाकोटदेखि कोरला नाकासम्मको ४४५ कि.मी. मध्ये गैंडाकोट-राम्दी-मालढुङ्गा सडक २४५ कि.मी. सडक निर्माणबाट कालिगण्डकी तटीय क्षेत्रमा आवागमनको सुविधा पुगेको हुनेछ।

यस आयोजना २ वटा योजनामा विभाजन गरी निर्माण भइरहेको छ। पहिलो आयोजना अन्तर्गत गैंडाकोट-राम्दी-मालढुङ्गा सडक योजना पर्दछ। प्रारम्भ बिन्दु नवलपरासीको गैंडाकोट र समाप्ति बिन्दु पर्वतको मालढुङ्गा भएको यस योजनाको जम्मा लम्बाई २४५ कि.मी. रहेको र यस मध्य २४४ कि.मी. ट्र्याक खुलेको छ। यो सडकखण्ड नवलपरासी, पाल्पा, गुल्मी, बाग्लुङ्ग, पर्वत र स्याङ्जा जिल्ला छुने गरी निर्माण हुनेछ।

कालीगण्डकी कोरिडोरको बेनी जोमसोम सडकखण्ड दोस्रो योजना अन्तर्गत पर्दछ। प्रारम्भ विन्दु पर्वतको मालढुङ्गा र समाप्ति बिन्दु मुस्ताङ्गको कोरला भएको यस योजनाको जम्मा लम्बाइ १८६ कि.मी. रहेको र यस मध्ये सम्पुर्ण ट्र्याक खुलेको। यस सडकखण्डले पर्वत, म्याग्दी र मुस्ताङ्ग जिल्ला छोएर निर्माण हुनेछ।

**आयोजनाको (गैंडाकोट-राम्दी-मालढुंगा सडक योजना) लक्ष्य:** कालीगण्डकी नदीको तटबाट दक्षिण गैंडाकोटदेखि उत्तर बागलुङ्ग मालढुङ्गासम्म सडक निर्माण गर्ने कार्य

**आयोजनाको अवधि:** २०६६/६७ देखि २०७९/८० सम्म

**आयोजनाको लागत अनुमान:** २४ अर्ब

**बजेटको श्रोत:** नेपाल सरकार र वैदेशिक सहयोग

नेपाल सरकार र भारतीय Exim Bank

**आयोजनका प्रमुख क्रियाकलापहरू**

- सडक निर्माण २४० कि.मी. ट्र्याक खोल्नेदेखि कालोपत्रेको कार्य,
- सो सडक खण्डमा पर्ने पुलपुलेसा निर्माण,

**आ.व. २०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू**

- २७९ कि.मी. सडक ट्र्याक खोल्न कार्य सम्पन्न,
- २३ वटा पुल निर्माणकार्य सम्पन्न,
- ११२ कि.मी. कालोपत्रे सडक निर्माणकार्य सम्पन्न,
- १४५ कि.मी. ग्राभेल सडक निर्माणकार्य सम्पन्न ।

**आ.व.२०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू**

- कालिगण्डकी कोरिडोर Breakthrough भएको,
- ५ वटा पुल निर्माणकार्य सम्पन्न,
- ५६ कि.मी. कालोपत्रे सडक निर्माणकार्य सम्पन्न,
- ७५ कि.मी. सडक ग्राभेल कार्य सम्पन्न ।

**आयोजना कार्यान्वयनमा देखपरेका प्रमुख समस्याहरू:**

- रुख कटानसम्बन्धी स्वीकृति, घरटहराको क्षतिपूर्ति, विद्युत पोल स्थानान्तरण ।

**समस्या समाधानका लागि गरिएका प्रयासहरु:**

- घरटहराको क्षतिपूर्ति वितरण कार्य भइरहेको,
- विद्युत पोलहरू स्थानान्तरणका लागि भेरियशन स्वीकृत हुने क्रममा रहेको,
- रुख कटानको लागि समन्वय भइरहेको ।

**आगामी कार्ययोजना:**
यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.१३ मा समेटिएको छ ।

**तालिका नं. ३.१३ आयोजनाको आगामी कार्ययोजना**

| क.सं | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समयसीमा | अपेक्षित उपलब्धि | जिम्मेवारनिकाय/ महाशाखा |
|---|---|---|---|---|---|
| १ | RIDP गैंडाकोट- रामपुर- पिपलडाँडा सडकखण्ड कालोपत्रे सम्पन्न | ६७ | २०८० असार मसान्त | १००% | RIDP |
| २ | उत्तर दक्षिण ५५ कि.मी. कालोपत्रे | १०० | | | सडक विभाग (उत्तर- दक्षिण कोरिडोर) |
| ३ | ११ वटा पुल निर्माण सम्पन्न | | | | |

## ३.१८ उत्तर दक्षिण (कर्णाली कोरिडोर) आयोजना

उत्तर दक्षिण(कर्णाली कोरिडोर) आयोजना अन्तर्गत निर्माण हुने सडक कालिकोट जिल्लाको कर्णाली राजमार्ग अन्तर्गतको खुलालुदेखि सिमिकोट हुँदै हिल्सासम्म रहेको छ जसको लम्बाई २६८ कि.मी. रहेको छ जसमध्य २५९.५ कि.मी. ट्र्याक निर्माण भईसकेको छ र बाँकी ८.५ कि.मी. ट्र्याक निर्माण गर्ने काम नेपाली सेनाले गरिरहेको छ ।

**आयोजनाको लक्ष्य:** कालिकोट जिल्लाको खुलालुदेखि सिमिकोट हुँदै हिल्सासम्म पक्की सडक निर्माण गरी कालिकोट, बाजुरा र हुम्ला जिल्लालाई राष्ट्रिय सडक संजालमा जोड्ने साथै उक्त क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता परिपूर्तिको लागि पहुँच अभिवृद्धि हुने, पर्यटन प्रवर्धन हुने, स्थानीय कृषि तथा जडिबुटी उत्पादन बजारसम्म पुर्‍याउन सहज हुने साथै जनताको जीवनस्तर सुधार हुने ।

**आयोजनाको अवधि:** आ.व.२०६५/६६ देखि २०८४/८५ सम्म

**आयोजनाको लागत अनुमान:** रू.६६६.१९ करोड.।

**बजेटको स्रोत:** नेपाल सरकार र बैदेशिक सहयोग

नेपाल सरकार (आन्तरिक ऋण)

### आयोजनाको प्रमुख कार्यहरू:

- २६९ कि.मी. सडक निर्माण गर्ने,
- १४ वटा पूल निर्माण गर्ने,

### आ.व.२०७७/७८ सम्म सम्पन्न भएका क्रियाकलापहरू

१३५ कि.मी. ट्रयाक निर्माण ।

### आ.व. २०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

- ३५ कि.मी. सडक चौडा गर्ने कार्य सम्पन्न,
- २६३ कि.मी. ट्रयाक खोल्ने काम सम्पन्न,
- २.५ कि.मी. टेवा पर्खाल निर्माण सम्पन्न,
- २ वटा कल्भर्ट निर्माण सम्पन्न ।

### हाल आयोजना कार्यान्वयनमा देखापरेका समस्याहरू:

- वर्षा, हिमपात तथा जाडो याममा अत्याधिक चिसोको कारण काम गर्ने समय कम भई ठेक्काहरू समयमा सम्पन्न हुन नसक्नु,
- पुरै लम्बाईमा ट्रयाक नखुलेको साथै ट्रयाक खुलेको लम्बाइमा पनि कच्ची सडक भएकोले निर्माण सामग्री ढुवानीमा कठीनाई,
- सिमिकोट-स्यामने (४.५ कि.मी.) सडकमा स्थानीयले जग्गाको मुआब्जाको माग राखी निर्माण कार्यमा अवरोध गरेको ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरू :

- तालुक निकाय, बिभाग एवं मन्त्रालय समक्ष समस्याहरू समाधानका लागि अनुरोध गरिएको,
- कडा चट्टान रहेको ८.५ कि.मी. सडक खन्न आ.व. ०७८/७९ मा नेपाली सेनालाई जिम्मा लगाईएको,
- निर्माण स्थलमा आएका समास्याहरू तत्काल समाधान गरी कार्य सुचारु गराईएको,
- जिल्ला प्रशासन कार्यालय तथा स्थानीय निकायसँग समन्वय/छलफल गरी निर्माण कार्यमा सहजीकरण गरिएको ।

### आगामी कार्ययोजना

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.१४ मा समेटिएको छ ।

**तालिका नं. ३.१४ आयोजनाको आगामी कार्ययोजना**

| क्र.सं. | क्रियाकलाप | स्वीकृत वजेट (करोडमा) | समयसीमा | अपेक्षित उपलब्धि | जिम्मेबार निकाय/महाशाखा |
|---|---|---|---|---|---|
| १ | सडक चौडा पार्ने कार्य -८८ कि.मी. | ५० | आ.व. ०७९/८० | सवारी आवागमनमा सहज हुने | उत्तर दक्षिण (कर्णाली) सडक योजना/ उत्तर दक्षिनण व्या.मा. वि.आ. निर्देशनालय |
| २ | कल्भर्ट निर्माण गर्ने कार्य -२० वटा | | आ.व. ०७९/८० | सवारी आवागमनमा सहज हुने | उत्तर दक्षिण (कर्णाली) सडक योजना/ उत्तर दक्षिनण व्या.मा. वि.आ. निर्देशनालय |
| ३ | टेवा पर्खाल निर्माण गर्ने कार्य -४ कि.मी. | | आ.व. ०७९/८० | सवारी आवागमनमा सहज हुने, आंशिक रुपमा पहिरो रोकथाम हुने | उत्तर दक्षिण (कर्णाली) सडक योजना/ उत्तर दक्षिनण व्या.मा. वि.आ. निर्देशनालय |
| ४ | ग्राभेल गर्ने कार्य | | आ.व. ०७९/८० | सवारी आवागमनमा सहज हुने | उत्तर दक्षिण (कर्णाली) सडक योजना/उत्तर दक्षिण व्या.मा. वि.आ. निर्देशनालय |

## ३.१९ काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग आयोजना

काठमाण्डौ-तराई-मधेश द्रुतमार्ग आयोजना राजधानी काठमाण्डौलाई तराई-मधेशसँग स्तरीय सडक (Asian Highway Standard Primary Class A) ले छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो द्रुतमार्ग हो । यस द्रुतमार्गले छोटो दूरीमा राजधानी काठमाण्डौलाई तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ वैशाख २१ गतेको निर्णयबाट नेपाली सेनालाई निर्माण व्यवस्थापनको जिम्मेवारी प्राप्त भएको यो आयोजना भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७४ श्रावण २७ गते नेपाली सेनालाई आयोजना हस्तान्तरण भएको हो ।

**आयोजनाको लक्ष्य:** राजधानी काठमाण्डौलाई तराई-मधेशसँग Asian Highway Design Standard (Primary Class A) स्तरको सडकले जोड्ने ।

**आयोजनाको अवधी:** आ.व.२०७३/७४ देखि आ.व.२०८०/८१ ।

**आयोजनाको लागत अनुमान:** शुरु लागत अनुमान: रू.११६०० करोड, संशोधित अनुमान: रू.१७५१९.३६ करोड रहेको ।

**बजेटको श्रोत:**

- नेपाल सरकार: १६.०३ करोड ।
- नेपाल सरकारको आन्तरिक ऋण: १४९.४८ करोड ।
- वैदेशिक ऋण: २८४२.३५ करोड ।
- दातृ संस्था: आई डि ए/डि पि सि: २८४२.३५ करोड ।

**आयोजनका प्रमुख कार्यहरु:**

- Subgrade Formation Level सम्म कटिङ्ग तथा फिलिङ्ग कार्य सम्पन्न गरी Pavement गर्ने,
- विभिन्न प्रकारका Highway Structural Wall हरू निर्माण गर्ने,
- ठुला, मझौला तथा साना पूलहरू निर्माण गर्ने,
- सुरुङ्ग मार्ग निर्माण गर्ने,
- एसियन मापदण्ड अनुसार ४ लेनको द्रुत मार्ग निर्माण गर्ने ।

**आ.व.२०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू**

- अन्तर्राष्ट्रिय परामर्शदाताबाट कार्य प्रारम्भ,
- सुरुङ्ग मार्ग प्याकेज नं.१ (महादेवटार) र प्याकेज नं.२ (लेनडाँडा र धेद्रे) को बोलपत्र आव्हान गरिएको,
- सुरुङ्ग मार्ग ठेक्का सम्झौता सम्पन्न भई सुरुङ्गमार्ग निर्माण कार्य सुरु गरिएको,
- सडक निर्माणको लागि ढुङ्गा माटो कटिङ्ग तथा फिलिङ्गको कार्य (४ कि.मी.) सम्पन्न भएको,
- ११५० रुख कटान मध्ये १०१३ रुखहरू कटान गरिएको, १३७ वटा रुखहरू कटान गर्न नपर्ने देखिएको,
- द्रुतमार्गको लागि आवश्यक पर्ने बाँकी ८०७ रोपनी जग्गा मध्ये ३८० रोपनी जग्गा प्राप्ति गरिएको, ललितपुरको खोकना क्षेत्रमा विवादका कारण ४२७ रोपनी जग्गा प्राप्ति गर्न बाँकी रहेको ।

## आ.व.२०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

- प्याकेज नं. १ र २ को Design Document प्राप्त भई परामर्शदाताद्वारा पुनरावलोकन गरी मिति २०७८/१२/२९ गते Approval दिईएको । साथै दुवै प्याकेजहरूमा निम्नानुसारको कार्य भएको ।
- Mahadevtar Tunnel (CP–1):
  - Inlet Portal:– Rt. – Canopy Construction; Lt. – 65.6m.
  - Outlet Portal:– Rt.– 23.4 m; Lt. – 48.6 m.
- Dhedre Tunnel (CP–2):
  - Inlet Portal:– Rt.– 78 m; Lt. – 11 m.
  - Outlet Portal:– Rt. & Lt.– Halt due to service track work.
- Lendanda Tunnel (CP–2):
  - Inlet Portal:– Rt. & Lt.– Halt due to service track work.
  - Outlet Portal:– Rt. & Lt.– Pipe shed foundation construction.

- द्रुतमार्ग खण्ड प्याकेज नं.३ अन्तर्गत बोलपत्र छनौटमा सफल भएका Kumar–Roshan–Sichuan JV बीच मिति २०७८/१०/०३ गते ठेक्का सम्झौता भए अनुरुप सोहि मितिबाट Commencement भई कार्य प्रारम्भ गरिएको,
- द्रुतमार्ग खण्ड प्याकेज नं.४ बोलपत्र छनौटमा सफल भएका Poly Changda Engineering Co.Ltd. (China) बीच मिति २०७८/११/०९ गते ठेक्का सम्झौता भएअनुरुप सोही मितिबाट Commencement भई कार्य प्रारम्भ गरिएको,
- द्रुतमार्ग खण्ड प्याकेज नं.५ बोलपत्र छनौटमा सफल भएका CAMCE–SDLQ JV (China) बीच मिति २०७८/११/०९ गते ठेक्का सम्झौता भए अनुरुप सोहि मितिबाट Commencement भई कार्य प्रारम्भ गरिएको,
- अन्तर्राष्ट्रिय बोलपत्र (ICB) अन्तर्गत प्याकेज नं.६ (Construction of Double Lane Dual Carriageway Standard Expressway Road, Bridge, Slope Stabilization, Interchange, Toll Plaza and Allied Works (Ch.: 41+000 to Ch.:49+818.82) को Contract ID KTFT/ICB/WORKS/R&B/०७८/०७९/६ को मिति २०७९/०२/१८ गते बोलपत्र (ICB) आव्हानको लागि सूचना प्रकाशन गरीएकोमा १५ (पन्ध्र) + ७ (सात) दिन म्याद थप भई सोको अन्तिम Submission मिति २०७९/०४/२३ गतेको १२०० बजे रहेको । साथै, उक्त प्याकेजको Opening of Bids मिति २०७९/०४/२३ गतेको १३०० बजे भएको,

- अन्तर्राष्ट्रिय बोलपत्र (ICB) अन्तर्गत प्याकेज नं.७ (Construction of Double Lane Dual Carriageway Standard Expressway Road, Bridge, Slope Protection/Stabilization Works and Allied Works (Ch=M35±360 to Ch=M41±000) को Contract ID KTFT/ICB/WORKS/R&B/०७८/०७९/७ को मिति २०७९/०२/१८ गते बोलपत्र (ICB) आह्वानको लागि सूचना प्रकाशन गरिएकोमा १५ (पन्ध्र) + ७ (सात) दिन म्याद थप भई सोको अन्तिम Submission मिति २०७९/०४/२३ गतेको १२०० बजे रहेको साथै उक्त प्याकेजको Opening of Bids मिति २०७९/०४/२३ गतेको १३०० बजे भएको,
- प्याकेज नं. ८ को Design, Drawing तथा Estimate र Tender Document तयार गर्ने कार्य २०७९ भाद्र मसान्तभित्र सम्पन्न गरी बोलपत्र आव्हान गर्ने गरी कार्य अगाडि बढेको,
- ठेक्का सम्झौता अनुरुप कुल १६१.१५ हेक्टर क्षेत्रफलमा २,५९,४४० विरुवाहरू वृक्षारोपण गर्ने लक्ष्य रहेकोमा श्रावण २२ गतेसम्ममा ८५.४१ हेक्टर क्षेत्रफलमा विभिन्न वन प्रजातिका ६७,१२४ गोटा विरुवाहरू वृक्षारोपण गरिएको, वृक्षारोपण कार्य चालु रहेको र अन्तिम मिति २०७९/०७/०८ गते रहेको,
- काठमाण्डौ जिल्लामा ३-४-३-३ एवम् ललितपुर जिल्लामा २१-१-१-० रोपनी जग्गाको मुआब्जा वितरण भएको । साथै, हाल ४०३-९-१-२ रोपनी जग्गा अधिग्रहण गर्न बाँकी रहेको,
- संयुक्त रुपमा मिति २०७८/१२/१९ गतेदेखि ऐ.२० गतेसम्म वन तथा वातावरण मन्त्रालय, वन विभाग तथा द्रुतमार्ग आयोजनाको प्रतिनिधि सहितको टोलीद्वारा स्थलगत भ्रमण भएको र यस सम्बन्धमा स्थलगत भ्रमण पश्चात माननीय वन तथा वातावरण मन्त्रीसमक्ष बैठक बसी छलफल भएको,
- आयोजना अन्तर्गत टोल प्लाजा, रेष्ट एरिया, इन्टरचेन्ज तथा सर्भिस ट्र्याकको चेनेज घट+००० देखि चेनेज ७२+५२९ सम्मको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) अध्ययन कार्यको लागि स्वीकृति प्राप्त भएको। साथै, सोही मुताविक अध्ययनसम्बन्धी प्रक्रियागत कार्य अगाडि बढाईएको र उक्त अध्ययन पश्चात जग्गा अधिग्रहणको कार्यअगाडि बढाईने योजना रहेको ।

### आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरुः

- खोकना बुङमती खण्ड (प्याकेज - ११) को जग्गा अधिग्रहण कार्य स्थानीय विवादको कारण अधिग्रहण हुन नसकेको (०+००० देखि ६+४००),
- त्यस खण्डको अधिग्रहण हुन बाँकी ४०३-९-१-२ रोपनी जग्गा हाल सम्म अधिग्रहण हुन नसकेको, चालु आ.व. २०७९/८० को फाल्गुण महिनासम्ममा अधिग्रहण कार्य सम्पन्न गर्ने बारे आवश्यक पहल भई सुनिश्चित नभएमा यस प्याकेजको ठेक्का व्यवस्थापनमा बाधा पर्ने,

- विभिन्न प्याकेजहरूको ठेक्का व्यवस्थापन गर्ने क्रममा विस्तृत डिजाइन पश्चात हालको ROW भन्दा थप आवश्यक पर्ने जग्गा अधिग्रहण गर्नुपर्ने देखिएको सम्बन्धमा अन्तर्राष्ट्रिय परामर्शदाता (Yooshin JV) बाट प्राप्त परामर्श अनुसार Tunnel Portal Protection work, Slope Stabilization, River Training, Rest Area, Toll Plaza, हेटौंडा Interchange लगायतका संरचना निर्माणको कार्यहरूको लागि थप जग्गा एवं रुख कटान कार्य आवश्यक पर्न गएको,
- आयोजनाको ठेक्का प्याकेज व्यवस्थापन गर्ने सन्दर्भमा डिजाइन अनुसार थप जग्गा अधिग्रहण तथा रुख कटान गर्नु पर्ने भएकोले रुख कटान तथा जग्गा अधिग्रहण सम्बन्धी प्रक्रियागत जटिलताको कारण ठेक्का व्यवस्थापन तथा निर्माण कार्य समेत प्रभावित हुन गएको ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरू:

- राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा मिति २०७७ पौष १७ गते पाँच सदस्यीय समन्वय उप-समिति गठन भई आवश्यक समन्वय तथा पहल भएको,
- संघीय संसद, प्रतिनिधि सभा, विकास तथा प्रविधि समितिद्वारा गठित यस काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना अध्ययन उपसमितिद्वारा समेत स्थलगत निरीक्षण गरी विवादबारे अध्ययन तथा जानकारी लिने काम भएको,
- वन तथा वातावरण मन्त्रालय, वन विभाग तथा द्रुतमार्ग आयोजनाको प्रतिनिधि सहितको टोली द्वारा स्थलगत भ्रमण भएको,
- आयोजना अन्तर्गत टोल प्लाजा, रेष्ट एरिया, इन्टरचेन्ज तथा सर्भिस ट्र्याकको चेनेज ३६+००० देखि चेनेज ७२+५२९ सम्मको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) अध्ययन कार्यको लागि स्वीकृति प्राप्त भएको। साथै, सोही मुताविक अध्ययनसम्बन्धी प्रक्रियागत कार्यअगाडि बढाईएको ।

## ३.२० मेलम्ची खानेपानी आयोजना

काठमाण्डौ उपत्यकाका करीब ३० लाख जनसंख्यालाई दैनिक ५१ करोड लिटर खानेपानी उपलब्ध गराउने लक्ष्य रहेको यो आयोजनाले पहिलो चरणमा सिन्धुपाल्चोकको मेलम्चीबाट नदी डाईभर्सन गरी २६ कि.मी. सुरूङमार्फत् दैनिक १७ करोड लिटर पानी पथान्तरण गर्ने र दोश्रो चरणको कार्यक्रम अन्तर्गत याङ्ग्री र लार्के नदीबाट दैनिक थप १७/१७ करोड लिटर (थप ३४ करोड लिटर) समेत गरी जम्मा ५१ करोड लिटर पानी वितरण गर्नको लागि थप २ वटा सुरूङ मार्ग निर्माण गरी प्रथम चरण अन्तर्गत निर्माण भएको २६ कि.मी. लामो सुरूङमार्फत् काठमाण्डौ उपत्यकामा वितरण गर्ने साथै ३४ करोड लिटरको पानी प्रशोधन केन्द्र निर्माण गरिने लक्ष्य रहेको आयोजना हो ।

### आयोजनको लक्ष्य:

मेलम्ची याङ्ग्री तथा लार्के नदी डाइभर्सन गरी काठमाण्डौं उपत्यकामा जम्मा ५१ करोड लिटर खानेपानी उपलब्ध गराउने ।

### आयोजनाको अवधि:

पहिलो चरण आ.व. २०५५/५६ मा शुरू भइ आ.व. २०७०/७१ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा पछिल्लो संशोधनबाट आ.व. २०७७/७८ सम्म सम्पन्न गर्ने र दोस्रो चरण आ.व. २०८०/८१ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

### आयोजनाको लागत अनुमान:

सुरु लागत अनुमान ४६४ मिलियन अमेरिकन डलर, संशोधित-३१७ मिलियन अमेरिकन डलर । आयोजनालाई सन २००८ मा पुनसंरचना गरिएको; उपयोजना १ को संसोधित लागत ३१२.९ मिलियन अमेरिकन डलर रहेको छ ।

### बजेटको श्रोत:

- नेपाल सरकार: ९५ मिलियन अमेरिकी डलर।
- वैदेशिक सहयोग: (ADB, JICA, NDF) ऋण २०७.४ मिलियन अमेरिकी डलर ।
- वैदेशिक सहयोग अनुदान: १०.५ मिलियन अमेरिकी डलर ।

### आयोजनाका प्रमुख कार्यहरू

उपआयोजना १ प्रथम चरण (सिन्धुपाल्चोक देखि सुन्दरीजल सम्मको कार्यहरू)

- ४२ कि.मी. प्रवेश मार्ग निर्माण,
- २७ कि.मी. प्रवेश मार्ग स्तर सुधार,
- २७.५८ कि.मी. सुरुङ्ग निर्माण तथा एउटा हेडवर्क्स निर्माण,
- दैनिक क्षमता १७ करोड लिटर पानी प्रशोधन केन्द्र निर्माण,
- सामाजिक उत्थान कार्यक्रम,
- वातावरण व्यवस्थापन कार्यक्रम,
- पूनर्वास कार्यक्रम ।

### आ.व.२०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू

- करीब २६ कि.मी. मुख्य सुरुङ्ग परीक्षण तथा सञ्चालन,
- पानी प्रशोधन (पानी प्रशोधन केन्द्र भाग २ निर्माण तथा जडान कार्य तथा परिक्षण) केन्द्रहरूको सञ्चालन तथा १७ करोड लिटर पानी वितरण,

- हेडवर्कसको weir, bridge and other structures मा थप ८००० घन मिटर कंक्रिटको कार्य गरिएको । विद्युतीकरण लगायत बिभिन्न गेटहरू तथा अनुगमन उपकरणको जडान कार्य गरिएको, हेडवर्कसमा जडान गर्नु पर्ने Gantry Crane, TRCM आयात गरिएको । समग्रमा ९६ प्रतिशत कार्य सम्पन्न भएको भौतिक निर्माणकार्य सम्पन्न भएको,
- सुरुङ्गको अडिटमा रहेका गेटहरूको जडान कार्य सम्पन्न भएको,
- विज्ञहरूबाट सुरुङ्ग निरीक्षणको कार्य गरिएको,
- २०७७ फागुन १० गतेदेखि वैकल्पिक प्रणालीबाट पानी पथान्तरणको कार्य शुरु गरिएको,
- फागुन २८ गते देखि सुन्दरीजल पानी प्रशोधन केन्द्र पूर्ण क्षमतामा सञ्चालन गर्ने कार्य शुरु गरिएको,
- २०७८ असार १ गतेसम्म नियमित रुपमा सुरुङ्ग तथा पानी प्रशोधन केन्द्र सञ्चालन गरिएको ।

## आ.व.२०७८/०७९ मा सम्पन्न भएका क्रियाकलापहरू

- राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनामा २०७८ असार १ गते मेलम्ची नदीमा आएको अकल्पनीय परिमाणको बाढीको कारण, आयोजनाको हेडवर्क्समा भएको तथा भविष्यमा हुन सक्ने थप क्षतिको अनुमानलाई न्युनीकरण र आयोजनालाई तत्काल पुनस्थापन गर्न सकिने सम्बन्धमा विस्तृत अध्ययन गर्न आवश्यक देखिएको भएपनि तत्काल विकास समितिको तर्फबाट निम्न अनुसारको कार्यहरू सम्पादन भएको,
- हेडवर्कसको ड्रोन सर्भे सम्पन्न,
- हेलिकप्टर प्रयोग गरी आयोजनामा कार्यरत कामदारहरूको उद्धार तथा उपचार,
- हेडवर्कसको प्रत्यक्ष निरीक्षणको कार्य,
- बाढी प्रभावितहरूलाई तत्काल राहतका लागि हेलम्बु गाउँपालीका, मेलम्ची नगरपालिका तथा पाँच पोखरी थाङपालधाप गाउँपालिकालाई करिब ६ करोड बजेटको सहयोग,
- हेडवर्क्ससम्मको तत्काल पहुँच कायम गर्न हेलम्बु गाउँपलिकासँगको सहकार्यमा काठमाण्डौको सुन्दरीजलदेखि सिन्धुपाल्चोकको रिबर्मासम्मको बैकल्पिक मार्गको स्तरोन्नति तथा २.५ कि.मी. नया ट्रयाक खोल्ने कार्य,
- हेडवर्क्ससम्म पहुँच भएपछि मुख्य सुरुङ्गमा थप क्षति हुन नदिन गेट नं. ३८ को निरीक्षण तथा थप सुरक्षाका कार्य,
- क्षतिग्रस्त मेलम्ची पूलबजार क्याम्पको पुन: निर्माणको कार्य, क्याम्पमा खानेपानी विद्युत सुचारु,
- बाग्मती नदीको पानी प्रयोग गरी पानी प्रशोधन केन्द्रको सञ्चालन तथा नियमित रेखदेख,
- हेलम्बु गाउँपालिकासँगको समन्वयमा अस्थायी रुपमा हेडवर्कसम्मको पहुँचका लागि अस्थायी पुल तथा सडक ट्र्याक खोल्ने कार्य भएको,

- नेपाल सरकार मन्त्रिपरिषद्को २०७८।९।३० को निर्णय पश्चात मात्र अस्थायी रुपमा पानी पथान्तरणको कार्यका लागि हेडवर्कसको सफाईको कार्य शुरु भएको,
- गेट नं १ तथा ९ को सफाईको क्रममा देखिएका ढुंगाहरू नेपाली सेनाको सहयोगमा विस्फोटक पदार्थ प्रयोग गरी फुटाइएको,
- अम्बाथान अडिट सुरुङ्ग सफा गरिएको ग्याल्थुम-अम्बाथान खण्डको सुरुङ्गको पानीबाहिर निकालिएको र सुरुङ्गको निरीक्षण गरिएको,
- हेडवर्कस डाइभर्सन सुरुङ्ग सफा गरिएको,
- गेट नं १ तथा ९ को मर्मत गरिएको,
- २०७८ चैत्र २९ गते देखि पानी पथान्तरणको कार्य पुनः सुचारु गरिएको र २०७९ बैशाख ५ गते देखि सुन्दरीजल पानी प्रशोधन केन्द्र पुनः सञ्चालन गरिएको,
- २०७९ बैशाख ११ गतेदेखि दैनिक १७ करोड लिटर खानेपानी प्रशोधन गरी वितरण गरिएको ।

## आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरू

- बाढी पहिरोका कारण हेडवर्क्समा तथा प्रवेश मार्गमा क्षति भएको,
- प्राकृतिक विपदका कारण जनधनको क्षति न्युनीकरणका लागि सुचना प्रणाली नहुनु,
- बाढी तथा पहिरोको सम्भावना तथा जोखिमको अध्ययन अनुसन्धान विश्लेषण नहुनु,
- बाढीका कारण क्षतिग्रस्त हेडवर्क्सको पुन निर्माणको लागि अध्ययन प्रतिवेदनमा समय लाग्न गएको,
- आयोजनाको हेडवर्क्सको पुन निर्माणका लागि आवश्यक पहुचमार्ग निर्माण, नदी नियन्त्रण जस्ता कार्यको लागि अन्तर निकाय सहयोगका लागि समन्वयको अभाव रहेको,
- बाढी पश्चात स्थानीय प्रभावितहरूका मागहरूको सम्बोधन सम्बन्धित सरोकारवाला निकायहरूबाट हुन ढिलाई,
- सामाजिक उत्थान कार्यक्रमको कार्य सञ्चालनको निर्णय हुन नसक्नु ।

## समस्या समाधानका लागि गरिएका प्रयासहरू

खानेपानी मन्त्रालय तथा दातृ निकाय ADB बाट अध्ययनको कार्य भई रहेको ।

## आगामी कार्ययोजना

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.१५ मा समेटिएको छ ।

## तालिका नं. ३.१५ आयोजनाको आगामी कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समय सीमा | अपेक्षित उपलब्धि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | रिबर्मा-हेडवर्क्स वैकल्पिक मार्गको मर्मत तथा सुधार | १ | कार्तिक -पौष | हेडवर्क्स सम्मको पहुच स्थापना हुने | मेलम्ची खानेपानी आयोजना |
| २ | हेडवर्क्ससम्मको मुख्य प्रवेशमार्गको मर्मत तथा सञ्चालन कार्य | ५ | कार्तिक -पौष | हेडवर्क्स सम्मको पहुच स्थापना हुने | मेलम्ची खानेपानी आयोजना |
| ३ | हेडवर्क्सको Upstream क्षेत्रमा जलाधार संरक्षण र जलाधार व्यवस्थापन तथा बाढी पहिरो रोकथाम नदी नियन्त्रणको कार्य समेत | १५ | पौष- जेठ २०८० | नदी नियन्त्रण हुने पहिरो रोकथाम हुन | मेलम्ची खानेपानी आयोजना |
| ४ | हेडवर्क्स क्षेत्रको सफाई तथा River Channalising, Debris Cleaning आदि कार्य | १२ | पौष- माघ | अस्थाई रुपमा पानी पथान्तरण गर्न आधार स्थापना हुने | मेलम्ची खानेपानी आयोजना |
| ५ | गेटहरूको मर्मत | | माघ- फागुन | गेटहरू सञ्चालन गर्न सकिने | मेलम्ची खानेपानी आयोजना |
| ६ | सुन्दरीजल-अम्बाथान र ADS सुरुङ्गको निरिक्षण तथा सञ्चालन कार्य | ६.३ | माघ-जेठ २०८० | सुरुङ्गमा पानी सञ्चालन गर्न सकिने | मेलम्ची खानेपानी आयोजना |
| ७ | धाप भोताङ खण्ड सडकको १० कि.मी. मध्य बाँकी ६ कि.मी. सडक तथा ३ गोटा पक्की पुल निर्माण | ८ | कार्तिक -जेठ २०८० | पहुँचमार्ग निर्माण सम्पन्न हुने | काठमाण्डौ उपत्यका थोक खानेपानी आयोजना |
| ८ | दोश्रो चरणको सुन्दरीजल पानी प्रशोधन केन्द्रको निर्माण सुरु गरिने | १०० | कार्तिक- असार २०८० | निर्माण कार्य सुरु गरिने | काठमाण्डौ उपत्यका थोक खानेपानी आयोजना |

## ३.२१ पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ अन्तर्गत अविच्छिन्न उत्तराधिकारवाला संगठित संस्थाको रुपमा काठमाण्डौको पशुपतिनाथ मन्दिर क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवं पर्या-पर्यटनको नमुना क्षेत्र तथा हिन्दूहरूको अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा थप व्यवस्थित गर्ने उदेश्यले आ.व. २०७०/७१ देखि राष्ट्रिय गौरवको आयोजनाको रूपमा कार्यान्वयन भइरहेकोछ ।

**आयोजनाको लक्ष्य:** हिन्दुहरूको अन्तरर्राष्ट्रिय तीर्थस्थल बनाउनुका साथै यस क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवं पर्या-पर्यटनको नमूना क्षेत्रको रुपमा विकास गर्ने ।

**आयोजनाको अवधि:**

**शुरुवात वर्ष:** आ.व. २०७०/७१

**सम्पन्न हुने वर्ष:** आ.व.२०७८/७९

**अनुमानित लागत:** रू. १ अर्ब २७ करोड सशोधित अनुमान रू. २ अर्ब २७ करोड

**बजेटको स्रोत:** नेपाल सरकार

### आयोजनाका प्रमुख क्रियाकलापहरू

- आयोजनाको बृहत्तर गुरूयोजना तयार गर्ने,
- पुरातात्विक तथा सांस्कृतिक सम्पदाको अध्ययन-अनुसन्धान, उत्खनन, संरक्षण तथा सम्बर्द्धन गर्ने,
- भवन, मन्दिरको प्राङ्गण, खानेपानी लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने,
- हिन्दु दर्शन लगायत पूर्वीय दर्शन सम्बन्धी अध्ययन केन्द्र स्थापना गर्ने,
- प्रदुषण नियन्त्रण तथा बाग्मतीको जल प्रवाह प्रवर्द्धन गर्ने,
- पशुपति क्षेत्रसम्बन्धी प्रचार-प्रसार र सञ्जालीकरण गर्ने ।

### आ.व.२०७७/०७८ मा  सम्पन्न भएका क्रियाकलापहरू

- पशुपति क्षेत्रको वृहद् गुरुयोजना तयार गरी पेश गरिएकोमा Revisit गरी सरोकारवाला सग अन्तरक्रिया समेत गरी नयाँ स्वरूपको गुरुयोजना तयार गर्न प्राविधिक समिति गठन भई कार्य अन्तिम चरणमा रहेको,
- श्री पशुपतिनाथको नित्य भोग पकाउने सत्तल (भान्छाघर) जीर्णोद्दार,
- प्रत्येक पूर्णिमामा हुने महास्नानमा महाभोग पकाउने सत्तल जीर्णोद्दार,
- कम दाउराबाट शवदाह गर्ने मेशिन जडान गरी सञ्चालनमा ल्याइएको ।

### आ.व.२०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

- मृगस्थली भू-क्षय नियन्त्रण दोश्रो चरणको कार्य सम्पन्न,
- आर्यघाट, गोरखनाथ, गुह्येश्वरी दर्शनमार्ग स्तरोन्नतिको कार्य सम्पन्न,

- अग्नीहोत्रशाला तथा वनकाली चारशिवालय मर्मत जीर्णोद्दारको कार्य ७० प्रतिशत सम्पन्न,
- नेपाल वेदविद्याश्रमको पूर्वाधार विकास र गौरीघाट स्थित चार शिवालयको वोलपत्र आव्ह्वान गरिएको ।

### कार्यान्वयनमा देखा परेका प्रमुख समस्याहरू

- पशुपति विकास क्षेत्रभित्र रहेको कतिपय सम्पदाहरू बहुस्वामित्व (गुठी संस्थान तथा कोष) मा रहेकोले निर्माण कार्यमा समस्या रहेको,
- पुरातत्व विभाग र अन्य निकायहरूको समेत सहमति लिइ काम गर्नुपर्ने हुँदा प्रक्रियागत ढिलाइ भएको,
- स्थानीय सरोकारवालाहरूको समन्वयमा कमी,
- आयोजना कार्यान्वयनमा दक्ष प्राविधिक जनशक्तिको अभाव रहेको ।

### समस्या समाधानका लागि गरिएका प्रयासहरू

सम्बन्धित निकाय र सरोकारवालाहरूसँग सम्पर्क र समन्वय गरी कार्यअगाडि वढाउने गरिएको ।

### आगामी कार्य योजना

पशुपति क्षेत्रको संरक्षण तथा व्यवस्थापन गुरुयोजनाको मस्यौदा तयार भएको संस्कृति मन्त्रालयमा पेश भएको, प्रस्तावित गुरुयोजना स्वीकृत भएमा सो अनुरूप प्राथमिकताका कार्यक्रमहरू कार्यान्वयन गर्दै लैजाने, भूकम्पबाट क्षतिग्रस्त सम्पदा पुनर्निर्माणको बाँकी कार्य साधन र श्रोतका आधारमा सम्पन्न गर्दै जाने ।

भुकम्पबाट क्षतिग्रस्त पशुपति क्षेत्र भित्रका सम्पदाहरू मध्य विश्वरूपा मन्दिर, पंचदेवल सत्तल, चन्द्रप्रकाशेश्वर सत्तल, बज्रघर सत्तल, भुवनेश्वरी मन्दिरजस्ता ठूला सम्पदाको पुनर्निर्माणको काम सम्पन्न गर्न भने अझै केही वर्ष लाग्ने अवस्था छ। विश्वरूपा मन्दिरमा रहेको विशाल मूर्ति भूकम्पबाट क्षति भई खण्डित भएकोमा सोको मर्मत सभार गरी जडान कार्य भने सम्पन्न गरिएको छ र सो सत्तल तथा मन्दिर संरक्षणको कार्यको ठेक्का सम्झौता भई निर्माण कार्य शुरु भएको ।

## ३.२२ लुम्बिनी विकास कोष

भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनी तथा भगवान बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्षरुपमा सम्बन्ध रहन गएको तिलौराकोट (प्रचीन कपिलवस्तु), गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, कुदान (कपिलवस्तु), देवदह (रुपन्देही), रामग्राम (नवलपरासी) पुरातात्विक क्षेत्रको अन्वेषण, उत्खनन्, संरक्षण तथा विकास गर्न लुम्बिनी विकास कोष ऐन, २०४२ द्वारा लुम्बिनी विकास कोष गठन भएको हो । ऐनले निर्दिष्ट गरेअनुरुप कोषले कार्यहरू सम्पादन गरिरहेको छ । लुम्बिनीको व्यवस्थित रुपमा विकास गर्न संयुक्त राष्ट्र संघको सहयोगमा सन् १९७८ मा लुम्बिनी गुरुयोजना नेपाल सरकारबाट स्वीकृत भएको हो । सन् १९९५ मा सम्पन्न गर्ने लक्ष्य लिएकोमा लक्षित रकम अभावका कारण हालसम्म

लुम्बिनी गुरुयोजना पूर्णरुपमा सम्पन्न हुन सकेको छैन । आ.व. २०७०/७१ देखि नेपाल सरकारले लुम्बिनी गुरुयोजना निर्माण कार्यलाई राष्ट्रिय गौरवका आयोजनामा समावेश गरी प्राथमिकतामा राखेको छ। तत्पश्चात गुरुयोजनाका केही महत्वपूर्ण क्रियाकलापहरू नेपाल सरकारको लगानीमा सम्पन्न भएका छन्।

**आयोजनाको लक्ष्यः**

- सन् १९७८ मा निर्मित लुम्बिनी गुरुयोजना पूरा गर्ने,
- लुम्बिनी विकास कोष अन्तर्गत रहेका भगवान बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्षरुपमा सम्बन्ध रहन गएका तिलौराकोट (प्राचीन कपिलवस्तु), गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, कुदान (कपिलवस्तु) देवदह रामग्राम (नवलपरासी) क्षेत्रको अन्वेषण पुरातात्विक, उत्खनन्, संरक्षण तथा योजनाबद्ध विकास गर्ने ।

**आयोजनाको अवधिः** आयोजना शुरु अवधि सन् १९७७ देखि सन् १९९५ सम्म, संशोधित तालिका अनुसार आ.व. २०८०/८१ सम्ममा सम्पन्न गर्ने ।

**आयोजनाको लागत अनुमानः** आयोजनाको शुरु लागत अनुमानः रू. ५५५ करोड र संशोधित लागत अनुमानः रू. १३२६ करोड।

**बजेटको स्रोतः** नेपाल सरकार

**आयोजनाका प्रमुख कार्यहरुः**

- लुम्बिनी सांस्कृतिक केन्द्रको प्रत्येक भवनको ३० करोडका दरले पार्किङ्ग स्थलसहित ८ वटा भवन मध्ये बाँकी रहेका ६ वटा निर्माण गर्ने,
- उत्थान्त अडिटोरियम हल निर्माण गर्ने,
- वाटर टावर निर्माण गर्ने,
- गुरुयोजना क्षेत्रभित्र पानी वितरण प्रणाली निर्माण गर्ने,
- विहार क्षेत्रभित्र पैदल मार्ग निर्माण गर्ने,
- Campaign Plaza, Staff Colony, Landscaping, Entrance Court निर्माण गर्ने,
- कालोपत्रे सडक, सर्भिस रोड र ढल निकास निर्माण गर्ने,
- हरहवा र तेलार खोला डाईभर्सन निर्माण गर्ने,
- ६ जोडी सिम्बोलिक पेभिलियोन निर्माण गर्ने,
- हाईस्कूल कम्प्लेक्स निर्माण गर्ने,
- गुरुयोजना अनुसारको विद्युत सप्लाई सिस्टम निर्माण गर्ने,
- गुरुयोजना अनुसारको टेलिकम्युनिकेसन सिस्टम निर्माण गर्ने,
- ५ हजारको क्षमताको सभाहल निर्माण गर्ने ।

## आ.व.२०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू

- लुम्बिनी सांस्कृतिक केन्द्रको प्रत्येक भवनको ३० करोडका दरले पार्किङ्ग स्थलसहित ८ वटा भवन मध्ये बाँकी रहेका ६ वटा निर्माण भएको,
- उत्थान्त अडिटोरियम हल निर्माण भएको,
- वाटर टावर निर्माण भएको,
- गुरुयोजना क्षेत्रभित्र खानेपानी आपूर्ती प्रणाली निर्माण भएको,
- गुरुयोजना अनुसारको विद्युत वितरण प्रणाली निर्माण भएको,
- गुरुयोजना अनुसारको संचार प्रणाली निर्माण भएको ।

## आ.व.२०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

- लुम्बिनी गुरुयोजनाका बाँकी कार्यहरू, भवन, स्युरेज, ड्रेनेज, सडक, रिभर डाइभर्सन, ल्याण्डस्केप एण्ड व्युटिफिकेशन, नहर लगायतका कार्यहरूमा चालु आ.व.को लक्ष्य अनुसार शतप्रतिशत भौतिक प्रगति हासिल भएको,
- लुम्बिनी गुरुयोजना अनुसारको पवित्र उद्यानमा रहेका गोलाई पोखरी तथा सर्कुलर लेभीमा योजना अनुसारका निर्माण कार्यको गत आ.व.मा शुरु भएको कार्यको समग्रमा ठ्छ प्रतिशत भौतिक प्रगति हाँसिल भई कार्य चालु अवस्थामा रहेको,
- ५ हजारको क्षमता भएको सभाहल ध्यान साधना केन्द्र भवन निर्माणको दोश्रो फेजको निर्माण कार्यमा कुल ९९ प्रतिशत भौतिक प्रगति हासिल भएको, चालु आ.व.को लक्ष्य अनुसार शतप्रतिशत प्रगति हासिल भएको,
- गौतमबुद्ध फलफूल वाटीका तथा सर्भिस सडक वरिपरि ल्याण्डस्केप निर्माण कार्यमा वृक्षारोपण र ल्याण्डस्केपको कार्य सम्पन्न भएको,
- पुरातत्व विभागको समन्वय र स्वीकृतिमा तिलौराकोट, गोटीहवा, निग्लीहवा, अरौराकोट, सिसहनीया, धमनीहवा, सगरहवा, रामग्राम र देवदहमा तीर्थयात्री तथा पर्यटकीय सेवासुविधा विस्तार गर्न शौचालय, ध्यान प्लेटफर्म, पैदलमार्ग, संरक्षण लगायतका संरचना निर्माण गर्नुपर्नेमा ३ वटा निर्माण कार्यमार्फत् कार्य भइरहेको र हालसम्म ६० प्रतिशत भौतिक प्रगति हासिल भएको । चालु आ.व.को लक्ष्य अनुसार शतप्रतिशत प्रगति हासिल भएको,
- कपिलवस्तुका पुरातात्विक क्षेत्र, देवदह, रामग्राम तथा सैनामैना क्षेत्रमा पुरातात्विक उत्खनन् तथा संरक्षण गर्नुपर्नेमा पुरातात्विक संरक्षणको लागि ईटा उत्पादन गर्ने कार्य सम्पन्न, तिलौराकोटमा पुरातात्विक संरक्षण कार्य सम्पन्न,
- लुम्बिनी गुरुयोजनाको बाँकी रहेका कामको डिजाइन तथा सुपरभिजन परापर्श सेवा कार्य अगाडि बढाउनुपर्नेमा वहुबर्षीय कार्य भएको हुनाले नियमित रुपमा कार्य चालु अवस्थामा रहेको ।

बृहत्तर लुम्बिनी क्षेत्रको गुरुयोजना निर्माण, तिलौराकोट पुरातात्विक क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न वैज्ञानिक अध्ययन तथा नोमिनेशन डकुमेन्ट तयार गर्ने लगायत आवश्यक पूँजीगत परामर्श खर्च जुटुनु पर्नेमा सोको लागि बृहत्तर लुम्बिनी क्षेत्रको गुरुयोजनाको अवधारणा (Conceptual Master Plan) तयार भएको । Detailed Project Report (DPR) निर्माण गर्ने सन्दर्भमा नीतिगत छलफलहरू भइरहेको ।

## आयोजना कार्यान्वयनमा देखा परेका प्रमुख समस्याहरू

बजेट विनियोजन कम भएको हुँदा बोलपत्र आह्वान समयमा नै हुन नसकेको ।

## आगामी कार्ययोजना

यस आयोजनाको आगामी कार्ययोजना तालिका नं. ३.१६ मा समेटिएको छ ।

### तालिका नं. ३.१६: आयोजनाको आगामी कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्वीकृत बजेट (करोडमा) | समयसीमा | अपेक्षित उपलब्धी | जिम्मेवार निकाय /महाशाखा |
|---|---|---|---|---|---|
| १ | लुम्बिनी गुरुयोजनाका बाँकी कार्यको पहिलो फेजको निर्माण कार्य जारी राख्ने | ३७५ | आ.व. २०८०/८१ | लुम्बिनी गुरुयोजना सम्पन्न हुने | लुम्बिनी विकास कोष |
| २ | लुम्बिनी गुरुयोजनाका बाँकी कार्यको दोस्रो फेजको ठेक्का बन्दोबस्त गरी कार्य गर्ने | ३२५ | आ.व. २०८०/८१ | लुम्बिनी गुरुयोजना सम्पन्न हुने | लुम्बिनी विकास कोष |
| ३ | बृहत्तर लुम्बिनी गुरुयोजना डिजाइन कार्य सम्पन्न गर्ने | १ | आ.व. २०८०/८१ | गुरुयोजना अनुसार बृहत्तर लुम्बिनी क्षेत्रको एकीकृत एवम् योजनाबद्ध विकास गर्न सकिने | लुम्बिनी विकास कोष/पुरातत्व विभाग |
| ४ | प्राचीन कपिलवस्तु-तिलौराकोटलाई विश्व सम्पदामा सूचिकृत गर्ने | १ | सन् २०२४ | तिलौराकोट यूनेस्को विश्व सम्पदा क्षेत्र हुने | पुरातत्व विभाग, लुम्बिनी विकास कोष |

## ३.२३ राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम

चुरे अथवा शिवालिक भनेर चिनिने भौगोलिक क्षेत्र नेपालको हिमालय पर्वत श्रृङ्खलाको महाभारतदेखि दक्षिणी भागमा पूर्व-पश्चिम भई फैलिएर रहेको होचो र कमलो पहाड हो। यो पहाड करिब चार करोड वर्ष पहिले ग्रेगर थुप्रिएर Main Frontal Thrust (MFT) र Main Boundary Thrust (MBT) (भौगर्भिक दरारहरूको) बीचमा बनेको भू-भाग हो । चुरे क्षेत्र पूर्व इलामदेखि पश्चिम कञ्चनपुरसम्म ३७ जिल्लामा (सुस्ता पूर्व नवलपरासी समेत) फैलिएको छ ।

चुरेको भूपरिधि प्राकृतिक र पारिस्थितिकीय प्रणाली अनुरुप विशेष अन्यभन्दा फरक छ । चुरेको भू-बनोट, माटोको प्रकृति, जैविक विविधतामा ह्रास र छोटो अवधिको सघन वर्षा आदि कारणले, अति संवेदनशील छ । चुरे क्षेत्र भू-बनोटको हिसाबले कमलो भएकोले मानवीय तथा भौगर्भिक कारणले पनि पहिरो तथा भू-क्षय हुने गर्दछ । जनसंख्याको चाप, अवैज्ञानिक खेतीपाती, खुल्ला अतिचरिचरण/छाडा पशुपालन, अव्यवस्थित बसोबासले गर्दा वन विनाश र प्राकृतिक स्रोतको दोहन अत्यधिक हुँदा त्यसको नकारात्मक परिणाम वा प्रतिकुल असर चुरे, दुन लगायत समग्र तराई क्षेत्रमा परिरहेको छ ।

चौथो पञ्चवर्षीय योजनादेखि चौधौं योजना, वन विकास गुरुयोजना, राष्ट्रिय चुरे संरक्षण रणनीति, नेपाल वातावरणीय नीति तथा कार्ययोजना, दीर्धकालिन कृषि योजनाले चुरेक्षेत्रको संवेदनशीलताको संरक्षण र वातावरणीय सेवा एवं भूमिगत जलपुर्नरभरण आदिमा पुऱ्याउने योगदानलाई दृष्टिगत गर्दै कार्यक्रम कार्यान्वयनमा विशेष जोड दिएको छ । आ.व. २०६७/०६८ देखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम शुरुवात गर्दै आएकोमा चुरेका समस्या वा विकासका सवालहरू बहुसरोकावालाहरूसँग सम्बन्धित सबै विषयगत र सबै सरोकारवालाहरूसँगको समन्वय र सहकार्य आवश्यक देखिएकाले एकीकृत कार्यक्रम कार्यान्वयन नीति जरुरी देखियो । यसलाई महसुस गरी Multidisciplinary Team रहने संरचनासहित नेपाल सरकारले २०७१ आषाढ २ गते राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरेको हो र आ.व. २०७१/७२ मा राष्ट्रिय गौरवको आयोजनाको रुपमा कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

विगत वर्षहरूमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम साविकका साझेदार निकायका विभिन्न विषयगत कार्यलयहरूबाट गरिएको थियो भने आ.व २०७५/७६ मा सम्वन्धित स्थानीयतहहरू र प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयवाट कार्यक्रम कार्यान्वयन गरिएको थियो । आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लेख भएबमोजिम चुरे क्षेत्रलाइ समेट्ने गरि ५ वटा कार्यक्रम कार्यान्वयन एकाई मार्फत् कार्य सञ्चालन हुने गरि नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७६/०४/०६ को निर्णय अनुसार स्थापना भएका समिति अन्तर्गतका ५ वटा कार्यक्रम कार्यान्वयन एकाईहरूबाट कार्यक्रम कार्यान्वयन भइ रहेको छ ।

### आयोजनाको लक्ष्य

चुरे क्षेत्रको प्राकृतिक स्रोत संरक्षण, दिगो व्यवस्थापन, पारिस्थितिकीय सेवाको सम्वर्द्धनद्वारा गरिबी न्युनीकरण एवं समृद्ध नेपालको राष्ट्रिय लक्ष्यमा टेवा पुऱ्याउने ।

**आयोजना अवधि:** २० वर्ष (आ.व. २०७४/७५ देखि २०९३/९४)

**आयोजनाको लागत:** रू.२ खर्ब ४९ अर्ब ७० करोड २ लाख ।

### बजेटको श्रोत:

- नेपाल सरकार,
- आ.व. २०७५/७६ रू. ६ करोड १९ लाख ३३ हजार बैदेशिक श्रोतको रकम रहेको,
- आ.व. २०७६/७७ र आ.व. २०७७/७८ को शुरुमा क्रमश रू. ६० अर्ब ५५ करोड र ५३ अर्ब १४ करोड बैदेशिक श्रोतको रकम रहे पनि पछि नेपाल सरकारको श्रोततर्फ परिवर्तन भएको ।

### आयोजनाका प्रमुख क्रियाकलापहरु

- चुरे तराई मधेशको संरक्षणको लागि चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन मध्यकालीन र दिर्घकालीन लक्ष्य र कार्यक्रम निर्दिष्ट भएको चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना (मन्त्रिपरिषदबाट २०७४ जेष्ठ ४ गते स्वीकृत) अनुसार कार्यक्रम कार्यान्वयन गर्ने,
- नदी किनार तटबन्धनमार्फत् बाढी नियन्त्रण, जोखिमको न्युनीकरण तथा नदी किनार/उकास क्षेत्रहरूमा हरियाली प्रवर्द्धन कार्य भएको,
- गुरुयोजनाले चुरे क्षेत्रबाट वा यस क्षेत्र भएर बहने १६४ नदीप्रणालीको नक्साङ्कन, यस मध्य पहिलो ५ बर्षको लागि ६४ वटा नदी प्रणाली प्राथमिकीकरण भएको। आ.व. २०७८/७९ सम्ममा चुरे क्षेत्र भएर बहने ४८ वटा नदी प्रणाली क्षेत्रभित्र, कार्यक्रम कार्यान्वयन एकाईमार्फत् स्थानीय स्तरमा चुरे संरक्षण कार्यक्रम कार्यान्वयन भइरहेको ।

### आ.व. २०७७/७८ मा सम्पन्न भएका क्रियाकलापहरू

- २,५०,००० बिरुवा उत्पादन/खरिद,
- ९०.२० हेक्टरमा कृषि वन प्रणाली प्रवर्द्धन,
- १२ स्थानमा पर्यापर्यटन क्षेत्र प्रवर्द्धन,
- २६ वटा तालतलैया/सिमसार संरक्षण तथा व्यवस्थापन,
- १३८ वटा गल्छी, पहिरो, खहरे रोकथाम,
- २३.६९ कि.मी. नदी तथा खोला किनारा स्थिरिकरण/व्यवस्थापन,

- ५६ स्थानमा भूमिगत जल पूनर्भरण र सतहमुनिको पानी उपयोग,
- ५९.७२ हेक्टर जैविक वातावरणीय एवं भू-स्खलनको हिसाबले अति संवेदनशील रहेका वन क्षेत्र (Hot Spot) को तारबार सहित पुनरुत्पादन तथा संरक्षण,
- कार्यक्रमको नीतिगत, कानुनी र संस्थागत सुधार सहित पुनःसंरचनाको लागि अध्ययन गरी प्रतिवेदन तयार,
- प्रगति संकलन समीक्षा र समष्टीगत तयारीका लागि web portal मा आधारित कम्प्यूटर सफ्टवेयर तर्जुमा,
- १० वटा नदी प्रणालीहरूको नदी प्रणाली एकीकृत श्रोत व्यवस्थापन योजना तयार,
- चुरे क्षेत्रमा अव्यवस्थित, जोखिमयुक्त बस्तिहरूको पहिचान एवं नक्शांकन समेत १४ पटक विभिन्न विषयमा अध्ययन अनुसन्धान ।

## आ.व.२०७८/७९ मा सम्पन्न भएका क्रियाकलापहरू

- १४.५ हेक्टरमा कृषि वन प्रणाली प्रवर्द्धन,
- १८ स्थानमा पर्यापर्यटन क्षेत्र प्रवर्द्धन,
- २७ वटा तालतलैया/सिमसार संरक्षण तथा व्यवस्थापन,
- १७० वटा गल्छी, पहिरो, खहरे रोकथाम,
- ३०.८५ कि.मी. नदी तथा खोला किनारा स्थीरीकरण/व्यवस्थापन,
- ३८ स्थानमा भूमिगत जल पूनर्भरण र सतहमुनिको पानी उपयोग,
- २१ हेक्टर जैविक वातावरणीय एवं भू-स्खलनको हिसाबले अति संवेदनशील रहेका वन क्षेत्र (Hot Spot) को तारबार सहित पुनरुत्पादन तथा संरक्षण,
- ९५ हेक्टर क्षतिग्रस्त सार्वजनिक भूमि पुनरुत्थान,
- ५ वटा नदी प्रणालीहरूको नदी प्रणाली एकीकृत श्रोत व्यवस्थापन योजना तयार,
- चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरूयोजना, २०७४ को समीक्षा तथा परिमार्जन गरी अन्तिम मस्यौदा प्रतिवेदन तयार,
- भूमिगत जलस्रोतको उपयोगसम्बन्धी अध्ययन (प्रदेश २) सम्पन्न,
- चुरे क्षेत्रमा जियो संरक्षण अवधारणा अध्ययन सम्पन्न,
- चुरे क्षेत्रमा पाइने गैह्रकाष्ठ वन पैदावारसम्बन्धी अध्ययन सम्पन्न,
- चुरे एटलसको पुनरावलोकनः Chure Conservation Area: An atlas of 37 district तयार,

## वार्षिक कार्यक्रम बाहेक

- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ तयार गरिएको,
- राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन निर्देशिका तयार गरिएको,
- चुरे-तराई, मधेश क्षेत्रको संरक्षण तथा विकासको रणनीतिक कार्ययोजना तयारी गरिएको,

चुरे क्षेत्रमा रहेका खाली क्षेहरूमा बहुउपयोगी प्रजातिका बिरुवा वृक्षरोपण गरेर कार्बन वित्त (Carbon finance) प्राप्त गर्ने उद्धेश्यले Improved Forestry in the Hindukussh Region: A Community, Biodiversity and Carbon Project सम्बन्धी अवधारणा पत्र तयार गरी सहमतिका लागि वन तथा वातावरण मन्त्रालय मार्फत् अर्थ मन्त्रालयमा पेश गरेको,

- राष्ट्रपति चुरे संरक्षण कार्यक्रमद्वारा कार्यान्वयन गरिएका सफल कार्यको Ground water: making the invisible visible भिडियो डकुमेन्ट्री तयार गरी प्रचारप्रसार गरेको,
- चुरे क्षेत्रमा पर्ने ३० वटा नदी तथा खोलाहरूका १२२ स्थानबाट नदीजन्य पदार्थ सङ्कलन र बुटबल उ.म.न.पा.लाई पहिरोको गेग्रान हटाउनका लागि सहमति प्रदान गरिएको,
- २५ वटा वातावरणीय अध्ययनका लागि सहमति तथा राय सुझाव प्रदान गरिएको,
- खानी तथा खनिज पदार्थ खोजतलासका लागि १० वटा सहमति प्रदान गरिएको,
- ४ वटा क्रसर उद्योग स्थापनाका लागि चुरे पहाडी क्षेत्रबाट उद्योग सञ्चालन स्थलको दुरी प्रमाणित गरिएको,
- ३ वटा विद्युत प्रसारण लाइनको वातावरणीय प्रभाव मूल्याङ्कनमा अध्ययनमा राय सुझाव दिईएको ।

## आयोजना कार्यान्वयनमा देखापरेका मुख्य मुख्य समस्याहरू

- चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजनाले निर्दिष्ट गरेका योजना कार्यक्रम सञ्चालन गर्न पर्याप्त साधन (जनशक्ति, पुर्वाधार, बजेट र कानुनी संरचना) हुन नसक्नु,
- चुरेको प्रभावकारी संरक्षण गर्न एकीकृत प्रणाली अनुरुप चुरे संरक्षण तथा व्यवस्थापन कार्यान्वयनका लागि 'चुरे संरक्षण तथा व्यवस्थापन ऐन' नहुनु,
- चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजनाले निर्दिष्ट गरेका योजना कार्यक्रम सञ्चालन गर्न समितिलाई यथोचित बजेट उपलब्ध गराउनु पर्नेमा कार्यान्वयनमा दोहोरोपन हुनेगरी चुरे उत्थानशील आयोजना (BRCRN) शुरु गरिनु,
- चुरे क्षेत्रको एकीकृत विकास कार्यक्रम कार्यान्वयनमा संलग्न सबै सरोकारवालाहरूको समान प्राथमिकतामा पर्न नसक्नु आदि ।

## समस्या समाधानका लागि गरिएका प्रयासहरू

- राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन प्रयाप्त साधन र श्रोतको लागि सम्वद्ध निकायसँग निरन्तर छलफल र समन्वय भइरहेको,
- आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भए बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०४/०६ को निर्णय अनुसार चुरे क्षेत्रलाइ समेट्ने गरी ५ वटा कार्यक्रम कार्यान्वयन एकाईहरू स्थापना भई कार्य सञ्चालन भइरहेको,

- चुरे क्षेत्रको एकीकृत विकास कार्यक्रम कार्यान्वयनमा संलग्न सबै सरोकारवालाहरूको समान प्राथमिकतामा पार्नको लागि माथिल्लो निकायसँग समन्वयका लागि अनुरोध गरिएको साथै समितिबाट सम्पादित हुने कार्यक्रमको लागि स्थानीय तह र प्रदेशमा छलफल, प्रचार प्रसार र अभिमुखीकरण गोष्ठी आदिको माध्यमबाट चुरे संरक्षणसम्बन्धी विभिन्न क्रियाकलापहरू निरन्तर भइरहेको ।

## आगामी कार्ययोजना

- म.प.को मिति २०७४/०२/०४ मा स्वीकृत भई गुरुयोजनाले निर्दिष्ट गरेबमोजिम चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनको लागि १६४ वटा नदी प्रणालीमा प्राथमिकताको आधारमा क्रमवद्ध रुपमा कार्यक्रम सञ्चालन हुने,

- चुरे तराई-मधेशको एकीकृत र समग्र व्यवस्थापनमा नीतिगत, कानूनी, संस्थागत, कार्यक्रमगत, स्रोतजन्य र व्यवस्थापकीय मुद्दाहरू रहेका छन् । "चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई" भन्ने दुरदृष्टीका साथ नेपाल सरकारद्वारा २०७४ जेष्ठमा स्वीकृत २० वर्षे राष्ट्रपति चुरे तराई-मधेश संरक्षण र व्यवस्थापन गुरुयोजनाले प्रस्ताव गरेबमोजिमको रकम सालवसाली रुपमा उपलब्ध गराउन तथा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सुदृढ संस्थागत संरचना र एकीकृत कानूनको तयारीका लागि पहल गरिनेछ,

- समितिको मौजूदा साँगठनिक सँरचनालाई संघ, प्रदेश र सम्बन्धित स्थानीय तहहरूसँग सहकार्य र संयोजन हुने गरी पुनसँरचनाको काम गर्नुपर्ने छ । संघीय सँरचनाको मर्म अनुकुल हुने गरी चुरे तराई-मधेशको सँरक्षण र व्यवस्थापनको अधिकार जिम्मेवारी, कर्तव्य र जवाफदेहीता संघीय, प्रादेशिक र स्थानीय सरकारहरूले सहकार्य र समन्वयात्मक ढङ्गले गर्ने गरी विभाजन गर्नुपर्ने छ। चालु आ.व. २०७९/८० को समितिलाई प्राप्त कुलबजेट रु. २ अर्ब १७ करोड ३२ लाख मध्ये ६७ वटा नदी प्रणालीको व्यवस्थापन सम्बन्धी क्रियाकलाप गर्न यस समिति, कार्यक्रम कार्यान्वयन एकाई र नेपाली सेनाद्वारा कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइने छ,

- गुरुयोजनाले परिकल्पना गरेबमोजिम चुरे-तराई मधेशको संरक्षण र व्यवस्थापनको लागि समग्र राष्ट्रिय ऐन तथा प्रदेश र सम्वन्धित स्थानीय निकायमा यससम्वन्धी विशेष कानूनको आवश्कता रहेको छ । अध्ययनले नदीजन्य उत्पादनहरू जस्तैः ढुङ्गागिट्टी र वालुवाको उत्खनन् र विक्रिवितरणमा मात्र निजी क्षेत्रको भूमिका देखिएकोले चुरे तराई-मधेशको संरक्षण र व्यवस्थापनमा नीजि क्षेत्रलाई जिम्मेवार वनाउदै उनीहरूको लगानी प्रबर्द्धन गर्ने नीति लिइने छ। नेपालको कुल भूभागको झण्डै २७ प्रतिशत भू-खण्ड रहेको चुरे भावर

तराई मधेश संरक्षण र व्यवस्थापन गर्न ठूलो धनराशी आवश्यकता पर्ने हुँदा थप आर्थिक श्रोतहरू जुटाई चुरे-तराई मधेशमा माटो र पानी सँरक्षण तथा व्यवस्थापनबाट पर्ने प्रभावको वैज्ञानिक लेखाजोखा र आंकलन गर्न दीर्घकालीन अनुगमनका लागि प्रणालीगत, प्राविधिक र खोजमूलक वैज्ञानिक अनुसन्धानको संरचना र संयन्त्रको स्थापना गर्न आवश्यक पहल गरिने छ ।

परिच्छेद - चार

# राष्ट्रिय गौरवका आयोजनाहरूका कार्यप्रगतिको समीक्षा र साझा समस्या

## ४.१ राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यप्रगतिको समीक्षाः

राष्ट्रिय गौरवका आयोजनाहरूलाई स्रोत विनियोजनमा प्राथमिकता दिईएको छ भने कार्यान्वयनमा सघन अनुगमन गर्ने गरिएको छ । आयोजनाहरूको कार्य प्रगति तथा देखिएका समस्याका सम्बन्धमा प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने राष्ट्रिय विकास समस्या समाधान समिति, राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा बस्ने राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठकमा र मन्त्रीको अध्यक्षतामा बस्ने सम्बन्धित मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा छलफल गरी समस्या समाधान गर्ने गरिएको छ । समग्रमा, राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति मिश्रित देखिएको छ ।

आ.व.२०७३/७४ देखि आ.व. २०७६/७७ को अवधिमा क्रमशः तेह्र, सोह्र, सोह्र र नौवटा आयोजनाले ८० प्रतिशतभन्दा बढी वार्षिक भौतिक प्रगति हासिल गरेका छन् । त्यसैगरी ५० देखि ८० प्रतिशत सम्म क्रमशः पाँच, दुई, तीन र दश वटा आयोजनाले वार्षिक भौतिक प्रगति हासिल गरेका छन् ।

आ. व. २०७७/७८ मा ८ (आठ) वटा आयोजनाहरूको वार्षिक प्रगति ८० प्रतिशतभन्दा बढी रहेको छ भने ५० प्रतिशतभन्दा बढी र ८० प्रतिशतभन्दा कम वित्तीय प्रगति हासिल गरेको आयोजनाहरू १० (दश) वटा रहेका छन् । ५० प्रतिशत वा सोभन्दा कम वित्तीय प्रगति हासिल गर्ने आयोजनाहरू ५(पाँच) वटा रहेका छन् भने पश्चिम सेती जलविद्युत आयोजनामा कुनै काम भएको छैन ।

आ. व. २०७८/७९ मा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सहित १२ (बाह्र) वटा आयोजनाहरूको वार्षिक भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा बढी रहेको छ भने ५०-८० प्रतिशत भौतिक प्रगति हासिल गरेको आयोजनाहरू ६ (छ) वटा रहेका छन् । ५० प्रतिशत वा सोभन्दा कम भौतिक प्रगति हासिल गर्ने आयोजनाहरू ३(तीन) वटा रहेका छन् भने पश्चिम सेती जलविद्युत आयोजना र निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक प्रगति हुन सकेको छैन भने माथिल्लो तामाकोशी

जलविद्युत आयोजना र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सम्पन्न भई सञ्चालनमा आईसकेका छन् । आ.व. २०७८/७९ मा ९ (नौ) वटा आयोजनाहरूको वित्तीय प्रगति ८० प्रतिशत वा सोभन्दा माथि रहेको छ ।

८० प्रतिशत वा सोभन्दा माथि समष्टिगत भौतिक प्रगति हासिल गर्ने आयोजनाहरू ६ (छ) वटा रहेका छन् त्यस्तै ५०-८० प्रतिशत समष्टिगत भौतिक प्रगति हासिल गर्ने आयोजनाहरू ५(पाँच) वटा छन् । माथिल्लो तामाकोशी जलविद्युत आयोजना र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सम्पन्न भई सञ्चालनमा आईसकेका छन् । ८० प्रतिशत वा सोभन्दा माथि समष्टिगत भौतिक प्रगति हासिल गर्ने आयोजनाहरू ६ (छ) वटा मध्ये मेलम्ची खानेपानी आयोजना (प्रथम चरण)को समष्टिगत भौतिक प्रगति ८९.४७ प्रतिशत रहेपनि २०७८ असार १ गते आएको बाढीबाट हेडवर्क्स लगायत मुख्य संरचनाहरू क्षतिग्रस्त भएकोले सोको मर्मत कार्य हुँदैछ । त्यसैगरी १२ (बाह्र) वटा आयोजनाहरूमा ५० प्रतिशत वा सोभन्दा कम समष्टिगत वित्तीय प्रगति हासिल भएको छ ।

प्रारम्भिक चरणमा केही रणनीतिक महत्वका पूर्वाधार निर्माण आयोजनामा वर्षेनि बजेट बाँडफाँटमा प्राथमिकता कायम रहोस भन्ने उद्देश्यले राष्ट्रिय गौरवको मान्यता पाएका यी आयोजनाहरू मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि समृद्ध नेपालका प्रमुख आधारशिलाका रुपमा स्थापित हुन पुगेका छन् ।

पन्ध्रौं योजनासँगै नयाँ रुपान्तरणकारी आयोजना र आयोजना बैङ्क निर्माणले विशेष प्राथमिकता पाएको भएता पनि राष्ट्रिय गौरवका आयोजनाहरू सर्वकालीन महत्वका रहेका छन् । यी आयोजनाको निर्माणको कुनै अङ्ग वा पक्षमा सहभागी हुने अवसर पाउनु पनि आफैंमा गौरवको विषय हो । यद्यपि, हरेक आयोजना निर्माणमा समय लम्बिने र लागत बढ्ने प्रवृत्तिले जरो गाडेर बसेको छ ।

यी आयोजनाहरूलाई साधनको सुनिश्चितता गर्ने नीतिगत प्रतिवद्धता अनुरुप आवश्यक बजेट विनियोजन भइरहेको भए तापनि पर्याप्त खर्च हुन सकेको देखिँदैन । राष्ट्रिय गौरवका आयोजना भए पनि कार्यान्वयन क्षमताको अभाव, स्थानीयस्तरमा विभिन्न माग राखी दिइने दबाव, जग्गा प्राप्तिमा कठिनाई, निर्माण व्यवसायीको कमजोर व्यवस्थापन, अन्तर निकाय समन्वयको अभाव र समयमै कार्यान्वयन पद्धति स्पष्ट नहुँदा प्रगति पछाडि परेको अवस्था छ ।

## ४.२ राष्ट्रिय गौरवका आयोजनाहरूमा देखिएका साझा समस्याहरू

राष्ट्रिय गौरवका आयोजनाहरूमा देखिएका आयोजनागत समस्याहरू परिच्छेद-३ मा उल्लेख गरिएको छ । प्राय जसो हरेक आयोजनाहरूमा देखिएका साझा प्रकृतिका समस्याहरूलाई यस परिच्छेदमा समावेश गरिएको छ । यी समस्याहरू देहायबमोजिम छन्:

### क) जग्गा अधिग्रहण र मूल्याङ्कनमा समस्याः

आयोजना निर्माण स्थलमा स्वामित्व नभएका तर जग्गा हकभोग गरिरहेका परिवारको घर जग्गा लगायतका क्षतिपूर्ति निर्धारणमा समस्या रहेको छ । प्राय जसो हरेक आयोजनाहरूमा जग्गाको मुआब्जा निर्धारण र घर टहराको मूल्याङ्कनका विषयमा स्थानीयहरूबाट उच्च रकम माग गरी अवरोध गर्ने गरेको पाइन्छ । मुआब्जाको सम्बन्धमा नेपाल सरकार र दातृ निकायबाट सञ्चालन हुने आयोजनामा फरक फरक शैली अपनाउने गर्दा थप जटिलता उत्पन्न हुने गरेको छ ।

### ख) प्राविधिक जनशक्तिसम्बन्धी समस्याः

आयोजनाहरूमा प्रर्याप्त दक्ष प्राविधिक जनशक्तिको उपलब्ध गराउन नसक्दा आयोजनाको वार्षिक लक्ष्य प्राप्त गर्न कठिनाई हुने र खर्च गर्ने क्षमतामासमेत कमी आएकोले पूँजीगत खर्च कम हुने गरेको छ ।

### ग) वन क्षेत्रसँग सम्बन्धित समस्याः

आयोजना क्षेत्रमा पर्ने रूख कटान अनुमति लिन र वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत हुन पनि अत्याधिक समय लाग्ने गरेको छ । वन क्षेत्र, राष्ट्रिय निकुञ्ज तथा आरक्षण क्षेत्रभित्र पर्ने आयोजनाहरूमा निर्माण कार्य सञ्चालनमा पर्याप्त समन्वय हुन नसक्दा समस्या उत्पन्न भएको छ ।

### घ) निर्माणसामाग्री उपलब्धतामा समस्याः

आयोजनाहरूमा आवश्यक पर्ने नदीजन्य एवम् खानीजन्य निर्माण सामग्रीको नियमित आपूर्ति र उपलब्धतामा समस्या रहेको छ । विदेशी भूमिबाट निर्माण उपकरण तथा इन्धन ढुवानी गर्नु पर्ने अवस्था छ भने सीमित अवधिमात्र  निर्माणको लागि उपलब्ध भइरहेको छ ।

### ङ) ठेक्का व्यवस्थापनमा समस्याः

आयोजनाको साइट क्लीयरेन्स नहुँदै ठेक्कापट्टासम्बन्धी कार्य शुरू गरिँदा निर्माण व्यवसायीलाई समयमै Site Access र Site Possession दिन नसकिएकोले आयोजनाहरूको कार्य सम्झौतामा तोकिएको समयमा सम्पन्न नहुने एवम् पटकपटक म्याद थप गर्नुपर्ने हुँदा योजनाको लागत बढ्न गएको । प्रभावकारी रूपमा निरन्तर अनुगमन तथा मूल्याङ्कन नहुँदासमेत आयोजनाको कार्य प्रभावित भएको ।

### च) निर्माणको मोडालिटी तय नहुनुः

कतिपय आयोजनाहरूको लगानीको स्रोत र कार्यान्वयन विधि तय नभएको कारण त्यस्ता आयोजनाहरू कार्यान्वयनमा सुस्तता आएको । जस्तैः पश्चिम सेती जलविद्युत आयोजना, विद्युतप्रशारण आयोजना, बुढीगण्डकी जलविद्युत आयोजना र दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना ।

### छ) स्रोत व्यवस्थापनसम्बन्धी समस्याः

नेपाल सरकारबाट विनियोजन भएको बजेट न्यून हुने तथा वैदेशिक स्रोतबाट प्राप्त हुने बजेट समयमै प्राप्त नभइ आर्थिक वर्षको अन्त्यमा मात्र प्राप्त हुँदा आयोजनाको कार्य प्रभावित हुने गरेको ।

### ज) अनुगमन तथा मूल्याङ्कनमा कमी :

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ का कारण गरिएको बन्दाबन्दी (लक डाउन) ले गर्दा विगतका आर्थिक वर्षहरूमा राष्ट्रिय योजना आयोग एवं सम्बन्धित मन्त्रालय निकायहरूबाट पर्याप्त अनुगमन मूल्याङ्कन हुन नसकेको ।

### झ) प्रभावकारी समन्वय हुन नसक्नुः

आयोजना कार्यान्वयनको शुरूमै Master List बनाउँदा अर्थ मन्त्रालयलगायत सम्बद्ध सरोकारवाला निकायहरूसँग प्रर्याप्त समन्वय गर्न नसकेकोले समयसमयमा भन्सार जाँचपास, विदेशी मुद्रा सटही, विदेशी दक्ष कामदारको प्रवेशाज्ञा एवम् श्रम स्वीकृति लगायतका समस्या रहेको छ । सँघ, प्रदेश र स्थानीय तहका विभिन्न सम्बद्ध निकायहरूसँग प्रभावकारी समन्वय हुन नसक्दा आयोजना कार्यान्वयनमा समस्या उत्पन्न भएको छ । स्थानीयस्तरबाट आयोजनासँग सम्बन्धित नरहेका विभिन्न मागहरू राखी दवाव दिने प्रवृतिसमेत रहेको छ ।

### ञ) सडकसम्बन्धी आयोजनाहरूका समस्याः

कतिपय सडकसम्बन्धी आयोजनाहरूमा सडक सीमा र Alignment यकिन नभएको, विद्युतको पोल, खानेपानीको पाइप जस्ता Utility स्थानान्तरको कार्य समयमै सम्बन्धित निकायबाटै सम्पन्न नहुँदा समस्या हुने गरेको छ ।

## ४.३ आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरू

कतिपय राष्ट्रिय गौरवका आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, कार्यान्वयन ढाँचा सहितको समयबद्ध कार्ययोजना नै नभएको र अन्य केही आयोजनाको समय र कुल लागत अनुमान तयार हुन बाँकी नै रहेको छ । आयोजनाको व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि सम्बन्धित मन्त्रालय र आयोजना प्रमुखबीच कार्यसम्पादन करार गर्ने गरिएको भए पनि त्यसको उचित पालना र अनुगमन हुन नसकेकाले जवाफदेहिता सुनिश्चित हुन नसकेको र आयोजनाको समग्र प्रगति उत्साहजनक हुन नसकिरहेको स्थिति देखिन्छ । जोखिमको अनुमान, सोको समयमै पहिचान र उचित व्यवस्थापन हुन सकिरहेको छैन। अतः यी समस्यालाई समाधान गरी आयोजनाको कार्यान्वयनलाई अग्रगति दिन सम्बद्ध आयोजना कार्यान्वयन गर्ने निकायहरूको

ध्यान जानु जरुरी छ । खासगरी राष्ट्रिय गौरवका आयोजना निर्माणमा विद्यमान समस्या हटाउन मुख्यत देहायका बिषयमा धयान दिनु पर्ने देखिन्छः

१. निर्माण सञ्चालन विधि स्पष्ट रेखाङ्कन, स्रोतको प्रबन्ध हुन सक्ने नसक्ने विषयहरूमा राम्रोसँग पहिचान गरेर मात्र राष्ट्रिय गौरवका आयोजना घोषणा गर्ने,

२. साईट क्लियरेन्स, जग्गा प्राप्ति, वातावरण अध्ययन प्रतिवेदन स्वीकृत जस्ता प्रक्रिया पहिले सम्पन्न गरेर मात्र ठेक्का प्रक्रियामा जाने,

३. राष्ट्रिय गौरवका आयोजनाको लागि कार्ययोजना बमोजिम लाग्ने रकम मन्त्रालयहरूले आफ्नो बजेट सीमाबाट छुट्याएर मात्र अन्य आयोजना/कार्यक्रममा बजेट छुट्याउनु पर्ने,

४. आयोजना प्रमुख र आयोजनामा खटिने कर्मचारी व्यवस्थापनका लागि छुट्टै विधि अपनाउने । प्राविधिक जनशक्तिको कमी हुन नदिने । आयोजना प्रमुखको निश्चित अवधि कार्यसम्पादन नहेरी विना कारण  जिम्मेवारी परिवर्तन नगर्ने,

५. जग्गाधनी प्रमाण पूर्जा नभएका तर उपभोग गरिरहेका व्यक्तिहरूलाई क्षतिपूर्ति दिने सम्बन्धमा एकरुपता अपनाउने । जग्गा अधिग्रहणमा विद्यमान मूल्याङ्कनको समस्यालाई वैज्ञानिक विधिबाट समाधान खोज्ने,

६. अन्तर मन्त्रालय/निकाय समन्वयलाई बढावा दिने । निर्माण सामग्रीको सहज उपलब्धताका लागि राष्ट्रिय गौरवको आयोजना सञ्चालन हुने स्थानीय तहसँग प्रभावकारी र नियमित समन्वय हुनुपर्ने ।

## अनुसूची १ आ.व. २०७५/७६ देखि आ.व. २०७८/७९ सम्म राष्ट्रिय गौरवका आयोजनाहरूको वार्षिक भौतिक तथा वित्तीय प्रगति (प्रतिशतमा)

| सि.नं. | आयोजनाको नाम | आ.व. २०७५/७६* | | आ.व. २०७६/७७** | | आ.व. २०७७/७८*** | | आ.व. २०७८/७९**** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| १ | सिक्टा सिँचाइ आयोजना | ८०.७९ | ९३.६ | ७५.८६ | ६९.२७ | ८८.६३ | ६९.२५ | ७५.९३ | ७७.७३ |
| २ | बबई सिँचाइ आयोजना | ४६.४ | ९६.२६ | ६१ | ६०.११ | ८५.०८ | ९५.४४ | ८५.६५ | ९८.४७ |
| ३ | रानीजमरा कूलरिया सिँचाइ आयोजना | ८२.७ | ५१.४ | ५८.८४ | ५७.५९ | ६०.६५ | ५५.१४ | ७२.०० | ६९.१४ |
| ४ | सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना | - | - | ८३.८७ | १०.८५ | ८२.४५ | ६७.७६ | ९८.६७ | ९१.०० |
| ५ | महाकाली सिँचाइ आयोजना | - | - | ९४.५ | ८९.२ | ९७.१५ | ९६.२८ | ९९.३९ | ९४.०२ |
| ६ | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १०० | ९९.०५ | ७६.७४ | ६३.२१ | ८७.९९ | ७६.४३ | ८०.७० | ७२.०६ |
| ७ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ७१.५६ | ९७ | ७१.९ | ७१.५ | १०० | ९८.५ | सम्पन्न | सम्पन्न |
| ८ | बुढीगण्डकी जलविद्युत आयोजना | ९१.५ | ९१.५ | ९४ | ९९.१५ | २१.५४ | २१.५६ | ९७.९६ | ९७.९७ |
| ९ | विद्युतप्रसारण आयोजना | - | - | - | - | ७६ | २७.२७ | १.३८ | १.३८ |
| १० | पश्चिम सेती जलविद्युत आयोजना | - | - | - | - | - | - | - | - |
| ११ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | ९६ | ९१ | ८५ | ४९ | ६.३३ | १३ | १००% | २१.३१ |

| सि.नं. | आयोजनाको नाम | आ.व. २०७५/७६* | | आ.व. २०७६/७७** | | आ.व. २०७७/७८*** | | आ.व. २०७८/७९**** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| १२ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | १०० | ६९ | ६१ | ९६ | ५० | ३१.३४ | ८९.४७ | ५१.४४ |
| १३ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | ९० | ९३.१८ | - | ६ | - | २८.३२ | - | |
| १४ | रेल वे तथा मेट्रो तथा मोनोरेल विकास आयोजना (पूर्व पश्चिम विद्युतीय रेलमार्ग आयोजना) | ७७.६७ | ७१ | ७८ | ७३ | ५७ | ५६.३१ | ५५.०० | ५३.४७ |
| १५ | हुलाकी  लोकमार्ग आयोजना | १०० | ९७.७ | ६५ | ६० | १०० | ९८.६ | १०० | ७२.६२ |
| १६ | पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना | ९७.४ | ९७.४ | ७३ | ७२ | ८२.५८ | ९४.०८ | ६०.२५ | ८२.१४ |
| १७ | उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग आयोजना | १०० | ८७.३९ | ७१ | ७६ | ८५ | ८१.७२ | ९० | ८४.४१ |
| १८ | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग आयोजना | १०० | ९२.४ | ७७ | ७७ | - | - | - | - |
| | *गैंडाकोट -राम्दी -मालढुंगा सडक आयोजना* | | | | | ६९ | ६८.४२ | ४८ | ४७.७ |
| | *वेनि - जोमसोम सडक आयोजना* | | | | | ७६ | ७५.३७ | - | - |
| १९ | उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्ग आयोजना | १०० | १०० | ८५ | ८३ | ६८.२१ | ५६.४८ | ४० | ३७.५६ |

| सि.नं. | आयोजनाको नाम | आ.व. २०७५/७६* | | आ.व. २०७६/७७** | | आ.व. २०७७/७८*** | | आ.व. २०७८/७९**** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| २० | काठमाण्डौ-तराई-मधेश द्रुतमार्ग आयोजना | १०० | ९६.४ | ४३ | ४३ | ९७.७ | ९७.३५ | ९९.८९ | ९९.६१ |
| २१ | मेलम्ची खानेपानी आयोजना | ७४.७ | ४१.३८ | ८३ | ३९ | | | | |
| | प्रथम चरण | | | | | ८५.६४ | ७१.३५ | ६५.३२ | ३४.२१ |
| | दोस्रो चरण | | | | | ९.४५ | ९.७१ | - | - |
| २२ | पशुपति क्षेत्र विकास कोष आयोजना | ८३.७ | ५४.५ | ८४ | ४३ | ८५ | ७० | ७५ | ७०.६९ |
| २३ | लुम्बिनी क्षेत्र विकास कोष आयोजना | १०० | ९९.९ | ९५ | ९४ | ५५ | ५०.७१ | ९९.५८ | ९९.९२ |
| २४ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम | ९५.०७ | ९१.६३ | ९१ | ८५ | ९३.०१ | ८७.९३ | ९०.७५ | ८३.०४ |

**स्रोत :**

* राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा आ.व.२०७५/७६ सम्मको प्रगति ।

** राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा आ.व.२०७६/७७ सम्मको प्रगति ।

*** राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा आ.व.२०७७/७८ सम्मको प्रगति ।

**** सम्बन्धित आयोजनाबाट प्राप्त विवरणको आधारमा तयार पारिएको ।

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं